# परिच्छेद - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विद्यार्थीहरुको मनोवैज्ञानिक तथा संवेगात्मक पक्षलाई ध्यान दिएर संसारमा विभिन्न सिकाइ विधि तथा सिद्धान्तहरु प्रतिपादन भएको कुरा सर्वविदितै छ । सिकाइका सिद्धान्तहरुमा दण्ड र पुरस्कारलाई हरेक मनोवैज्ञानिकहरुले प्रेरणाको रुपमा प्रयोग गर्ने गरेका छन् । सिकाइलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने प्रक्रियाको रुपमा दण्ड र पुरस्कार पनि एक हो । विद्यार्थीहरुलाई अनुशासनमा राख्न, व्यवहार सुधार गर्न तथा नियन्त्रण गर्न शारीरिक रुपमा यातना तथा असर पुग्ने र मनोवैज्ञानिक पक्षमा चोट पुग्ने खालका क्रियाकलाप, दबाव तथा व्यवहारलाई दण्डको रुपमा लिइन्छ । प्रयत्न तथा भूलको सिकाइ सिद्धान्तको मुख्य आधारमध्ये दण्ड र पुरस्कारको भूमिका प्रमुख हो । कुनै पनि सिकाइको लागि दण्डको तुलनामा पुरस्कारको भूमिका बलियो हुन्छ भन्ने आशय हो भन्ने कुरा थर्नडाइकको भनाइमा उल्लेख छ ।

जब वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धति योजना लागू भयो, त्यसैबेला देखि शिक्षण प्रक्रियामा दण्डमुखी भन्दा हौसलामुखी एवम् प्रजातान्त्रिक र पुरस्कृत वातावरणमा शिक्षण गर्नु पर्ने अवधारणा आयो । वि.सं. २०२८ को शिक्षण पद्धति लागू भइसकेपछि शिक्षण सिकाइ क्रियाकलापलाई दण्डमुखी भन्दा पुरस्कारमुखी एवम् प्रजातान्त्रिक बनाउने प्रयासको थालनी भएको भए पन साधन स्रोतको कमी, शिक्षकहरुको पुरानै व्यवहार स्वरुप शिक्षण निरंकुश शैलीमा चल्दै आयो । त्यसलाई फेरि वि.सं. २०४९ सालको राष्ट्रिय शिक्षा आयोगपछि मात्र भएको हो (पौडेल, २०५८) । यस सम्बन्धमा मनोवैज्ञानिकहरु थर्नडाइक, स्किनर, हल, गेस्टाल्ट जस्ता मनोवैज्ञानिकहरुले दण्ड र पुरस्कार दुवैलाई अँगालेको भए पनि पुरस्कारमा जोड दिनुपर्ने कुरा उल्लेख गरेका छन् तर दण्डलाई भने नकारेका छैनन् तर हाम्रो देशको शिक्षा मन्त्रालयले भने दण्डमुखी होइन, हौसलामुखी प्रक्रियामा विद्यार्थीहरुलाई उत्साहित बनाएर शिक्षण गर्नु पर्ने दण्डलाई प्रयोग गर्दा मानव अधिकारको हनन् हुन्छ भनेको भए पनि शिक्षा एक छैटौं संशोधनले दण्डलाई नकारेर पुरस्कारमा जोड दिएको पाइन्छ । जसकोलागि निम्न कुराहरु हेर्न सकिन्छ ।

त्यसैगरी व्यवहारवादी मनोवैज्ञानिक स्किनरको अनुसार विद्यार्थीहरुको नराम्रो व्यवहार र बानीलाई सुधार गर्न दण्ड र पुरस्कार दुवैको प्रयोग गर्न सकिन्छ । दण्डको प्रयोग गरी हटाउन नसकेको व्यवहार तथा बानीहरुलाई पुरस्कारका माध्यमबाट हटाउन सकिन्छ भनी उल्लेख गरेका छन् । John Dewey (1969), को प्रतिवेदनमा उल्लेख भएअनुसार शिक्षकले दण्डमुखी

नभई साथीको रुपमा, सहयोगीको रुपमा मिठोबोली र उत्साहित पार्ने व्यवहार प्रदर्शन गर्नु पर्दछ ।

घिमिरे (२०६६), का अनुसार, “विद्यार्थीहरुको अन्तरइच्छा शक्ति र आवश्यकता मुताविक शिक्षकले शिक्षकले शिक्षण कहिल्यै पनि गर्नु हुँदैन, बरु घनिष्ट मित्रतापूर्ण व्यवहार देखाउनु पर्दछ जसको कारणले गर्दा विद्यार्थीहरुमा हौसला र प्रेरणा मिल्ने गर्दछ ।”

यसरी पुरस्कारले सिकाइमा सकारात्मक प्रभाव पार्दछ भने दण्डले नकारात्मक प्रभाव पार्ने कुरा धेरै मनोवैज्ञानिकहरुको भनाइ छ । सकारात्मक पुरस्कार तथा दण्डले सिकाइलाई क्रियाशील गराएर सिकाइमको गुणात्मकतामा थप गर्दछ भने दण्डले विषयवस्तुमा घृणा ल्याउने गर्दछ । तर कतिपय समय र परिस्थितिमा पुरस्कारले परिवर्तन नल्याएको व्यवहार वा सिकाइ दण्डको माध्यमले परिवर्तन ल्याउने कुरा मनोवैज्ञानिकहरुको दृष्टिकोण रहेको छ । यी दुवैमध्ये कसको बढी भूमिका हुन्छ भन्ने कुरा वास्तविक तथा सही उत्तर हालसम्म पनि प्राप्त भएको स्थिति भने छैन ।

पौडेल (२०६६), लेखमा उल्लेख गरिएको छ – दण्डको प्रयोग गर्नुभन्दा पुरस्कार नै अति उपयोगी, प्रभावकारी हुन्छ किनकि पुरस्कारले व्यक्तिलाई सन्तोष प्रदान गर्ने गर्छ तथा दण्डले भने असन्तोष प्रदान गर्ने वा पैदा गर्छ । पुरस्कारले विद्यार्थीहरुलाई निरन्तर लागेको कार्यमा लागिरहन थप हौसला गर्छ भने दण्डले सिकाइको नकारात्मक कार्यलाई कम गरी साँचो तथा उत्तम कार्यको निर्माणमा सिकाइमा सुदृढ व्यवहार तथा परिवर्तन गर्न सकिन्छ । व्यवहारवादीहरुका अनुसार दण्डबाट विद्यार्थीको शारीरिक, मनोवैज्ञानिक, संवेगात्मक तथा सामाजिक पक्षमा ठूलो असर देखापर्दछ भने पुरस्कारबाट विद्यार्थीहरुमा हौसला हुने मेहनत गर्नुपर्दछ भन्ने भावनाको विकास हुने गर्दछ । त्यसकारण दण्डलाई निरुत्साहित गरी पुरस्कार हौसलामुखी प्रजातान्त्रिक तथा उत्साहित माध्यमबाट सिकाइ क्रियाकलापलाई विद्यार्थीको चाहना, आवश्यकता आकांक्षालाई उजागर गरी प्रोत्साहनको भावना पैदा गर्नु उत्तम मानिन्छ भनी उल्लेख गरेका छन् ।

नेपालको अन्तरिम संविधान (२०६३) र बालबालिकाको हरेक पक्षमा वकालत गर्ने, बाल संस्थाहरु र बालअधिकारको उल्लेख गरेका छन् । कुनै पनि ठाउँको बालबालिकामा हुने शारीरिक तथा मनोवैज्ञानिक दण्ड गम्भीर विषय हो जो बालबालिकाहरु दण्ड र दुर्व्यवहारका सिकार बनेका छन् । शिक्षकले विद्यार्थीहरुलाई अनुशासनमुखी बनाउन दण्ड दिने हो भने उनीहरुको बानीव्यवहार राम्रो हुन्छ, अध्ययनमा सुधार हुन्छ भन्ने भ्रमपूर्ण मान्यताको कारणले विद्यार्थीहरु शिक्षक शिक्षिकाबाट दण्डको भागी बन्नु परेको छ भन्ने कुरा उल्लेख गरिएको छ तर पठनपाठन कार्यमा शिक्षक मुख्य जिम्मेवार व्यक्ति भएकोले अध्ययनको क्रममा हरेक वैकल्पिक प्रयासका

माध्यमले विद्यार्थीहरुको शारीरिक, मानसिक तथा संवेगात्मक पक्षलाई मध्यनजर गर्दै राम्रो वातावरणको सृजना गरी तथा पुरस्कारमुखी उत्साहित सम्वलनको माध्यमले अध्ययन गर्नुपर्ने आजको आवश्यकता रहेको छ कुरा पनि उल्लेख छ ।

अनिता उलफकले उद्धृत गरेअनुसार, स्किनर (१९३१), मा शिक्षणको क्रममा सिकाइलाई प्रभावकारी बनाउने माध्यम, शक्ति वा तत्वका रुपमा पुनर्वललाई लिइन्छ । पुनर्वल तथा पुरस्कारले व्यक्तिको सिकाइलाई प्रेरित गर्ने गर्छ सिकाइको मात्रा बढाउँदछ, नकारात्मक व्यवहारलाई हटाएर सकारात्मक व्यवहारलाई बढाउने हुनाले व्यक्तिको व्यवहार नै परिवर्तन हुन्छ । पुनर्वल विद्यार्थीको लागि ठूलो सहयोग पुग्ने कुरा हो । तर कक्षाकोठामा तत्काल पुनर्वल, लगातार पुनर्वल, मात्रात्मक पुनर्वल र संख्यात्मक पुनर्वल सबैको प्रयोगले व्यक्तिलाई प्रगतिउन्मुख बनाउँदछ । पुनर्वलले विद्यार्थीहरुले गरिरहेको कार्यलाई गल्ती नगरी सुधार गर्दै थप हौसलास्वरुप प्रदान गरिने तथा गरिरहेको गल्तीको मात्रालाई घटाएर अन्तमा सुधारको पक्षमा पुऱ्याउने भएकोले यसको प्रयोग गर्नु पर्दछ ।

सञ्चार माध्यमहरुले हाल नेपालका धेरै विद्यालयमा गरिएको दण्डको प्रयोगलाई नकारात्मक हो भन्दै यसको प्रयोग गर्ने शिक्षकलाई विभागीय कारवाही गर्ने माग अभिभावकको भएको र दण्ड अनुचित कार्य हो, यसले विद्यार्थीहरुमा नकारात्मक सोचतिर लिन्छ र उनीहरुको भविष्य अन्धकारमय हुन्छ । यसको सट्ट पुरस्कार हौसलालाई जोड दिनु पर्ने कुरा औँल्याएको पाइन्छ । फेरि पुरस्कारले नकारात्मक गर्ने गरेका घटनाहरु कम पाइन्छन् र यसले विद्यार्थीहरुमा खासै असर पार्दैन भने दण्डले कुनै कुनै विद्यार्थीहरुमा सकारात्मक सुधार ल्याए पनि अधिकांश विद्यार्थीहरुमा नकारात्मकतिर धकेल्दछ ।

अन्तमा पुनर्वलको सहयोग स्वरुप पुरस्कार पाउने भएकोले यिनीहरु दुवैको प्रयोग गरी वर्तमान अवस्थामा हरेक विद्यालय तहमा दण्ड, पुरस्कार तथा पुनर्वल तीनवटैको प्रयोग गर्ने वा नगर्ने कुरालाई हेर्नु पर्ने भएकोले अध्ययन गर्नु जरुरी रहेको छ । वर्तमान अवस्थामा हाम्रो देशको विद्यालयहरुको कुरा गर्ने हो भने शान्ति वा विद्याको मन्दिर मानिने विद्यालय तहमा निजी विद्यालयमा दण्डको धेरै प्रयोग गर्ने, सामुदायिक विद्यालयमा पुरस्कारको प्रयोग बढी गर्ने तर पुनर्वलचाहिँ निजी र सामुदायिक विद्यालयमा दिने गरिन्छ । संस्थागत विद्यालयमा विद्यार्थीहरुलाई यातना दिएर अंगभंग हुने गरेको, बेहोस हुने गरेको खबरहरु तजारुपमा आए पनि विद्यार्थीहरु पुरस्कृत हुने खबरहरु भरपुर मात्रामा सुनिन्छन् ।

झोलामा कापी कलम बोकेर विद्यालयको रमाइलो वातावरणमा हुर्कनु, खेल्नु, रमाउनु पर्ने केटाकेटीहरु जंगलमा घाँस दाउरा, धारा पँधेरा, ग्वाला, खेतीपाती, श्रम, भरिया इत्यादिहरुमा बाल्यकाल बिताउन बाध्य भएका छन् । उनीहरुमा आफ्नै किसिमको दुःख, व्यथा रहेको छ ।

तिनीहरुको तुलनामा विद्यालयमा पढ्न पाएका विद्यार्थीहरु निश्चय रुपमा भाग्यमानी छन् । तर पनि अध्ययन गर्न पाएका विद्यार्थीहरु स्वतन्त्र रुपमा होइन मानसिक दबावको कारण अनुशासनको नाममा दण्डित भएका छन् भने कतिपय विद्यार्थीहरु पुरस्कृत हुने गरेका छन् । एउटै विद्यालयमा फरक किन ? विद्यालयमा दण्ड दिने पुरानै संस्कार तथा पुरस्कृत गर्ने वर्तमान संस्कार किन फैलिन सकेन भन्ने कुराको खोजी गर्नु आवश्यक छ । भनिन्छ दण्डका घटनाहरुमध्ये काठमाडौँको जोरपाटी स्थित हाइस्कुलमा एउटा विद्यार्थीलाई शिक्षकले निर्मम तरिकाले कुटपिट गरी होस्टेलमा बन्धक बनाएर मानव अधिकारवादीहरुले छुटाए (राजधानी दैनिक, २०६५ पौष १७), सुर्खेतमा आफ्नै बाबु र शिक्षकले दण्ड दिँदा विद्यार्थीले भेरी नदीमा हामफाली आत्महत्या गऱ्यो (कान्तिपुर, २०६६, वैशाख १४ गते), कपनको एउटा संस्थागत विद्यालयमा प्रिन्सिपलको कुटाइबाट बालक सख्त घाइते भई हस्पिटल भर्ना (कान्तिपुर २०६६, असार २७ गते), नेपालगञ्जको एउटा संस्थागत विद्यालयमा शिक्षकको यातनास्वरुप विद्यार्थी बेपत्ता (गोरखापत्र, २०६६, भाद्र १४), काठमाडौँ सितापाइलाको एक बोर्डिङ्गमा शिक्षिकाको चरम यातनापछि विद्यार्थी ४ घण्टासम्म बेहोस् (कान्तिपुर, २०६५, जेष्ठ ५) आदिजस्ता घटनाहरु समाचारका रुपमा उदाहरणीय बनेका छन् । बारा जिल्लाको कलैया गा.वि.स. मा शान्ति निकेतन विद्यालयको कक्षा ५ मा अध्ययनरत विद्यार्थी विजयकुमार साहलाई शिक्षकको कुटाइबाट टाउको फुटेर बेहोस् भएकोमा अभिभावकले विरोध गरिएको घटना (९० एफ.एम, २०६७, फागुन १० गते) ।

पुरस्कारको कुरा गर्नुपर्दा जेहेन्दार विद्यार्थी भनी कोहलपुर स्थित एउटा विद्यालयमा कक्षा ६ देखि एस.एल.सी. सम्म निःशुल्क पढाएकोले उक्त विद्यार्थीले एस.एल.सी. मा मध्यपश्चिम प्रथम भएको, त्यस्तैगरी कक्षा एकदेखि नै पुरस्कृत गरेकोले कोहलपुरको एक बोर्डिङ्गले एस.एल.सी. २०६६ मा नेपालभरि दशौँ स्थान प्राप्त गरेको (साप्ताहिक २०६७, असार ७ गते), त्यसैगरी हरेक विद्यालयमा प्रथम, द्वितीय, तृतीय हुनेलाई पुरस्कृत गर्ने गरिन्छ । यसरी एउटै विद्यालयभित्र कसैलाई दण्ड र कसैलाई पुरस्कार किन दिने गरिन्छ ? त्यसकारण वर्तमान अवस्थामा “निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था” सम्बन्धी नियाल्न काम गरिएको थियो ।

## १.२ समस्याको कथन

वास्तवमा हाम्रो देशको शिक्षा नीतिमा कुनै पनि व्यक्ति शिक्षाबाट वञ्चित नहोस् भन्ने मनसायले बनाइएको छ तर झोलामा कापी कलम बोकेर विद्यालयको रमाइलो वातावरणमा हुर्कनु, खेल्नु, रमाउनु पर्ने केटाकेटी जङ्गल घाँस, दाउरा, धारा, पधैँरा,खोला, खेतीपाती, श्रम, भरिया इत्यादिमा बाल्यकाल बिताउन बाध्य भएका छन् । उनीहरुमा रहेको यो दुःख व्यथा हो । तर तिनीहरुको सामु विद्यालय जाने बालबालिकाहरु निश्चित रुपमा भाग्यमानी हुन् । तर

विद्यालयमा अध्ययन गर्न जाने विद्यार्थीहरु आफूले बोक्न नसक्ने वा शरीरमा धान्न नसक्ने झोलाहरु लिएर विद्यालय जान्छन् । विद्यालयमा स्वतन्त्र रुपमा पढ्न पाउने गरेका छैनन्, सिक्न पाउने गरेका छैनन् । विद्यालय एउटा सरस्वतीको मन्दिर हो जहाँबाट हरेक नेपालीका छोराछोरीले स्वतन्त्र रुपमा पढ्न पाउनु पर्दछ । विद्यालयमा प्रधानाध्यापक, शिक्षकहरुले विद्यार्थीहरुलाई अनेक तरहको शारीरिक तथा मानसिक दण्ड दिने गर्दछन् । त्यही दण्डको कारण कतिपय विद्यार्थीहरु विद्यालय आए पनि कक्षाबाट भाग्ने गरेको पाइन्छ भने कतिपय विद्यार्थीहरुले पढ्न नै छोड्ने स्थिति छ । उता कतिपय विद्यार्थीहरु दण्डलाई प्रतिशोधको भावना जगाएर प्रधानाध्यापक र शिक्षकहरुलाई आक्रमण गर्ने दण्डकै कारण कतिपय विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावकको सम्बन्धमा द्वन्द्व सिर्जना भएर विद्यालय सञ्चालन गर्ने गरेका, अभिभावकले आन्दोलन गरेका, अभिभावकहरुले विद्यालयमा प्रधानाध्यापक र शिक्षकलाई घेर्ने गरेका खबरहरु दिनप्रतिदिन आइरहेका छन् भने पुरस्कार दिने भन्दैमा विद्यार्थीहरुलाई हौसलामुखी दिएर फकाएको जस्तो त्यो पनि खाली पढाइमा जेहेन्दार, उत्कृष्ट तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुनेलाई मात्र दिने गरिन्छ । तर विद्यार्थीहरुलाई उत्साहित बनाउने किसिमको व्यवहारहरु विद्यालयमा प्रधानाध्यापक र शिक्षकहरुबाट गर्ने गरेको पाइँदैन । खाली विद्यालयमा गएर राजनीति गर्ने, समयमा विद्यालय नआउने, आफ्नो कतृव्य बिर्सने जस्ता कार्यले विद्यार्थीहरु अति दण्डित हुने गरेको पाइन्छ । हो यसरी दण्डलाई नअपनाएर बालमैत्री तथा मनोवैज्ञानिक वातावरणमा शिक्षण गर्ने सरकारी नीतिनियम, निर्देशिका तथा शिक्षाको छैटौं संशोधन उल्लेख गर्दा पनि हालसम्म कार्यान्वयन हुन नसक्दा विद्यार्थीहरु बढी दण्डित र कम पुरस्कृत हुने गरेको पाइन्छ । यसरी हुँदै जाने हो भने केही समयपछि विद्यालयमा दिइने शारीरिक र मानसिक दण्डको कारण विद्यार्थीहरु विद्यालय पढ्न छाड्ने र विद्यालय शून्य देखिन्छ । त्यस्तो अवस्था आएपछि भोलि प्रधानाध्यापक, शिक्षक, विद्यार्थी सबैको भविष्य के होला ? फेरि प्रधानाध्यापक, शिक्षक तथा अभिभावक बीचको सम्बन्ध टाढा हुँदै जाने हो भने विद्यालय सञ्चालन गर्न सकिन्छ कि सकिँदैन ? प्रश्न चिन्ह खडा हुन्छ र वर्तमान अवस्थामा विद्यालयमा दिइने पुरस्कारलाई पनि त्यही कायम राख्ने हो भने पनि विद्यार्थीहरु र अभिभावक विद्यालयप्रति वितृष्णा उत्पन्न हुन्छ । हो यी यादव कुराले भोलि गाउँ, शहर, जिल्ला क्षेत्र हुँदै राष्ट्रमा नै ठूलो समस्या देखा पर्दछ । यसले विद्यार्थीहरुलाई अनुशासित बनाउने नाममा, बानीबेहोरा सुधार गर्ने नामा, अध्ययनशील बनाउने नाममा दण्ड र पुरस्कार दिएर विद्यार्थी–विद्यार्थीबीच फरक गर्दा भोलि विद्यालयलाई नै ठूलो समस्या देखापर्दछ । शिक्षण पेशा भोलिका दिनमा चुनौती पूर्ण हुन्छ । विद्यालयमा गम्भीर समस्याहरु र चुनौतीहरु खडा हुन्छन् भन्ने जस्ता कुरालाई मध्यनजर गरी यस्ता समस्याहरुको केही अंश मात्र भए पनि खोजी गर्दा भोलिका दिनमा विद्यालयमा प्रशासन चलाउने प्रधानाध्यापक, शिक्षण गर्ने शिक्षक, अध्ययन गर्ने विद्यार्थी तथा विद्यालय सञ्चालनमा

सहयोग पुऱ्याउने अभिभावकबीच आइपर्ने समस्याको खोजी गर्न "निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था" शीर्षकलाई समस्याको रुपमा लिइएको थियो ।

## १.३ अनुसन्धान प्रश्नहरु

कुनै पनि अनुसन्धान, खोज गर्नु भन्दा पहिला सम्बन्धित शीर्षकमा के–कस्ता समस्याहरु देखिएको छ । उक्त समस्याले भविष्यमा के कस्तो रुप लिन सक्दछ ? भन्ने कुराको अनुसन्धानको खोजी गर्नु भएकोले सम्बन्धित क्षेत्रमा देखिएको समस्याको खोजीको लागि निम्न अनुसन्धान प्रश्नहरु राखिएको थियो –

क) निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको व्यवस्था के कस्तो छ ?

ख) विद्यालयमा दण्ड र पुरुस्कार कस्तो–कस्तो अवस्थामा दिने गरिन्छ ?

ग) विद्यालयमा दिइने दण्ड र पुरस्कार सम्बन्धी सरोकारवालाको धारणा के–कस्तो छ ?

घ) विद्यालयमा कस्तो कस्तो प्रकारको दण्ड र पुरस्कार दिने गरिन्छ ?

ङ) विद्यालयमा दण्ड र पुरस्कार किन दिने गरिन्छ ?

च) दण्ड र पुरस्कारले विद्यार्थीहरुमा कस्तो–कस्तो प्रभाव पारेको छ ?

## १.४ अध्ययनको उद्देश्य

वर्तमान अवस्थामा विद्यालयमा दिइने हरेक किसिमका दण्ड र पुरस्कारले ठाउँ पाएको अवस्था अनुसार दण्ड र पुरस्कारको भूमिका के कस्तो हुन्छ र यिनीहरु दुवैको अवस्थालाई पत्ता लगाउने लक्ष्यका साथ गरिएका यो अध्ययनको उद्देश्यहरु निम्न अनुसार राखिएको थियो :

क) निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था पहिचान गर्नु ।

ख) विद्यालयमा दण्ड र पुरस्कारले शिक्षण सिकाइमा ल्याएको परिवर्तन (सकारात्मक तथा नकारात्मक) पत्ता लगाउनु ।

ग) दण्ड र पुरस्कार सम्बन्धमा सरोकारवालाहरुको धारणा पत्ता लगाउनु ।

## १.५ अध्ययनको औचित्य

वर्तमान समयमा दण्ड र पुरस्कारले गर्दा शिक्षक–विद्यार्थी, विद्यालय–अभिभावक, शिक्षक–अभिभावक बीच सम्बन्धमा प्रभाव पार्दै आइरहेको छ । जसले गर्दा विद्यालय र समुदायबीच सरसहयोगमा असर परी दण्ड र पुरस्कारले विद्यार्थीमा सिकाइप्रतिको रुचिमा कमी आई विद्यालयप्रति केही मात्रामा सकारात्मक भए पनि बढी मात्रामा नकारात्मक दृष्टिकोण

परेको छ । यस्तो अवस्था सिर्जना भए भविष्यमा विद्यालयभित्र विद्यार्थीले अध्ययन गर्न छोड्ने डर हुने देखिन्छ । मनोवैज्ञानिक एवम् पुरस्कार र प्रोत्साहनमुखी शिक्षाप्रणालीको प्रादुर्भाव भएको समयमा हाम्रो देशका विद्यालयहरुमा परम्परागत प्रवृत्तिबाट शिक्षण हुने हुँदा विद्यार्थीलाई दण्डको निकै प्रयोग र पुरस्कारको कम प्रयोग हुने गरेको पाइन्छ । यसले विद्यार्थीको सिकाइमा अप्ठ्यारो सृजना गर्दछ । त्यसैले गर्दा दण्डको प्रयोगमा कमी र पुरस्कारको प्रयोगमा बढी ल्याउन विद्यार्थीहरुलाई सिर्जनशील, मनोवैज्ञानिक वातावरण तथा बालमैत्रीपूर्ण वातावरणका साथ माया ममता र स्नेहमा अध्ययन गर्नु चुनौतीपूर्ण देखिन्छ । दण्ड र पुरस्कार विद्यालयमा के कस्तो हालतमा छ भन्ने कुरा उल्लेख गर्नुपर्दा वास्तवमा नेपालका संस्थागत होस् वा सामुदायिक कुनै पनि विलयमा दण्डले नराम्रो जरा गाडेको छ । हरेक दिन विद्यार्थीहरु शिक्षकबाट दण्डित हुने गरेका छन्, शिक्षकहरु आफ्नो विषयवस्तु तयारी नै नगर्ने, विद्यालय समयमा नआउने, राजनीति बढी गर्ने भएको हुँदा विद्यार्थीहरुलाई नियन्त्रण, शान्त र अनुशासित राख्न दण्ड दिने गरेको पाइन्छ भने पुरस्कार विद्यालयले मात्र उत्कृष्ट हुनेलाई दिने तर अरुलाई नदिने अवस्था तथा सम्वलन, हौसला जस्ता कुराहरु भने कमै मात्र प्रयोग गर्ने कुरा सुनिन्छ । त्यसकारण यस्तो भएमा भविष्यमा नेपालका हरेक विद्यालयहरु विद्यार्थीहरु पढ्न छोड्ने भएकोले शिक्षा व्यवस्था मै आँच आएर भोलिका दिनमा विद्यालय खाली हुने त होइन ? यसले विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकबीचको सम्बन्ध टाढा बनाएर भविष्य अन्धकारमय बनाउने भएकोले कुन प्रकारको दण्ड दिने ? कुन प्रकारको पुरस्कार दिने, कस्तो अवस्थामा दिने, विद्यालयमा शिक्षकहरुले कस्तो दण्ड दिन्छन् ? तर पुरस्कार किन दिँदैनन् ? यसबाट विद्यार्थीको शिक्षण सिकाइमा के कस्तो असर गर्ने गरेको छ ? यी माथिका प्रश्नको खोजी गरी त्यसको निराकरण गर्ने उपाय के हुन्छ भन्ने कुराको खोजीबाट विद्यालयमा अध्यापन गर्ने शिक्षक, आफ्ना छोराछोरीलाई विद्यालय पढाउने अभिभावक, विद्यालयहरु, सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरु, सम्बन्धित पाठ्यक्रम निर्माता, शिक्षाविद्, मनोवैज्ञानिक र सम्बन्धित सरोकारवाला तथा भविष्यमा यस शीर्षकसम्बन्धी थप अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति, संघसंस्था तथा सरकारी कार्यालयका लागि केही सहयोग पुग्नेछ । जसमा खासगरी दण्ड र पुरस्कारको अवस्थाको प्रयोग गर्ने प्रत्यक्ष जिम्मेवार शिक्षक भएकोले दण्डमुखी शिक्षण विधि नअपनाएर सम्वलनको माध्यमले पुरस्कारमुखी मनोवैज्ञानिक प्रणालीबाट नै शिक्षण गराउनु उपयुक्त हुन्छ । बिना दण्ड सम्वलन तथा पुरस्कारमुखी वातावरण अपनाएर सही शिक्षण गरी दण्डबाट उत्पन्न समस्यालाई न्यून गर्ने र पुरस्कारबाट हुने उपलब्धिलाई प्रोत्साहन गर्न सहयोग गर्ने छ, साथै दण्ड र पुरस्कारबाट सरोकारवालाको धारणा पत्ता लगाएर भविष्यमा यसको महत्व पुग्ने सबैलाई सहयोग गर्ने हुनाले यो अध्ययन महत्वपूर्ण ठानिएको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

कुनै पनि अध्ययन गर्नलाई जथाभावी रुपमा अध्ययनको खोजी गर्न समस्या हुने भएकोले यसको पनि आधार तयार गरी उक्त आधारअनुसार अध्ययन गर्न सजिलो बनाउन आवश्यक पर्ने स्रोत, साधन, समय र परिस्थितिलाई ध्यानमा राखी निम्नलिखित सीमालाई निर्धारण गरिएको थियो :

क) यस अध्ययनलाई बाँके जिल्ला कोहलपुर नगरोन्मुख गा.वि.स. वडा नं. ४ का २ वटा सामुदायिक तथा २ वटा संस्थागत निम्न माध्यामिक विद्यालयहरुमा जम्मा ४ वटा विद्यालय मात्र सीमित गरिएको थियो ।

ख) दण्ड र पुरस्कारको प्रयोग के कस्तो अवस्थामा गरिन्छ ? किन गरिन्छ ? यस सम्बन्धी विद्यालयमा के कस्तो व्यवस्था छ ? यसबाट विद्यार्थीहरमा के के प्रभाव पारेको छ ? र दण्ड र पुरस्कार सम्बन्धी सरोकारवालाको प्रतिक्रिया के छ भन्ने कुरा हेर्नलाई मात्र शीर्षकको उद्देश्यमा सीमित गरिएको छ ।

ग) अध्ययनमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, तथा अभिभावकहरु मात्र सीमित गरिएको थियो ।

घ) अध्ययनमा अन्तर्वार्ता प्रश्नावली, कक्षा शिक्षण अवलोकन, प्रश्नावली, विद्यार्थीको रेकर्ड, विशेषगरी दण्ड र पुरस्कार पाएका विद्यार्थीको घटना अध्ययन जस्ता अध्ययन विधिमा मात्र प्रयोग गरिएको थियो ।

## १.७ विशेष शब्दावलीको परिभाषा

दण्ड = कक्षाकोठामा विद्यालयको हाताभित्र शिक्षकद्धारा शारीरिक तथा मानसिक रुपमा दिइने यातना ।

पुरस्कार = कुनै पनि विद्यार्थीहरुले काम गरेवापत दिइने हौसला वा उत्प्रेरणा तथा कमजोर विद्यार्थीहरुको स्तरलाई वृद्धि गर्न प्रदान गरिने आर्थिक, भौतिक तथा शाब्दिक प्रतिक्रिया ।

सम्बन्धित क्षेत्र = अध्ययन गरिने ठाउँ वा अनुसन्धान गर्नलाई तोकिएको ठाउँ ।

सरोकारवाला = विद्यार्थी, शिक्षक, प्रधानाध्यापक तथा अभिभावक लगायत शीर्षकसम्बन्धी चासो राख्ने व्यक्तिलाई सरोकारवाला भनिएको छ ।

प्रभाव = दण्ड र पुरस्कारले विद्यार्थीको दैनिक उपस्थिति, शिक्षक विद्यार्थी सम्बन्ध, विद्यार्थी–विद्यार्थी सम्बन्ध, विद्यार्थीहरुको उपलब्धि, शिक्षण सिकाइमा रुचिलाई प्रभाव भनिन्छ ।

निम्न माध्यमिक विद्यालय = विद्यालय भन्नाले सरकारको वर्तमान अवधारणा अनुसार कक्षा १ देखि ८ सम्म प्राथमिक तह भएपनि यस अध्ययनमा कक्षा ६, ७ र ८ लाई निम्न माध्यामिक तह भनिन्छ ।

## १.८ अध्ययन क्षेत्रको पृष्ठभूमि

नेपालको वर्तमान अवस्थामा १४ अञ्चल ७५ जिल्लामध्ये एक भेरी अञ्चल बाँके जिल्ला पनि हो । बाँके जिल्लामा रहेका ४३ वटा गा.वि.स. मध्ये कोहलपुर गा.वि.स. नेपालगञ्ज नगरपालिका पछिको नगरउन्मुख गा.वि.स. हो । यो गा.वि.स. नगरपालिका हुने आधारहरु पूरा गरेको आजभन्दा ५/७ वर्ष अगाडि हो तर देशकाल परिस्थिति स्वरुप नगरपालिका हुन बाँकी रहेको छ । उक्त गा.वि.स. को पूर्वमा महादेवपुरी गा.वि.स., पश्चिममा रझेना गा.वि.स., उत्तरमा सल्यान जिल्लाको सिमाना, दक्षिणमा शम्शेरगंज गा.वि.स. रहेका छन् । यस गा.वि.स. भित्र सबैभन्दा बढी आदिवासी जनजाति थारुहरुको बाहुल्यता छ १० वर्षे सशक्त द्वन्द्वको कारण नेपालका पहाडी जिल्ला रुकुम, सल्यान, जाजरकोट, रोल्पा लगायत अन्य जिल्लाहरुबाट बसाइसराइँ गरी आएका छन् । उक्त ठाउँमा ब्राह्मण, क्षेत्री, दलित लगायतका थुप्रै जातजातिहरुको बस्ती रहेको पाइन्छ । उक्त क्षेत्रमा हरेक किसिमका व्यक्तिको बसोबास गर्ने गरेका छन् । उक्त ठाउँको पेशाको कुरा गर्नुपर्दा बढी कृषि, व्यापार, नोकरी, व्यवसाय लगायतका पेशाहरु गर्ने व्यक्ति रहेका छन् । उक्त ठाउँमा मासिक १५०० देखि लाखौंको आम्दानी गर्ने व्यक्तिहरु छन् । तर वर्तमान समयमा राजनैतिक द्वन्द्वको कारण हरेक क्षेत्रमा नराम्रो असर परेको छ ।

कोहलपुर गा.वि.स. मा नेपालकै ठूलो मेडिकल कलेज कोहलपुर मेडिकल कलेज तथा शिक्षण अस्पताल छ । भेरी शीतभण्डार, कोहलपुर खानेपानी तथा सरसफाइ आयोजनाहरु पनि रहेका छन् । उक्त क्षेत्रमा शिक्षाको कुरा गर्नु पर्दा वागेश्वरी बहुमुखी पब्लिक क्याम्पस, जो +२ देखि डिग्रीसम्म पढाइ हुन्छ, डाइनामिक कलेज वागेश्वरी एकेडेमी कलेज लगायत ५ वटा शिक्षाशास्त्र सङ्कायका कलेजहरु ३ वटा, बी.बी.एस. कलेज तथा १ वटा विज्ञान संकायको कलेज छ । जहाँ हरेक सामुदायिक मा.वि. हरु +२ मा परिणत भइसकेका छन् भने संस्थागत मा.वि. हरु कुनै +२ मा परिणत भए पनि कुनै चाहिँ मा.वि. मै रहेका छन् । उक्त क्षेत्रमा अन्तर्राष्ट्रिय क्रिकेट मैदान लगायत ३ वटा नर्सिङ्ग कलेज पनि रहेका छन् । शिक्षाको क्षेत्रमा बाँके जिल्लाको दोस्रो शिक्षित ठाउँ कोहलपुर हो तर पनि त्यहाँका संस्थागत तथा सामुदायिक विद्यालयहरुमा दण्ड र पुरस्कार के कस्तो छ ? शिक्षाको अवस्था कस्तो छ ? भन्ने कुरा विगतदेखि वर्तमानसम्मको हरेक पत्रपत्रिका अध्ययन गर्ने हो भने निजी वा संस्थागत विद्यालयमा अनुशासनको नाममा विद्यार्थीलाई शारीरिक दण्ड अत्यधिक प्रयोग गर्ने गरिन्छ भन्ने सुनिन्छ भने मानसिक दण्डको पनि प्रयोग गरिएको भन्ने सुन्नमा आएको छ । उता राम्रो अनुशासनमा रहेर

शिक्षकले सिकाएका हरेक कामहरु गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गर्ने गरिन्छ भनेर पत्रपत्रिकामा पढ्न पाइन्छ । पुरस्कारको नाममा निःशुल्क जेहेन्दार विद्यार्थीलाई पढाउने गरिन्छ पनि भन्ने सुनिन्छ । तर संस्थागत विद्यालयमा विद्यार्थीहरुलाई प्राथमिक होस् वा सहायक होस् पुनर्वल भने दिने गरिएको छ भनेर सञ्चार माध्यममा आउने गरेको छ । तर विद्यालयहरुमा दण्ड र पुरस्कार सम्बन्धी धेरै चर्चा छ किनकि दण्डबाट विद्यार्थीहरु सुधिनुको सट्टा झन् कमजोर बन्दै गएको कुनै कुनैमा सुधार आए पनि धेरै जसो भने उस्तै झन् खस्किँदो अवस्थामा छन् तर पुरस्कार र सम्वलनबाट भने विद्यार्थीहरुमा हौसला जागेर धेरै पक्षमा सुधार भएको परिस्थिति रहेको छ । त्यसमा अध्ययन क्षेत्रका विद्यालयहरु पनि पर्दछन् ।

यसरी वर्तमान समयमा विद्यालय जस्तो पवित्र संस्थामा दण्ड, पुरस्कार, सम्वलनको प्रयोग किन, कसरी र कस्तो अवस्थामा गरिरहेका छन् भन्ने कुराको जानकारी हरेक दृष्टिकोणबाट केलाउन उक्त कोहलपुर गा.वि.स. भित्रका विद्यालयहरु संस्थागत तथा सामुदायिक लिएर अध्ययन गरिएको थियो ।

# परिच्छेद - दुई
# पूर्व साहित्यको समीक्षा

यस अध्ययनको सम्बन्धित साहित्यको समीक्षा दुईवटा शीर्षक क्रमशः सैद्धान्तिक समीक्षा र सम्बन्धित अध्ययनको पुनरावलोकनलाई निम्नानुसार उल्लेख गरिएको छ :

## २.१ सम्बन्धित पूर्व साहित्यको सैद्धान्तिक समीक्षा

यस अध्ययनको लागि सैद्धान्तिक समीक्षा अन्तर्गत व्यवहारवादी मनोवैज्ञानिक वि.एफ. स्किनरको सिद्धान्त, इ.एल. थर्नडाइकको सिद्धान्तलाई जोड्ने प्रयास गरिएको छ, जसमा दण्ड र पुरस्कारलाई यसरी परिभाषित गरिन्छ :

**दण्ड**

दण्ड भनेको विद्यालयको हाताभित्र शिक्षकद्वारा, प्रधानाध्यापक र घरमा अभिभावकबाट कुनै पनि व्यक्तिलाई शारीरिक तथा मानसिक रुपमा दिइने यातना दण्ड हो । दण्ड त्यस्तो उत्तेजना हो जसले चाहिँदो प्रतिक्रियालाई जहिले पनि दबाइ राखेको हुन्छ भने यसले नकारात्मक प्रतिक्रियालाई घटाउने प्रयत्न गर्दछ । यदि प्राणीले नमानेका कुराहरु छन् वा स्वीकार नगर्ने अवस्था छ भने त्यसको सुधारको लागि गरिने शारीरिक तथा मानसिक यातना नै दण्ड हो । (शर्मा, २०५६)

विद्यार्थीहरुलाई अनुशासित बनाउने, व्यक्तिलाई नियन्त्रित देखाउने, विद्यार्थीहरुको कमी कमजोरीलाई सुधार गर्न, कुनै पनि कुराको संवेग पोख्न व्यक्तिहरुप्रति आफ्नो प्रभुत्व जोगाउने र अन्य असफलताको रिस पोख्ने लगायतको शारीरिक तथा मानसिक यातना नै दण्ड हो (सेभ द चिल्ड्रेन, २००७) । यस्ता दण्डहरु शारीरिक तथा मानसिक दुवै हुने गर्दछन् । शारीरिक दण्ड प्रत्यक्ष देखिने, सुनिने भए पनि मानसिक दण्ड भने देखिँदैन ।

**पुरस्कार**

कुनै पनि व्यक्ति वा विद्यार्थीहरुले राम्रो काम र असल काम गरेवापत् उसलाई झन् हौसला प्रदान गर्न वा उत्प्रेरणा जगाउन तथा कमजोर विद्यार्थीहरुको स्तर वृद्धि गर्न प्रदान गरिने वस्तु नै पुरस्कार हो ।

पुरस्कार भन्नाले त्यस्तो उद्दीपकलाई जनाउादछ जसले कुनै पनि व्यक्तिको प्रतिक्रिया दिने सम्भावनाहरुलाई बढाउादछ । पुरस्कार एउटा यस्तो तत्व हो जुन प्राप्त भएमा प्राणीले

आफ्नो व्यवहारलाई जारी राख्ने र दोहोऱ्याउने काम गर्दछ, यो एक यस्तो साधन हो जसले सिकारुलाई सिकाइ सिक्न प्रोत्साहन तथा सिकाइको मात्रा बढाउँदछ । विद्यार्थीहरुप्रति भइरहने शारीरिक एवम् मानसिक रुपमा उत्साह बढाउने गरी व्यक्ति, अभिभावक, विद्यालय तथा संघसंस्थाद्वारा प्रदान गरिने आर्थिक, भौतिक वस्तु नै पुरस्कार हो । यसले स्वनियन्त्रित प्रक्रियामा महत्व राख्दछ भने यसलाई शाब्दिक रुपमा पनि प्रदान गरिन्छ । (T.P, Dececco, 1997)

पुरस्कार भन्नाले कुनै पनि व्यक्तिले गरेको राम्रो काम, प्रयास जस्ता क्रियाकलापलाई प्रोत्साहन गरी प्रदान गरिने आर्थिक, भौतिक तथा शाब्दिक रुपमा गर्ने प्रशंसा, खुशी प्रकट नै पुरस्कार हो । (सिविन नेपाल, डिसेम्बर २००९)

प्रभावकारी शिक्षण सिकाइले सकारात्मक व्यवहारको निर्धारण विविधता पत्ता लगाएर ठीक व्यवहारका लागि ठीक हौसला प्रदान गरी उचित सिकाइ वातावरण्को सिर्जना, व्यवस्थित र प्रभावकारी गुणस्तरीय विकास गराउने कार्य नै पुरस्कार हो । (शैक्षिक मनोविज्ञान, २००६)

माथिको दण्ड र पुरस्कारको परिभाषाबाट के कुरा स्पष्ट हुन्छ भने दण्डले नकारात्मक वा कमजोरलाई सुधार गर्ने र पुरस्कारले थप प्रगतितिर व्यक्तिलाई उन्मुख गराउने गर्दछ ।

Mazur (1989) को सिकाइ र व्यवहार भन्ने पुस्तकमा 'व्यवहारवादी मनोवैज्ञानिक वि.एफ. स्किरनले कार्यवाहक सम्बन्ध सिकाइ सिद्धान्त' को प्रतिपादन गरेका हुन् । उत्तेजना पुनर्वलयुक्त हुनुपर्दछ र त्यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाउँदै सिकाइ प्रतिक्रियालाई सफल पार्नु यसको मुख्य उद्देश्य हो । उनले कार्यपरक व्यवहार र प्रतिक्रियापरक व्यवहार गरी दुई किसिमका व्यवहारहरु प्राणीले गर्ने व्यवहारहरु भनी उल्लेख समेत गरे । यहाँ Operent भनेको कार्य भएकोले प्रणीले गर्ने थुप्रै कार्यहरु हुन् जसको कारणबाट प्राणी कुनै न कुनै काम गर्न सक्षम हुन्छ । हो प्राणी काम सिक्न सक्षम हुन्छ, क्रियाशील हुन्छ जस्तो परीषामा उत्तीर्णहरु अथवा कुनै नजानेको विषय जान्न विद्यार्थी सक्रिय हुन्छ ।

स्किनरले व्यवहारपरक सिद्धान्तका लागि थुप्रै–थुप्रै प्राणीमा प्रयोग गरे जसमा भोको मुसालाई ध्वनिरहित बाकस निर्माण गरी प्रयोग गरिएको थियो । भोको मुसा बाकसभित्र घुमेपछि लिभर थिचिन्छ त्यसपछि खाना प्राप्त गर्दछ । यो पटक–पटक गरेपछि मुसालाई खानाको पुरस्कार दिइन्छ र मुसो लिभर थिच्ने कलामा सिपालु हुन्छ । मुसाले बाकसभित्र गर्ने क्रियाकलाप व्यवहारपरक कार्य र उसको भोक, तिर्खा, खाना, पानी पुनर्वल हो । त्यसैगरी विद्यार्थीहरु पनि कुनै कुरा सिक्नको लागि व्यवहार निर्माण आफ्नै सक्रियतामा गर्न सक्षम हुनुपर्दछ ।

माथिको प्रयोगको आधारमा स्किनरले ३ वटा कुरालाई जोड दिए जसमा –

पुनर्वल – कुनै पनि काम गर्न क्रियाशील बनाउने तत्व हो । यो पनि सकारात्मक र नकारात्मक हुन्छन् । विद्यार्थीको शिक्षण सिकाइमा सघाउ पुऱ्याउने उत्साहित पार्ने सकारात्मक पुनर्वल र बाधा पुऱ्याउने वा शिक्षण सिकाइ गर्न जोस, जाँगर घटाउने नकारात्मक पुनर्वल हुन् । सकारात्मक पुनर्वलले विद्यार्थीहरुमा क्रियात्मक व्यवहारमा परिवर्तन ल्याउँदछ र व्यवहार क्रियाशील वा प्रयत्नशील गराउने गर्दछ । त्यस्तै गरी विद्यालयमा पुरस्कारले सकारात्मक र दण्डले नकारात्मक व्यवहारहरुमा क्रियाशील गराउँदछ ।

पुनर्वलको मात्रामा प्रतिक्रिया तीव्रता – प्रतिक्रियाको तीव्रता पुनर्वलको मात्रामा निर्भर हुन्छ । पुनर्वल जुन मात्रामा भयो त्यही मात्रामा प्राणीको व्यवहारमा तीव्रता आउँदछ । जस्तै विद्यालयमा शिक्षकहरुले शिक्षणको क्रममा विद्यार्थीहरुलाई जुन मात्रामा पुनर्वल दिन्छन् त्यही मात्रामा उनीहरुको व्यवहार पनि परिवर्तन हुने गर्दछ ।

अभ्यास – पुनर्वल प्राप्त उत्तेजना प्रतिक्रिया तीव्र बनाउनु पर्दछ जो अभ्यासमा निर्भर रहन्छ । जुन पुनर्वलयुक्त उत्तेजना स्वरुप विद्यार्थीहरुले मेहनत गर्नु हो ।

स्किनरले पुनर्वललाई आफ्नो प्रयोग ३ वटा कुरामा जोड दिए जसमा – सकारात्मक पुनर्वल, नकारात्मक पुनर्वल र दण्डाकार ।

सकारात्मक पुनर्वल – यो पुनर्वलले प्राणीलाई चाहेको व्यवहारप्रति क्रियाशील बनाउँदछ । उदाहरणका लागि विद्यार्थी पढाइमा उत्कृट भयो भने त्यसलाई पुरस्कृत गर्दा उप्रति झन् जोश, जाँगर बढेर आउँदछ । त्यसकारण विद्यालय र कक्षाकोठामा प्रधानाध्यापक तथा शिक्षकहरुले विद्यार्थीहरुको आवश्यकता हेरी सकारात्मक पुनर्वलको प्रयोग गर्नु पर्दछ ।

नकारात्मक पुनर्वल – यो पुनर्वलले प्राणीलाई तुरुन्त बदली दिन्छ वा नचाहिँदा व्यवहारहरुतिर लाग्ने गराउँदछ । जस्तो घरमा आमाबाबुको खुसीका कारणले मात्र यदि कुनै विद्यार्थीहरु गृहकार्य गर्न बस्दछ वा पढ्न बस्दछ भने उसले गृहकार्य र पढ्ने काम राम्रोसँग पूरा गर्न सक्दैन किनकि विद्यार्थी गृहकार्य र पढाइप्रति आकर्षित छैन । यदि त्यसलाई कुनै नकारात्मक पुनर्वलले आकर्ष्ति गरेको छ भने आमा बाबुको आँखा छल्न मात्र देखावटी काम गरेको हुन्छ । त्यसकारण विद्यालयमा पनि शिक्षकहरुले विद्यार्थीहरुलाई नकारात्मक पुनर्वललाई बढावा दिने खालका व्यवहारहरु गर्नु हुँदैन ।

दण्डाकार/दण्ड – यसले प्राणीको चाहिँदो प्रतिक्रियालाई दबाइराखेको हुन्छ । दण्डले नकारात्मक प्रतिक्रियालाई जोड नदिएर घटाउने प्रयास गर्दछ । यदि प्राणीले नमानेको कुराहरु छन् वा स्विकार नगरेको अवस्था छ भने सुधारका लागि दण्डको प्रयोग गरिन्छ । जस्तो विद्यालयमा कहिल्यै विद्यालय समयमा नआउने, कहिल्यै कक्षाकार्य र गृहकार्य नगर्ने,

विद्यार्थीहरुलाई दण्ड दिँदा वा सामान्य पिट्दा उसले त्यो सुधार गर्न सक्दछ । यदि सुधारको दण्ड दिनुको सट्टा बढी पिटियो भने त्यो विद्यार्थीले कक्षा छोडेर समेत भागेको हुन्छ ।

स्किनरको पुनर्वल तालिका (लगातार पुनर्वल तालिका) लाई यसरी हेर्न सकिन्छ – प्राणीले जतिपटक ठीक प्रतिक्रिया देखाउँदछ उतिपटक पुनर्वल दिनु जस्तो विद्यालयको कक्षाकोठाभित्र शिक्षकले शिक्षणको क्रममा सोधेको प्रश्नको उत्तर विद्यार्थीहरुले जतिपटक भने उतिपटक पुरस्कृत गर्नु । स्थिर अनुपात पुनर्वल तालिका यसमा पुनर्वललाई स्थिर अनुपात पुनर्वल भनिन्छ । यो संख्यात्मक रुपमा निश्चित गरिन्छ । जस्तो कक्षाकोठामा विद्यार्थीले ५ वटा सही प्रतिक्रिया देखाएपछि वा ५ वटा प्रश्नको उत्तर सही भनेपछि विद्यार्थीलाई पुनर्वल दिनु ।

स्थिर खण्डित पुनर्वल तालिका – कुनै निश्चित समयको अन्तरपछि मात्र पुनर्वल दिने हो, जस्तो विद्यार्थीहरुले कक्षाकोठामा ठीक उत्तर भनेपछि १०/१० मिनेटको अन्तरालमा पुनर्वल पाउनु वा ४ मिनेटको समयसम्म ध्यानपूर्वक पढेपछि स्यावास, धन्यवाद पाउनु ।

अनुपात तालिका – सिकाइका प्राप्तिका आधारमा पुनर्वल दिनु, जस्तो दुईवटा प्रश्न हल गर्नु, विद्यार्थीलाई वा सधैं कक्षाकार्य र गृहकार्य गर्ने विद्यार्थीहरुलाई शिक्षकले कुनै पुरस्कार वा चकलेट दिनु ।

घटबढ अनुपात तालिका – विद्यार्थीहरुले कक्षाकोठामा विद्यार्थीहरुले ठीक प्रतिक्रिया वा व्यवहार देखाए वापत् निश्चित अनुपात नभई कहिल्यै ८ वटा प्रतिक्रियामा कहिले १० वटा प्रतिक्रियाहरुमा पुनर्वल दिनु ।

विद्यालयमा विद्यार्थीहरु नियमित विद्यालय आउने, सधैं कक्षाकार्य तथा गृहकार्य गर्ने गरेमा उनीहरुलाई पुरस्कार, सम्मान, सुरक्षा, प्रशंसा र स्यावासी प्रदान गर्दा विद्यार्थी झन् उत्साहित हुने गर्दछन् भने दण्ड दिँदा नराम्रा बानी, व्यवहार गर्ने, कक्षामा हल्ला गर्ने, प्रतिशोधको भावना जगाउने, कक्षा छोड्ने व्यवहारतिर उन्मुख हुन्छन् । त्यसकारण विद्यालयमा दण्ड र पुरस्कार ठीक ठीक अवस्थामा प्रयोग गर्ने गर्नु पर्दछ भनी स्किनरले आफ्नो सिद्धान्तमा प्रष्ट पार्न खोजेका छन् । उनले पुरस्कार मात्र होइन दण्डलाई पनि स्विकार गरेका छन् जुन दण्डले सचेतात्मक र सुधारात्मक व्यवहारप्रति उत्साहित गरोस् ।

समग्रमा दण्ड र पुरस्कारमध्ये पुरस्कारबाट बढी सकारात्मक प्रभाव र दण्डबाट बढी नकारात्मक प्रभाव परेको तथा दण्डबाट पनि केही सुधार भएकोले स्किनरले दुवै कुरामा जोड दिएका छन् ।

थर्नडाइकको प्रयत्न तथा भूल सिकाइको सिद्धान्तमा मुख्य कुरा दण्ड र पुरस्कारको भूमिकालाई मानिन्छ । कुनै पनि सिकाइ दण्डको तुलनामा पुरस्कारको भूमिका बलियो हुन्छ । उनले सन् १९३० अगाडि सिकाइमा सन्तुष्टि र असन्तुष्टिका परिणामहरु बराबर र विपरीत हुन्छ भनेका थिए । तर पछि सिकाइमा पुरस्कार मात्र नभई दण्डले पनि प्रभाव पार्दछ भन्ने कुरा "Effect of reward is more powerful than punishment" भन्ने भनाइ छ । उनको सिद्धान्तमा उत्तेजना र प्रतिक्रिया बीचको Natural connections स्नायुको सम्बन्धमा आधारित छ । केही सम्बन्ध बलिया र केही कमजोर हुन्छन् । धेरै समयसम्मको र धेरै संख्याको प्रयत्न वा कोशिशले सम्बन्ध बलियो हुन्छ । Impulses बलिया हुन्छन् र सफल प्रयत्नले सबै असफल Impulses लाई हटाउँदछ र सन्तुष्टि भित्र्याउँदा यसरी उनले आफ्नो सिद्धान्त Stamped in and stamped out प्रक्रियाको व्याख्या गरेका छन् । प्रयत्न भनेको समयको लगाव, कोशिश, प्रयास हो र भूल भनेको समस्या समाधान गर्ने क्रममा अपनाइएको गलत कार्य हो । त्यसमा प्राणीले ठीक प्रतिक्रिया ग्रहण र गलत प्रतिक्रिया त्याग गर्दछ । यसमा थर्नडाइकले ४ वटा स्थितिलाई उल्लेख गरेका छन् ।

प्रेरक – यसले प्राणीको क्रियाकलापलाई जागरण गराउँदछ, उत्सुकता र उत्तेजित पार्दछ, यथास्थितिमा राख्न सहयोग गर्दछ । जस्तो विद्यालयमा शिक्षकले विद्यार्थीलाई शिक्षण सिकाइ र अतिरिक्त क्रियाकलापप्रति अनेक सम्मान गरेर जागरुक गराउनु, क्रियाकलाप प्राणीले मानसिक तनावमा विभिन्न क्रियाकलाप गर्नु । गल्ती घट्दछ । जस्तो – विद्यार्थीले विद्यालयमा नराम्रो काम गरेपछि तुरुन्त सम्झाइ बुझाइ गर्दा उक्त कामलाई गर्दैन र सुधारतिर जान्छ । उनले Puzzle box नाम दिएको बाकसभित्र एउटा भोको विरालोमा प्रयोग गरे । उनले प्राथमिक नियम र सहायक नियम गरी दुईवटा नियमको आवश्यकता समेत प्रष्ट पारे । उनले मुख्य विशेषताहरुको आधारमा आफ्नो सिद्धान्तलाई यसरी व्याख्या गरे ।

प्रेरक तत्व – जसमा प्राणीलाई कुनै पनि काम गर्ने प्रेरित गर्नु जस्तो – विद्यालयमा विद्यार्थीहरुलाई पढ्न प्रेरित गर्नु, खेलमैदानमा खेलाडीलाई खेल खेल्न प्रेरित गर्नु आदि ।

बहुप्रतिक्रियाको शृङ्खला – ठीक प्रतिक्रियाबाट मात्र हुनु जस्तो – बालक पढ्न जान्नु अगाडि उसलाई विभिन्न क्रियाकलाप गरी पढ्न सिकाउनु ।

प्रतिक्रिया छनोटमा दण्ड र पुरस्कारको भूमिका – कुनै पनि सिकाइमा दण्डको तुलनामा पुरस्कारको भूमिका बलियो हुन्छ । जस्तो कि विद्यालयमा पुरस्कृत विद्यार्थीको तुलनामा दण्डित विद्यार्थीको सम्पूर्ण उपलब्धि, क्रियाकलाप, बानीव्यवहार कमजोर हुनु । जस्तै – थर्नडाइकले मानिसमा यसरी प्रयोग गरे एउटा स्पानिस शब्दका लागि पाँचवटा अंग्रेजी

शब्द दिएर ठीक उत्तरमा चिन्ह लगाउने र ठीक उत्तरलाई पुरस्कार र बेठीक उत्तरलाई दण्डको व्यवस्था गरिएको थियो । एउटा मात्र उत्तर ठीक भए पनि दण्डलाई त्यागेको पाइएन र पुरस्कार र दण्डको भूमिका बराबर र विपरीत नभएको प्रमाणित गरे । पुरस्कारमा बढी प्रतिशत र दण्डमा कम प्रतिशत पाइएकोले तुलनात्मक रुपमा दण्डको भूमिका प्रबल हुने पुष्टि थर्नडाइकले गरे । उनले पुरस्कारले प्रभाव र सूचनालाई कम पार्दछ । सिकाइ तीव्र हुन्छ र दण्डले कमजोर पार्दछ । जस्तो विद्यालयमा वा कक्षाकोठामा उत्कृष्ट र पुरस्कृत विद्यार्थीहरु हौसलाकै कारण प्रथम, द्वितीय र तृतीय हुने, सधैँ गृहकार्य कक्षाकार्य गर्ने, नराम्रो काम गर्न डराउने र मेहनती हुन्छन् भने दण्डित विद्यार्थीहरु टोलाएर बस्ने, कमजोरी, पढ्न लेख्न नरुचाउने, फटाहा स्वभावका हुन्छन् । तर कहिलेकाहीँ दण्डले विद्यार्थीहरुको बानी व्यवहारमा परिवर्तन हुने गर्दछ । त्यसकारण दण्ड र पुरस्कारको भूमिका घटी र बढी हुन्छ बराबर भने रहन सक्दैन ।

थर्नडाइकको सिद्धान्तबाट पनि दण्ड र पुरस्कार दुवैको प्रभाव रहे पनि दण्ड भन्दा पुनर्वल वा पुरस्कारको माध्यमले विद्यार्थीहरुमा बढी सुधार ल्याउन सकिन्छ तर दण्डलाई नकारेको पाइएन ।

पुरस्कारले विद्यार्थीहरुको सिकाइलाई चाँडो सिक्न सहयोग गर्ने, सिकाइप्रति चाख बढाउने गर्दछ । माथिका दुईवटा सिद्धान्तको कुरा गर्दा विद्यालयमा दण्ड र पुरस्कारको अवस्था सम्बन्धी अध्ययन गरी दण्डबाट विद्यार्थीहरुमा देखिने अवस्था, परेको प्रभाव र पुरस्कारबाट विद्यार्थीहरुमा देखिने अवस्था र उनीहरुमा परेको प्रभाव नियाल्नु आवश्यक हुन्छ । कुन अवस्थामा दण्ड र पुरस्कार पाउँदछन्, कस्तो प्रकारको र किन पाउँदछन् ? दण्ड र पुरस्कार प्राप्त गरेपछि विद्यार्थीहरुमा के कस्तो प्रभाव परेको छ भन्ने कुरा थाहा पाउन स्किनर र थर्नडाइक जस्ता मनोवैज्ञानिकहरुको सिद्धान्त अध्ययन गरी आफ्नो अध्ययन शीर्षकलाई पूरा गर्ने काम गर्नु यस अध्ययनको मुख्य लक्ष्य हो ।

खासगरी दण्ड र पुरस्कार सम्बन्धी अन्तर्दृष्टि सिकाइ सिद्धान्त, कार्यपरक सिकाइ सिद्धान्त, व्यवहारपरक सिकाइ सिद्धान्त, प्रयत्न तथा भूलको सिकाइ सिद्धान्त, हलको सिकाइ सिद्धान्तहरु धेरै भए पनि यस अध्ययनको सैद्धान्तिक समीक्षामा व्यवहारवादी सिकाइ सिद्धान्तमा आधारित रहेर गरिएको थियो ।

## २.२ सम्बन्धित अध्ययनको पुनरावलोकन

जोन डिवे (१९६९), का अनुसार विद्यार्थीहरुलाई स्वतन्त्रतापूर्वक, स्वस्फूर्त रुपमा काल्पनिक रुपमा संवेगात्मक रुपमा नै प्रतिक्रिया जाहेर गर्नु दिनु पर्दछ । शिक्षकले जहिले पनि सिकाइ प्रति आकर्षिक गर्दै प्रशंसा गर्दै निर्देशन दिँदै, उत्साहित गर्ने र प्रतिक्रियालाई सकारात्मकता दिँदै शैक्षिक वातावरण सृजना गर्नु पर्दछ । शिक्षकले जहिले पनि कक्षाकोठामा साथीको रुपमा, सहयोगीको रुपमा मायालुको रुपमा, मिठो बोली तथा पुरस्कार केन्द्रित व्यवहार देखाउनु पर्दछ । विद्यार्थीलाई दण्ड दिनु हुँदैन, विद्यार्थीसँग प्रभुत्व जमाउनु हुँदैन, कक्षाकोठामा शिक्षकले दण्डलाई मात्र सुधार गर्ने वैकल्पिक उपाय होइन तर शिक्षकहरुले देखाएको साथीत्वको व्यवहार देखाउनु पर्दछ ।

पुरस्कार प्राप्त भएमा त्यसको असर वा प्रभावबाट सकारात्मक धारणा बन्दछ र दण्ड दिएमा त्यसको असरबाट नकारात्मक धारणा बनी काम गर्न छोड्दछ । त्यसकारण पुरस्कार, प्रशंसा, प्रोत्साहन दिनसकेमा सिकाइप्रति उत्तेजित भएर सफलतातिर उन्मुख हुन्छ । थर्नडाइक सिद्धान्तको कक्षाकोठामा शिक्षणको प्रयोगमा उल्लेख भएअनुसार प्रतिक्रिया छनोटमा दण्ड र पुरस्कारको भूमिका, सम्बन्धी चर्चा गर्दा अपेक्षाकृत व्यवहारलाई प्रशंसा गरेमा वा त्यसलाई पुरस्कृत गरेमा त्यो व्यवहार केही दोहोऱ्याउने र दण्ड दिएमा सो व्यवहार गर्न छोड्दछ । त्यसकारण दण्ड र पुरस्कार दुवै आवश्यक तत्व हुन् । पुनर्वलले सिकाइलाई चाँडो सिक्ने तथा सिकाइप्रति चाख बढाउने गर्दछ । कक्षाकोठामा शिक्षकले सञ्चालन गर्ने शैक्षिक क्रियाकलापहरु आनन्ददायिक, सन्तोषजनक, स्वतन्त्र वातावरणमा विद्यार्थीहरुको स्वभाव तथा प्रकृति अनुसार गृहकार्य, अभ्यासकार्य पुनर्वल सहित सञ्चालन गर्नु पर्दछ भन्ने कुरामा यस सिद्धान्तले जोड दिएको छ ।

डेसे (१९७७), को अनुसार पुरस्कार भन्नाले त्यस्तो उद्दीपकलाई जनाउँदछ जसले कुनै पनि व्यक्तिको प्रतिक्रिया दिने सम्भावनालाई बढाउँदछ । पुरस्कार एउटा यस्तो तत्व हो जुन प्राप्त भएमा प्राणीले आफ्नो व्यवहारलाई जारी राख्ने र दोहोऱ्याउने काम गर्दछ । यो एक यस्तो साधन हो जसले सिकारुलाई सिकाइ गर्न प्रोत्साहन तथा सिकाइको मात्रा बढाउँदछ । विद्यार्थीहरुप्रति भइरहने शारीरिक एवम् मानसिक रुपमा उत्साहपूर्ण बनाउने गरी विद्यालय तथा

संघसंस्थाद्वारा प्रदान गरिने नै पुरस्कार हो । यसले स्वनियन्त्रित प्रक्रियालाई विशेष महत्व राख्दछ ।

इजावेल (१९९८), को पुस्तकमा बालबालिकाहरुलाई रमाइलो वातावरणमा विभिन्न खेलहरुका माध्यमबाट सिकाउँदा सिकाइ प्रभावकारी हुने विद्यार्थीको रुचिपूर्वक सहभागिता हुने, धारणात्मक तथा रचनात्मक पक्षको विकास हुने कुरा उल्लेख गरेको पाइन्छ । बालबालिकाहरुलाई नियन्त्रण गरेर, दण्ड दिएर गरिने सिकाइ क्रियाकलाप भन्दा उत्साहपूर्ण वातावरण सृजना गरी पुरस्कार तथा सम्वलनको माध्यमबाट गरिएको सिकाइ बढी प्रभावकारी एवम् सृजनात्मक हुन्छ ।

नेपालको अन्तरिम संविधान (२०६३), ले शिक्षालाई मौलिक हकको रुपमा राख्दै धारा २२ को उपधारा ३ मा हरेक बालबालिकाहरुलाई शारीरिक वा मानसिक तथा अन्य कुनै पनि किसिमको यातनामूलक काम गरेमा शोषण विरुद्धको हक हुनेछ । यस्तो देखिएमा कानुनद्वारा दण्डनीय हुनेछ भनी उल्लेख गरिएको छ ।

सेभ द चिल्ड्रेन र शैक्षिक जनशक्ति विकास केन्द्र (२०६४), द्वारा प्रकाशित पुस्तकमा “दण्डरहित शिक्षण सिकाइ तरिका” नामक शिक्षक स्रोत सामग्रीमा विद्यार्थीहरुमा उत्पन्न हुने तनाव र यसका सूचकहरु, तनावको व्यवस्थापन, दण्डको प्रभाव, दण्डका वैकल्पिक उपायहरु तथा तरिका र विद्यार्थीहरुमा देखापर्ने व्यवहारजन्य विचलनको वर्णन गरिएको छ । यसमा नेपालको विद्यालयमा दुई किसिमका सजायहरु दिने गरेको पाइन्छ, जसमा शारीरिक दण्ड र मनोवैज्ञानिक दण्डको कुरा उल्लेख गरिएको छ । यस्ता दण्डलाई निरुत्साहित गर्न तथा विद्यार्थीहरुलाई सम्वलनको माध्यमबाट उत्साहित र हौसला प्रदान गरी शिक्षण गर्ने तरिका, व्यवहार परिमार्जन विधि, प्रजातान्त्रिक अनुशासन, कक्षाकोठामा सौहार्दपूर्ण वातावरणको निर्माण, परामर्श तथा सुझावअनुसार शिक्षणको वातावरण मिलाउने कुरा उल्लेख छ ।

शिक्षा मनोविज्ञान (२००६) का अनुसार प्रभावकारी शिक्षण सिकाइले सकारात्मक व्यवहारको निर्धारण र विविधता पत्ता लगाएर ठीक व्यवहारका लागि ठीक हौसला प्रदान गरी उचित सिकाइ वातावरणको सिर्जना, व्यवस्थित र प्रभावकारी गुणस्तरीय विकास गराउने कार्य नै पुरस्कार हो । त्यसैगरी व्यक्तिको व्यवहार सुदृढ गरी सही व्यवहार प्रदर्शनको पृष्ठपोषणको

लागि र अर्थपूर्ण सिकाइमा राम्रो धारणाको विकास गराउन सहयोग पुऱ्याएर व्यक्तिको सर्वाङ्गीण विकास तथा दिगो विकास गराउन सहयोग गर्ने नै पुरस्कार हो ।

सेभ द चिल्ड्रेन (२००७), का अनुसार “विद्यार्थीहरुलाई अनुशासित बनाउने, व्यक्तिलाई नियन्त्रित देखाउन विद्यार्थीहरुको कमीकमजोरीलाई सुधार गर्न, कुनै पनि कुराको रिसपोख्न व्यक्तिहरुप्रति आफ्नो प्रभुत्व जमाउने अन्य कार्यको असफलताको रिस पोख्ने जस्ता कारणहरु थुपार्न प्रयोग गरिने प्रतिक्रिया नै दण्ड हो ।”

सेरिड (१९९१), बाट प्रकाशित 'A study on Dropout in Primary Education' मा तनावपूर्ण वातावरण शिक्षण गरेको खण्डमा धेरै विद्यार्थीहरुले पढ्न छोड्ने समस्या देखिन्छ । शिक्षकद्वारा विद्यालयमा दिइने दण्डले विद्यार्थीहरुको शिक्षक तथा विद्यालयप्रति नकारात्मक धारणाको विकास हुने गर्दछ, जसको कारण विद्यालय जान नमान्ने, कक्षामा डरले चिन्तित हुने, सृजनात्मक पक्षको विकास नहुने हुन्छ । कक्षाकोठामा दण्डलाई अनावश्यक भएको ठहर गरिएको छ । यसलाई निरुत्साहित र कम गर्न शिक्षकले विभिन्न दण्डरहित विधि तथा प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ ।

शर्मा एण्ड शर्मा (१९९६), ले शिक्षादर्शनमा पुरस्कार मार्फत शिक्षण गरेमा विद्यार्थीहरुलाई व्यावहारिक र उद्देश्यमूलक बनाउने तत्व समावेश भएको हुन्छ, यो एक सुक्ष्म सिकाइको दृष्टिकोण हो । यो नियमको आधारमा प्रयोग हुँदै आएको हुन्छ । यसले शिक्षणलाई कलाको रुपमा स्विकार गर्दछ । शिक्षण सिकाइमा एक वृहत दृष्टिकोण हो । यसको अवस्था हेरी आवश्यकता अनुसार पुरस्कार र दण्ड नीति अपनाए मात्र शिक्षण सिकाइ प्रभावकारी हुन्छ भन्ने कुरा उल्लेख गरेको छ ।

के.सी. (२०६५), दण्डको सिद्धान्तमा भनिएको छ, कुनै पनि बालक होस् वा विद्यार्थी जब उसले गरेको गल्ती स्वीकार्य छ वा अस्वीकार्य, प्रतिकारात्मक छ वा प्रतिशोधात्मक कुन हो ? त्यसको पहिचान गरी साधारण दण्ड जस्तै : कुनै पनि यातना नदिने ताकि त्यस्तो दण्डबाट उसको असफलता तिर होइन सफलतातिर डोऱ्याउन सजिलो पुगोस् । यस्तो दण्ड दिएको केही समयपछि पुनर्वल दिएर थप सहयोग पुग्नेगरी सुधार गर्नु पर्ने हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

जोशी (२०६५), प्रा.वि. तहमा शिक्षकको पेशागत दक्षतामा विद्यार्थीहरुको सक्रियता बढाउन प्रोत्साहना जोड दिनु पर्दछ । जसको कारण विद्यार्थीहरुमा सिक्ने जिज्ञासा बढ्दछ, अझै राम्रो गर्न सक्दछन् । गृहकार्य तथा कक्षाकार्य राम्रो गरेमा (Good, Very good, excellent) दिने, आधा सही हुँदा ठीक छ भन्ने तर अलिकति मात्र मिलाएपछि राम्रो हुँदैछ, अलि कोशिश गर भन्ने र शिक्षकले फटाफट गृहकार्य चेक गर्ने तथा शाब्दिक पुरस्कारले हौसला बढाउने गर्नु पर्दछ, तर यति सजिलो पनि आउँदैन, १०/२० पटक सिकाउँदा पनि नजान्ने भनेर हतोत्साहित हुनेगरी हप्काउनु हुँदैन र गृहकार्य दिँदा ठीक र सहज हुनेगरी दिनुपर्दछ । दण्ड सजाय दिँदा सुधारात्मक तथा विद्यार्थीको स्वाभिमानमा आँच नआउने गरी एवम् साथीहरुको अगाडि लज्जास्पद हुने तरिकाले दण्ड दिनु हुँदैन । यसरी घातक हुनेगरी दिएको दण्डबाट विद्यार्थीहरुले पढ्न छोड्दछ र नकारात्मक सोचको विकास हुन्छ भन्ने प्राप्ति, निष्कर्ष र सुझाव पेस गरिएको छ ।

बोहरा (२०६५), "प्राथमिक विद्यालयको कक्षा शिक्षणमा दण्डको अवस्था भन्ने शोधपत्रमा विद्यालयमा विद्यार्थीहरुलाई दण्ड दिनु प्रधानाध्यापक तथा शिक्षकहरु, अभिभावकहरुको अनुचित कार्य हो । त्यसकारण शिक्षकले शिक्षण गर्दा दण्डको प्रयोग गर्नु हुँदैन ताकि सुधारात्मक र सचेतात्मक असर पुर्‍याउने गरी दण्डको प्रयोग गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । साथै कुनै पनि व्यक्तिले गरेको कार्यप्रति खुशी भएर उसलाई थप हौसला दिने गरी दिइने मनोभावनागत पुरस्कार/शाब्दिक व्यवहारबाट प्रदान गरिने (धन्यवाद, स्यावास, राम्रो, धेरै राम्रो, अझै प्रयास गर भन्ने र शरीरमा हात राखी धाप मार्ने, माया ममता गर्ने) जस्ता बोलीवचन तथा व्यवहारलाई मनोवैज्ञानिक हिसाबबाट बलियो पार्ने कुरा नै शाब्दिक पुरस्कार हुन् । यस्ता पुरस्कारको प्रयोग गर्नु पर्ने उल्लेख गरिएको छ ।

भण्डारी (२०६६), को प्रतिवेदनमा उल्लेख गरिएको छ शिक्षकले विद्यार्थीहरुलाई दण्डमुखी नभई साथीको रुपमा, सहयोगीको रुपमा मानेर मिठो बोली र उत्साहित पार्ने व्यवहार प्रदर्शित गर्नु पर्दछ ।

आचार्य (२०६६), हाम्रो विद्यालयको शिक्षण सिकाइमा दण्ड र पुरस्कारको अवस्था कस्तो छ ?" भन्ने लेखमा विद्यालयमा दण्ड पनि आवश्यक छ ताकि त्यो दण्डले नोक्सान भन्दा पनि नाफा पुगोस् । जे जति दण्डको व्यवस्थाबाट शिक्षण गरिन्छ, त्यति नै पुरस्कारमुखी

व्यवस्थाबाट शिक्षण गर्नु उपयुक्त हुँदैन ? तर निजी विद्यालयमा ९० प्रतिशत जति दण्ड र १० प्रतिशत पुरस्कारमुखी प्रक्रियालाई अपनाएर शिक्षण गरेको पाइन्छ, शिक्षकले विद्यार्थीलाई दिएको यातनाबाट विद्यार्थीले विद्यालय छोडेका घटनाहरु छन् । तर पुरस्कार दिएर विद्यार्थी विद्यालय जान्छु भनेका रेकर्डहरु भने कमै देखिन्छन् । पुरस्कार विद्यार्थीहरुको हौसला भएकोले यसलाई तदारुकतासँग अँगाल्नु पर्दछ तर पुरस्कारलाई अँगाल्ने नाममा पक्षपातीपूर्ण व्यवहार नगरी सही ढंगबाट प्रवेश गर्नु पर्नेमा सबैको ध्यान जानु आवश्यकता छ भन्ने कुरा उल्लेख गरिएको छ ।

आचार्य (२०६६), कुनै पनि बालबालिकाहरुलाई बालमनोविज्ञान नबुझेर दण्ड दिइन्छ शिक्षकहरु विद्यालयमा पुरस्कृत हुने तर दण्डहीनता बिर्सने गरिन्छ । जेहेन्दार विद्यार्थीहरुलाई थप अध्ययन गर्न पुरस्कृत गर्ने तर कमजोर विद्यार्थीहरुलाई दण्ड दिने गरेका छन् भन्ने कुरा उल्लेख गरिएको छ ।

घिमिरे (२०६६), "अभिभावक तथा शिक्षकहरुबाट बालबालिकाहरु किन दण्डित हुन्छन् ?" भन्ने लेखमा बालबालिकालाई शिक्षित एवम् अनुशासित बनाउन उनीहरुमाथि शासन लादेर दण्ड दिएमा बालबालिकामा सकारात्मक असर पर्नुको सट्टा नकारात्मक असर पर्दछ । यसरी बालकलाई भौतिक एवम् मानसिक असर पर्ने गरी अनुशासनको प्रयोग गर्नु हुँदैन तर अधिकांश अभिभावक तथा शिक्षकहरु अनुशासनको नाममा दण्ड दिइन्छ । यसरी दिइने शारीरिक तथा मानसिक दण्ड संसारका प्रायःजसो देशमा दिने भएर नै समस्या देखापरेको छ । तर पनि मानवअधिकार हनन भए पनि गरीवको घरमा बालकलाई रोटी दिन नसकेर दण्ड दिने गर्दछन् भने धनीको घरमा बालबालिकाको माग पूरा गर्न गाह्रो मानेर दण्ड दिने कुरा उल्लेख गरिएको छ ।

नेपाल (२०६६), का अनुसार संस्थागत विद्यालयका शिक्षकहरुले प्याभलभ र स्किनरको सिकाइको सिद्धान्त विद्यार्थी आदत तथा अनुशासनको सिकाइमा र विद्यार्थीहरुलाई प्रोत्साहन गरी शिक्षण गर्न प्रयोग गरेको पाइयो । तर सामुदायिक विद्यालयमा सिक्षकहरुले भने प्याभलभ र स्किनरको सिद्धान्त विद्यार्थीहरुलाई अनुशासनमा राख्न, खराब आदत हटाउन र प्रोत्साहन गरी पढाउन प्रयोग गर्न नसकेको र पुरस्कारको प्रयोग गर्दै नगरेको पाइयो । सामुदायिक माध्यामिक विद्यालयका शिक्षकहरु आफूहरु विद्यालयमा नियमित नुहने, मेहनत गरेर नपढाउने र कक्षा समय प्रवेश नगर्दा पनि दण्ड नदिने गरेको र त्यसैगरि विद्यालयमा नियमित हुने मेहनत गरेर

पढाउने इमान्दार र योग्य शिक्षकको पनि सहि मूल्याङ्कन नहुने प्रशंसा तथा पुरस्कारको व्यवस्था नभएकाले उनीहरुमा निरासा भएर मेहनत गर्न छोडेकोले शिक्षण सिकाइ कमजोर छ र विद्यार्थीको नतिजापनि कमजोर भएको कुरा उल्लेख गरिएको छ ।

शर्मा ढकाल (२०६७), को शिक्षक पत्रिकाको लेखमा – म एक विशुद्ध शिक्षकमा विद्यार्थीहरुलाई आफ्नो ठानेर शिक्षण गर्दा राज्यले दिने सुनको जलप लगाएको भौतिक वस्तुभन्दा शिक्षकको स्यावासीले पुरस्कृत गरेमा विद्यार्थीको प्रगति हुन्छ तर विद्यार्थीहरुलाई दण्ड दिनै हुँदैन भन्ने कुरामा आंशिक सहमति राखे पनि पुरस्कार भने सर्वमान्य हुन्छ । उनले भनेका छन् दण्ड र पुरस्कार दुवैको प्रयोग गर्नु उपयुक्त हुन्छ तर दण्डभन्दा पुरस्कारलाई बढी जोड दिनुपर्ने देखिन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

पराजुली (२०६६ पौष) संवाद 'शिक्षक तालिम' भन्ने शिक्षकका संस्मरणमा शिक्षाविद्को भनाइमा शिक्षकले आफूले सिकेका कुरालाई कक्षामा प्रयोग गर्ने र नगर्ने दुवै शिक्षकको राज्यपक्षबाट भेद गरिएको छैन । राज्यले दिएको पुरस्कारको व्यवस्था अत्यन्त पक्षपातीपूर्ण छ । तालिमको सीपलाई कक्षाकोठामा पुऱ्याउने शिक्षकलाई पुरस्कृत गर्ने गरिएको छैन र नपुऱ्याउने शिक्षकलाई दण्ड दिने व्यवस्था पनि छैन । त्यसकारण उनीहरुमा नैराश्यता उत्पन्न भएको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

घिसिङ्ग (२०६६ माघ) "जो इमान्दार उही सम्मानित" भन्ने मत अभिमतमा भनिएको छ – निजी स्कुलको होस् वा सार्वजनिक, आ–आफ्नो पेशालाई मुख्य प्राथमिकता दिएर इमान्दार, निष्ठावान् र लगनशील भई विद्यार्थीको सिकाइ नतिजा उच्च तहमा पुऱ्याउने शिक्षकहरुलाई इज्जत, मानसम्मान र पुरस्कृत गर्दछ भन्ने कुरा उल्लेख छ ।

अयडी (२०६६ फागुन), 'पत्रकारिता छोडेर शिक्षक' भन्ने जम्काभेट अन्तर्वार्तामा – विद्यार्थीहरुलाई मित्रवत् व्यवहारले पढाउने दण्डलाई निरुत्साहित गर्ने, विद्यार्थीहरुलाई पिटेर होइन, उनीहरुलाई सानै भए पनि पुरस्कार दिएर रमाइलो वातावरणमा पुरस्कृत गरी विद्यालयमा अध्ययन गर्नु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ ।

घिमिरे (२०६७ साउन), "शिक्षकको जागीर" मनका कुरा भन्ने शीर्षक– आज सामुदायिक विद्यालयको शैक्षिक स्तर विद्यार्थीहरुलाई दण्ड दिएको कारण ओरालो लागिरहेको छ । अझै पनि त्यसको खोजी नगरिएमा केही समयपछि सामुदायिक विद्यालयहरु विद्यार्थीविहीन

हुनेछन् । त्यसकारण विद्यालयमा शिक्षकको भूमिका प्रमुख हुने भएकोले मैत्रीपूर्ण, पुरस्कृत तथा सम्वलनपूर्ण वातावरणको माध्यमले शिक्षण गर्नु पर्दछ र त्यसको जिल्ला शिक्षा कार्यालयले अनुगमन गरी विद्यालयमा दण्ड र पुरस्कारको नीतिलाई लागू गरेर विद्यालयको शैक्षिक स्तर उकास्नु पर्ने देखिन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

सयपत्री (२०६७ असोज), "पैसा हैन पुस्तक दिउँ"मनका कुरमा कुनै पनि विद्यार्थीहरुलाई पुरस्कार दिने हो भने मा.वि. को विद्यार्थीहरुलाई पुस्तक, सामान्य ज्ञान, साहित्यिक पुस्तकबाट पुरस्कृत गर्ने र प्रा.वि. का विद्यार्थीहरुलाई स्यावास, राम्रो, अति राम्रो, जस्ता प्रशंसनीय शब्दहरुबाट शाब्दिक पुरस्कारले प्रोत्साहित गर्ने र नि.मा.वि. का विद्यार्थीहरुलाई कापी, कलम जस्ता चीजहरुबाट हौसला प्रदान विद्यार्थीहरु उत्साहित हुन्छन् र उनीहरुको स्तरमा सुधार आउँदछ भन्ने कुरा उल्लेख गरिएको छ ।


शिक्षा विभागद्वारा गरिएको अध्ययन प्रतिवेदन (२०६३/०६४) को नेपाली रुपान्तरमा ३ वटा घटनालाई यसरी उल्लेख गरिएको छ । घटना १, डडेल्धुरा जिल्लाको एउटा विद्यालयमा अध्ययनरत तेजकुमारी महतराको विद्यालयबाट कक्षा १ मा नियमितता अनुशासनमुखी र मित्रतापूर्ण व्यवहार भए मा पनि विद्यालयले उनलाई साधारण विद्यार्थीको वर्गीकरण राखेको अवस्था पछि उनको हरेक क्रियाकलापको मूल्याङ्कन गरेर पुरस्कृत गऱ्यो । त्यसबेला देखि उनी प्रथम स्थान प्राप्त गर्न सफल भई विद्यालय के उत्कृष्ट जेहेन्दार छात्रा भएकी छिन् । घटना २, रुपन्देहीको एउटा विद्यालयमा एउटा दलित परिवारले १३ वर्षकी छोरीलाई विद्यालय भर्ना गरेपछि विद्यालयले उनलाई हौसला दिएर किताब, कलम, विद्यालय पोशाक, किताब राख्ने झोला लगायत रु. १५००।– नगदबाट पुरस्कृत गरेकोले त्यसबेलादेखि हालसम्म उनी प्रथम हुँदै आएकी छन् । घटना ३, रुपन्देहीको एउटा विद्यालयमा एकै परिवारका ३ वटा छोरीहरु (सीमा कक्षा ८, रीना कक्षा ९, शान्ता कक्षा १०) विद्यालयमा भर्ना भएदेखि विद्यालयबाट गरिएको हौसला र सम्वलनको कारण ३ वटै प्रथम भएर उत्तीर्ण हुने गरेकोले उनीहरुलाई सधैं पुरस्कृत गर्ने निर्णय विद्यालयले गरेको घटनाहरु पत्रिका पढ्न पाइन्छ ।

एकीकृत वार्षिक जिल्ला विकास योजना रुकुम (२०६७०६८) ले निर्णय उल्लेख भएअनुसार कुनै पनि विद्यालय जसले विद्यालयमा सुमधुर वातावरण्मा अभ्यासको माध्यामले विद्याथीहरुको मनोविज्ञान बुझेर शैक्षिक सामाग्रीको प्रयोग गरी अध्ययन गराई विद्यालयको नतिजालाई उत्कृष्ट गर्दछ । त्यस्तो विद्यालयलाई वार्षिक ५००००।- बाट पुरस्कृत गर्ने तथा विद्यालयको शिक्षकलाई प्रसंसापत्रले सम्मान गर्ने लगायत उक्त विद्यालयका विद्यार्थीहरुलाई पुरुस्कृत गर्नको लागि खर्चको व्यवस्था गर्ने छ त्यसैले हरेक विद्यालयमा सम्बलन पुरस्कार तथा दण्डमध्ये कसको प्रयोगबाट शिक्षण सिकाइ बलियो र सुधारमूलक हुन्छ भन्ने कुरा निर्क्यौल गर्ने भनि विद्यालय सुधारयोजना निर्माणमा जोड दिनुपर्ने कुरा गरिएको छ ।

## २.३ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचामा खासगरी पूर्व साहित्यको अध्ययनपछि “निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था” नामक अध्ययनको अनुसन्धानात्मक ढाँचा यसप्रकार रहेको थियो –

### २.३.१ दण्ड र पुरस्कारको अवस्था, प्रकार तथा सरोकारवालाको धारणा



## २.३.२ दण्ड र पुरस्कारबाट पार्ने प्रभावहरु

**दण्ड र पुरस्कारबाट पार्ने प्रभावहरु**

**दण्डबाट पर्ने प्रभाव**

- विद्यार्थीको उपस्थिति
- विद्यार्थीले कक्षा छोड्ने वा अनुपस्थिति
- विद्यार्थीको शैक्षिक उपलब्धि विषयवस्तुप्रति चासो
- शिक्षक विद्यार्थी बीच सम्बन्ध
- विद्यार्थी विद्यार्थीबीच सम्बन्ध
- विद्यालय अभिभावक बीच सम्बन्ध
- शिक्षक अभिभावक बीच सम्बन्ध

**पुरस्कारबाट पर्ने प्रभावहरु**

- विद्यार्थीको उपस्थिति
- विद्यार्थीले कक्षा छोड्ने वा अनुपस्थिति
- विद्यार्थीको शैक्षिक उपलब्धि र विषयवस्तुप्रति चासो
- शिक्षक विद्यार्थी बीच सम्बन्ध
- विद्यार्थी विद्यार्थीबीच सम्बन्ध
- विद्यालय अभिभावक बीच सम्बन्ध
- शिक्षक अभिभावक बीच सम्बन्ध

समग्रमा अवधारणात्मक ढाँचाको बारेमा उल्लेख गर्नु पर्दा अध्ययन क्षेत्रका विद्यालयहरुमा दण्ड र पुरस्कारको अवस्थालाई विद्यालयमा गहिरो रुपमा नियालेर तिनीहरुको दण्ड र पुरस्कारको प्रकार, उत्पन्न समस्या र धारणाबाट समग्र विद्यालयमा दण्ड र पुरस्कार सम्बन्धी सामान्यीकरण गर्न सकिन्छ । यही ढाँचाको माध्यमबाट सम्बन्धित क्षेत्रमा गएर खोजी गर्न सहज हुने, वास्तविक तथ्याङ्क प्राप्त गर्न सकिने र दण्ड र पुरस्कारबाट विद्यालयमा प्रशासन चलाउने, नीतिनियम तथा अनुगमन गर्ने प्रधानाध्यापक, शिक्षण गर्ने शिक्षक, अध्ययन गर्ने विद्यार्थी तथा सहयोग र सहकार्य गर्ने अभिभावकबीचको सम्बन्धमा विद्यार्थीहरुमा दण्ड र पुरस्कारले पार्ने प्रभाव र उक्त प्रभावबाट भविष्यमा हुन जाने खतरा लगायतका कुराहरु खोजी गरी यसैको आधारमा प्राप्त भएको प्रतिक्रियालाई समष्टिगत गरेर उक्त प्राप्तिबाट आएको प्रतिक्रियाअनुसार सुझाव दिनु पर्ने हुन्छ । त्यसैले माथिका दुईवटा अवधारणात्मक ढाँचालाई अध्ययनको उद्देश्यअनुसार तयार गरिएको थियो । यो अध्ययनको लागि महत्वपूर्ण पक्ष हो ।

# परिच्छेद – तीन

# अध्ययन विधि

कुनै पनि विषयको बारेमा खोज तथा अनुसन्धान गर्नको लागि निश्चित रुपमा अध्ययन विधिको आवश्यकता पर्दछ, जसले अनुसन्धानलाई निश्चित बिन्दुसम्म पुऱ्याउँदछ । र निष्कर्षमा पुग्न ठूलो मद्दत गर्दछ । अनुसन्धान नयाँ ज्ञान, सिद्धान्त, तथ्य र मान्यता प्राप्त गर्ने प्रक्रिया भए पनि यसको प्रकार, ढाँचा, किसिम तथा तरिकाहरुमा विविधता छ । विषयवस्तुको सन्दर्भ, यसको प्रकृति र स्वरुप अनुसन्धानमा अन्तर्निहित सारवस्तु हुन् । अनुसन्धानले निश्चित तरिका (परिमाणात्मक/गुणात्मक) अपनाउने भन्ने कुराको निर्णय गर्दछ । त्यसकारण यस "निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था" नामक शीर्षक अध्ययनलाई यसको विषयवस्तु तथा प्रकृति हेरी गुणात्मक ढाँचा प्रयोग गरिएको थियो ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान ढाँचा भन्नाले अनुसन्धानका लागि तयार पारिने वृहद् योजना तथा रणनीतिलाई जनाउँछ । अनुसन्धान ढाँचामा कुनै पनि अनुसन्धानलाई कुन विधिबाट अगाडि बढाउने भन्ने कुरा उल्लेख गरिएको हुन्छ । यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचा भन्नाले व्याख्यात्मक सूचनाको आधारमा विश्लेषण र व्याख्याबाट निष्कर्ष प्राप्त गर्न सहज हुने प्रक्रिया हो । यस विधिको मुख्य उद्देश्य अध्ययन गर्न तोकिएको विषयवस्तुको प्राकृतिक अवस्थामा अध्ययन गरी त्यसको बहुवास्तविकताबारे अन्तर्दृष्टि पत्ता लगाउनु हो । यस विधिमा अध्ययनको विषयवस्तुलाई सम्पूर्णतामा अध्ययन गरी त्यसको निचोड निकालिन्छ (खनाल, २०६४) । कुनै पनि विषयवस्तुको अवस्था प्रक्रिया, समस्या तथा घटनाको विश्लेषण र व्याख्या गर्नका लागि संकलन तथा विश्लेषण गरिने सूचना तथ्याङ्कहरु सांख्यिक नभएर शाब्दिक हुने गर्दछन् । जसमा पनि सम्भावनारहित नमुना छनोट अन्तर्गतका वा उद्देश्यात्मक, अंश, सुविधाजनक र व्यवस्थित नमुना छनोटमध्ये उद्देश्यात्मक र सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरी अनुसन्धान ढाँचालाई अगाडि बढाइको थियो । यस अध्ययनको प्रकृति गुणात्मक रहेकोले यसको अनुसन्धानात्मक कार्य अघि बढाउन अवलम्बनलाई अपनाएको थियो ।

| उद्देश्यहरु | उत्तरदाता (सूचनाको स्रोत) | साधन |
|---|---|---|
| निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था पहिचान गर्नु । | प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, | अन्तर्वार्ता प्रश्नावली, अप्रत्यक्ष/प्रत्यक्ष कक्षाशिक्षण अवलोकन घटना अध्ययन फारम |
| विद्यालयमा दण्ड र पुरस्कारले शिक्षण सिकाइमा ल्याएको परिवर्तन (सकारात्मक तथा नकारात्मक) पत्ता लगाउनु । | प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक | अन्तर्वार्ता प्रश्नावली, रेकर्ड अध्ययन घटना अध्ययन फारम |
| दण्ड र पुरस्कार सम्बन्धमा सरोकारवालाहरुको धारणा पत्ता लगाउनु । | प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक | अन्तर्वार्ता, प्रश्नावली |

## ३.२ सूचना सङ्कलन प्रक्रिया

सूचना सङ्कलनको लागि आवश्यक पर्ने सूचना सङ्कलन प्रक्रियालाई दुई वटा विधि (प्राथमिक स्रोत र द्वितीय स्रोत) को आधारमा सङ्कलन गरिएको थियो । जसलाई निम्नअनुसार उल्लेख गरिएको छ :

### ३.२.१ प्राथमिक स्रोत

अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक स्रोतको रुपमा सम्बन्धित अध्ययन क्षेत्रमा छनोट परेका सरोकारवाला व्यक्तिहरुमा गरिएको अन्तर्वार्ता प्रश्नावली, विद्यार्थीहरुको रेकर्ड अध्ययन, घटना अध्ययन र शिक्षकहरुको प्रत्यक्ष तथा अप्रत्यक्ष कक्षा शिक्षण अवलोकनबाट प्राप्त प्रतिक्रियालाई प्राथमिक स्रोतको रुपमा लिइएको थियो ।

### ३.२.२ सहायक स्रोत

अध्ययनको सहायकस्रोत अन्तर्गत विभिन्न लेख, पत्रपत्रिका, प्रकाशित रचना, विभिन्न शोधपत्र लगायत सञ्चार माध्यमका समाचारहरुलाई सहायक स्रोतको रुपमा लिइएको थियो ।

### ३.३ जनसंख्या र नमूना छनोट

खासगरी अनुसन्धान गर्नेलाई जनसंख्याको आवश्यकता पर्दछ । किनकि जनसंख्या तथा नमुनाको आधारमा यस कार्यलाई अगाडि बढाउन सजिलो हुने भएकोले जनसंख्या छनोट गर्नुपर्ने हुन्छ । आफ्नो अनुसन्धानको विषयवस्तु हेरी कुन क्षेत्र, कति जनसंख्या, कति समय सम्पूर्ण कुराहरु उल्लेख गर्नु पर्दछ । यो अनुसन्धान कुनै NGO, INGO को नभई शैक्षिक अनुसन्धान भएकोले यसमा खर्च र समयलाई मध्यनजर गर्नुपर्ने हुँदा सानो जनसंख्यामा अनुसन्धान गरिएको थियो ।

#### ३.३.१ अध्ययन क्षेत्र छनोट

नमुना छनोट भन्नाले नमुना जनसंख्याबाट झिकिएको एक सानो समूह हो । जसले उक्त क्षेत्रका सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्दछ । अनुसन्धानमा अनुसन्धानकर्ताले सम्पूर्ण जनसंख्याको विश्लेषण गर्न असमर्थ भएकोले आफ्नो अध्ययन कार्यको लागि सम्भव हुन सक्ने गरी जनसंख्याको प्रतिनिधिमूलक केही एकाइहरुको छनोट गरिन्छ । तीनै एकाइहरुको गुणको अध्ययन विश्लेषण गरेर प्राप्त निष्कर्षलाई सम्पूर्ण जनसंख्यामा सामान्यीकरण गर्न सहज हुने भएकोले नमुना छनोट गर्नु आवश्यक छ । नमुना छनोटमा पनि सम्भावनारहित नमुना छनोट, उद्देश्यात्मक नमूना छनौट, सुविधाजनक नमूना छनौट र व्यवस्थित नमुना छनोटहरुमध्ये यस अनुसन्धानमा उद्देश्यात्मक तथा सुविधाजनक नमुना छनोट गरिएको थियो । यस नमुना छनोटमा अनुसन्धानकर्ताले जुन उद्देश्यअनुसार अनुसन्धान गर्दछ, सो उद्देश्य परिपूर्तिका लागि आफ्नै बुद्धि विवेकद्वारा नमुना छनोट गर्ने भएकोले यस अध्ययन क्षेत्रको लागि उद्देश्यात्मक नमुना छनोट गरिएको थियो, जसमा प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीहरुको छनोट निम्नानुसार गरिएको थियो –

#### ३.३.२ विद्यालय छनोट

बाँके जिल्ला को कोहलपुर नगरउन्मुख गा.वि.स. अन्तर्गत पर्ने १९ वटा सामुदायिक तथा १४ वटा संस्थागत विद्यालयहरुमध्ये वडा नं. ४ का २ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालयमध्ये सुविधाजनक नमुना छनोट विधि अपनाएर २ किसिमका (सामुदायिक तथा संस्थागत) विद्यालयहरुलाई मात्र नमुना छनोट गरिएको थियो । किनकि उक्त दुवै विद्यालयमा दण्ड र पुरस्कारको प्रयोग के कसरी किन हुने गर्दछ र कुनमा कसको बढी प्रयोग हुन्छ ? के कारणले हुन्छ ? भन्ने कुराको खोजी गर्न यस किसिमका विद्यालय छनोट गरिएको थियो । यसरी छनोट गरिएका विद्यालयको नाम र ठेगाना अनुसूची ९ मा दिइएको छ ।

### ३.३.३ प्रधानाध्यापक तथा शिक्षक छनोट

विद्यालयमा प्रत्यक्ष दण्ड र पुरस्कारको प्रयोग गर्ने प्रमुख भूमिका प्रधानाध्यापक, शिक्षकको हुने भएकोले यिनीहरु दुवैलाई छनोट गरिएको थियो । छनोटमा ४ वटा विद्यालयका ४ वटै प्र.अ. तथा प्रत्येक विद्यालयबाट कक्षा ६, ७ र ८ मा अनिवार्य विषय पढाउने सबै शिक्षकहरु गरी जम्मा २४ जना शिक्षकहरुलाई छनोट गरिएको थियो । यसरी छनोट गरिएको प्रधानाध्यापक र शिक्षकहरुको नाम, योग्यता, शिक्षण अनुभव अनुसूची ९ मा दिइएको छ ।

### ३.३.४ विद्यार्थी छनोट

यस अध्ययनको लागि प्रत्यक्ष रुपमा दण्ड र पुरस्कार प्राप्त गर्ने भागीदार विद्यार्थीहरु भएकोले दण्ड पाएका तथा पुरस्कार पाएका विद्यार्थीहरुको मनोभावना बुझ्न उद्देश्यात्मक नमुना छनोट विधि प्रयोग गरी छनोटमा परेका प्रत्येक विद्यालयका कक्षा ६, ७ र ८ बाट २/२ जना विशेषतः दण्ड र पुरस्कार पाएका केटा र केटी दुवैलाई, ४ वटा विद्यालयमा गरी जम्मा २४ जना विद्यार्थीहरुलाई छनोट गरिएको थियो । यसरी छनोट गरिएका विद्यार्थीहरुको नाम र उमेर अनुसूची ९ मा दिइएको छ ।

### ३.३.५ अभिभावक छनोट

छनोटमा परेका हरेक विद्यार्थीका अभिभावकबाट दण्ड र पुरस्कारको जानकारी प्राप्त गर्न स्वतः छनोट गरिएको थियो । जसको नाम अनुसूची १० मा उल्लेख गरिएको छ ।

## ३.४ अध्ययनका साधनहरु

अध्ययनका साधनहरु भन्नाले अनुसन्धान कुन माध्यमबाट के प्रयोग गरी गर्ने भन्ने कुरा उल्लेख नगर्दासम्म अध्ययन क्षेत्रमा जान गाह्रो हुने हुँदा अनुसन्धानकर्तालाई अनुसन्धान गर्न सजिलो हुनेगरी साधन छनोट गर्नु पर्दछ । यस अध्ययनमा निम्न साधनहरुलाई औजार निर्माणको खाका तयार गरी त्यसको आधारमा निम्न साधन छनोट गरिएको थियो । उक्त औजार निर्माणको खाका अनुसूची ७ मा दिइएको छ :–

### ३.४.१ अन्तर्वार्ता प्रश्नावली

विद्यालयमा दण्ड र पुरस्कारको अवस्था, शिक्षण सिकाइमा यसको असर तथा यसबाट उत्पन्न हुने समस्याहरुसम्बन्धी सरोकारवालाको धारणाबारे आवश्यक सूचना संकलन गर्न छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकहरुको लागि छुट्टाछुट्टै

अन्तर्वार्ता प्रश्नावली तयार पारी प्रयोग गरिएको थियो । यसरी तयार गरिएको अन्तर्वार्ता प्रश्नावली अनुसूची १, २, ३ र ४ मा दिइएको छ ।

### ३.४.२ प्रत्यक्ष/अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन

छनोटमा परेका विद्यालयका कक्षा ६, ७ र ८ बाट १/१ वटा कक्षा शिक्षण अवलोकन गरी जम्मा ४ वटा विद्यालयका १२ वटा कक्षाहरु प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा अवलोकन गरिएको थियो । जसका लागि कक्षा अवलोकन फाराम तयार गरी त्यसमा शिक्षकले दिने दण्ड र पुरस्कारको प्रकारहरु, विद्यार्थीहरुको प्रतिक्रिया, शिक्षकले विद्यार्थीहरुलाई शिक्षण सिकाइको हकमा दिने सम्वलन जस्ता कुराहरु अवलोकन गरिएको थियो, जुन अवलोकन फाराम अनुसूची ६ मा दिइएको छ ।

### ३.४.३ विद्यार्थी रेकर्ड अध्ययन

छनोटमा परेका विद्यालयहरुबाट विशेषगरी दण्ड र पुरस्कार पाएका २४ जना केटाकेटीमध्ये विद्यार्थीहरुको मात्र सबैभन्दा बढी दण्ड र पुरस्कार पाएका जसको घटना अध्ययन गरिएको थियो, जसलाई अनुसूची ८ मा देखाइएको छ । शिक्षण सिकाइ पछिको शैक्षिक उपलब्धि, उत्तीर्ण, अनुत्तीर्ण प्रतिशत, शैक्षिक स्थिति, भर्ना स्थिति आदि कुराको लागि प्रत्यक्ष रुपमा विद्यालय अभिलेखबाट रेकर्ड अध्ययन गरिएको थियो ।

### ३.४.४ घटना अध्ययन

छनोट परेका विद्यार्थीहरुमध्ये सबैभन्दा बढी दण्ड र पुरस्कार पाउने विद्यार्थीहरु, प्रधानाध्यापक, शिक्षक र दण्ड नपाउने विद्यार्थीहरुको सल्लाहमा एउटा विद्यालयको १ जना र ४ वटा विद्यालयबाट ४ जना छनोट गरी विद्यार्थीहरुको घटना अध्ययन गर्न निर्देशिका तयार गरिएको थियो, जसमा घटना अध्ययन निर्देशिका अनुसूची ५ मा क्रमशः दिइएको छ ।

## ३.५ साधनको वैधता निर्माण

यस अध्ययनका लागि निर्माण गरिएका साधनहरु उपयुक्त र प्रभावकारी तुल्याउन सम्बन्धित शीर्षकमा जाने बुझेका व्यक्तिहरु लगायत सहपाठी साथीहरुसँग छलफल तथा पूर्व परीक्षण गरिएका साधनलाई फेरि शोध निर्देशकज्यूको आवश्यक सल्लाह, सुझाव अनुसार परिमार्जन गरी साधनको वैधता निर्माण गरिएको थियो ।

## ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

कुनै पनि अनुसन्धान गर्न छनोट गरिएको ठाउँमा तथ्याङ्कको लागि वा अनुसन्धानको लागि कसरी जाने तथा कुन कुन प्रक्रियाबाट जाने भन्ने कुरा पहिले निर्क्योल गर्नुपर्ने भएकाले यसको लागि निम्न प्रक्रियालाई अवलम्बन गरिएको थियो –

(क) सर्वप्रथम विभागीय प्रमुख अथवा शोध निर्देशकज्यूले दिएको पत्रसंग त्यसमा आफ्नो निवेदन राखेर आफूले अनुसन्धान गर्ने विषयको बारेमा सम्बन्धित क्षेत्रको प्रशासनिक प्रमुख वा प्र.अ. सँग भेटघाट गरी आफ्नो कामको बारेमा मौखिक र लिखित दुवै तरिकाबाट प्रष्ट पारिएको थियो । जुन प्रष्ट पारेको अनुसूची ८ मा दिइएको छ र कामको प्रष्ट पारेपछि अनुमतिको लागि अनुरोध गरिएको थियो ।

(ग) अनुमति पछि विद्यालयका प्रधानाध्यापक, शिक्षक र दण्ड र पुरस्कार नपाएका विद्यार्थीको सहमतिमा विद्यार्थीहरु छनोट गरिएको थियो भने प्रधानाध्यापकको सल्लाहमा शिक्षक छनोट गरिएको थियो । अनि मात्र कक्षा शिक्षणमा अवलोकन फाराम सहित प्रत्यक्ष तथा अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन गरिएको थियो जसको फोटो विद्यालयको पत्रहरुपछाडि राखिएको छ ।

(घ) छनोटमा परेका विद्यार्थीहरुसँग सामूहिक रुपमा भेट गरी खुल्ला अन्तर्वार्ता प्रश्नावली भराइएको छ, जसको फोटो विद्यालयको चिठीहरु पछाडि छ ।

(ङ) छनोटमा परेका शिक्षकहरुलाई खुल्ला अन्तर्वार्ता प्रश्नावली भर्न लगाइको थियो, जसको फोटो विद्यालयको चिठी पछाडि छ ।

(च) छनोटमा परेका विद्यार्थीहरुका अभिभावकहरुलाई उनीहरुको घरमा गएर भेट गरी अन्तर्वार्ता प्रश्नावलीको आधारमा अन्तर्वार्ता लिइएको थियो ।

(छ) सम्पूर्ण प्रधानाध्यापकलाई आ–आफ्नै विद्यालयमा अन्तर्वार्ता प्रश्नावली भराइएको थियो, जसको फोटो विद्यालयको चिठीहरु पछाडि राखिएको छ ।

(ज) विशेषगरी दण्ड र पुरस्कार पाउने हरेक विद्यालयबाट १/१ जना विद्यार्थीहरुको घटना अध्ययन गरिएको थियो, जसको फोटो विद्यालयको चिठी पछाडि राखिएको छ ।

(ज) अन्त्यमा प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकलाई आफ्नो काम सकिएको जानकारी गराउनुको साथै ४ वटा विद्यालय परिवार आ–आफ्ना विद्यालयलाई धन्यवाद दिइएको थियो ।

## ३.७ सूचनाको विश्लेषण र व्याख्या

यस अध्ययनका लागि संकलन गरिएका विभिन्न प्रकारका सूचना एवम् जानकारीहरुलाई अध्ययनको उद्देश्यहरु पूरा गर्ने गरी अलग अलग शीर्षक तथा उपशीर्षकमा राखेर गुणात्मक प्रक्रिया अन्तर्गत व्याख्यात्मक विधिको प्रयोग गरिएको थियो ।

## ३.८ नीतिगत पक्ष

यस अध्ययनको लागि छनोट गरिएको विद्यालय, प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीहरुको अनुसन्धानपछि नैतिक मूल्य, मान्यता, प्रचलित कानुनमा रही उहाँहरुको इच्छा, आकांक्षा तथा मान मर्यादामा मान हानी हुनेगरी उल्लेख गरिने छैन । आवश्यक परेको खण्डमा विद्यालयको नाम, प्र.अ., शिक्षक, अभिभावक लगायत विद्यार्थीहरुको नाम फेरबदल गरी वैकल्पिक नाम प्रयोग गरी अध्ययन तथा अनुसन्धान कार्यलाई मर्यादित बनाएर उहाँहरुका सम्बन्धित व्यक्तिगत कुराहरुलाई गोप्य राखी विश्लेषण तथा व्याख्या गरिने भने पनि यस अध्ययनमा विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकको नाम, ठेगाना राख्ने स्वीकृति दिएकोले वास्तविक उल्लेख गरिएको छ ।

# परिच्छेद – चार

# सूचनाको विश्लेषण र व्याख्या

निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था नामक शीर्षकको लागि दण्ड र पुरस्कारको अवस्था के–कस्तो छ ? कुन प्रकारको दण्ड र पुरस्कार दिने गरिन्छ ? दण्ड र पुरस्कार किन दिइन्छ ? दण्ड र पुरस्कारले शिक्षण सिकाइमा कस्तो प्रभाव (सकारात्मक, नकारात्मक) पार्दछ ? दण्ड र पुरस्कार सम्बन्धी सरोकारवालाहरुको धारणा के रहेको छ भन्ने उद्देश्यका साथ छनोटमा परेका (संस्थागत र सामुदायिक) श्री दीपज्योति विद्याश्रम मा.वि. कोहलपुर–४ चप्परगौडी, ग्रिनपिस मा.वि. चप्परगौडी, ज्ञान ज्योति उच्च मा.वि. चप्परगौडी तथा ने.रा.मा.वि. निवुवा खड्कवार गरी ४ वटा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकसँग गहन रुपमा छुट्टाछुट्टै अन्तर्वार्ता प्रश्नावली तयार गरी प्रत्यक्ष तथा अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन, विशेषगरी बढी दण्ड र पुरस्कार पाउने विद्यार्थीको घटना अध्ययन र उनीहरुको रेकर्ड अध्ययनबाट प्राप्त सूचना तथा जानकारीहरुलाई अनुसूची ११ मा दिएको चार्टको माध्यमबाट विश्लेषण तथा व्याख्या निम्नानुसार गरिएको छ :–

## ४.१ विद्यालयमा दण्ड र पुरस्कारको अवस्था

खासगरी बालबालिकाहरुको सर्वाङ्गीण पक्षको विकास गर्नको लागि आमाबाबु, दाजुभाइ, घरपरिवार तथा छरछिमेक र समाजको महत्वपूर्ण भूमिका रहेको हुन्छ भने त्यो भन्दा पनि महत्वपूर्ण भूमिका विद्यालयको रहने गर्दछ । त्यसकारण विद्यालय हरेक बालबालिकाको अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी सर्वाङ्गीण विकास गराउने साझा थलो हो । विद्यालयले शिक्षाका आधारभूत तथा मनोवैज्ञानिक सिद्धान्तहरु, नियम आचरणहरु, विशेषता तथा प्रविधिको उपयोग गरी शिक्षण सिकाइलाई अर्थपूर्ण प्रभावकारी एवम् उद्देश्यमूलक बनाउन सक्षम हुनु अहिलेको आवश्यकता हो । तर हाम्रो जस्तो गरीब र विकासोन्मुख राष्ट्रमा शिक्षाको स्थिति नाजुक रहेकोले हरेक ग्रामीण विद्यालयमा भौतिक सामग्रीको अभाव, तालिम प्राप्त शिक्षकको अभाव, शिक्षकहरुलाई सेवासुविधाको अभाव विद्यालयमा विद्यार्थीको संख्या विद्यालयको क्षमताभन्दा बढी रहेको छ । शिक्षकहरुमा मनोविज्ञानको कमी मात्र होइन शैक्षिक योग्यता पनि न्यून देखिन्छ । अझ संस्थागत विद्यालयमा त झनै शिक्षकको योग्यता पुगोस् वा नपुगोस् आफ्नो भाइ नातेदार तथा नजिकको व्यक्तिलाई शिक्षकमा भर्ना गर्ने परम्पराले जरो गाडेको छ । जसले गर्दा विद्यालयमा शिक्षाको गुणस्तर निकै खस्किँदो छ । वर्तमान समयमा पनि हाम्रो देशको विद्यालयहरुमा बालबालिकाहरुमाथि उचित व्यवहार, बालमनोविज्ञान अनुरुपको सिकाइ तथा बालमैत्री विद्यालय वातावरण नभएर पुरानै शैली अनुरुप नै पठनपाठन कार्य सञ्चालन हुँदै आएको पाइन्छ ।

निम्न माध्यमिक विद्यालयको दण्ड र पुरस्कारको अवस्था पहिचान गर्न छनोटमा परेका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकबाट प्राप्त गरिएको सूचना प्रतिक्रिया लगायत प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा गरिएको कक्षा शिक्षण अवलोकन विशेषगरी दण्ड र पुरस्कार पाएका विद्यार्थीमा गरिएको घटना अध्ययनबाट प्राप्त जानकारीहरुलाई (दण्ड र पुरस्कारको) अलग अलग रुपमा विश्लेषण र व्याख्या गरिन्छ ।

### ४.१.१ दण्डको अवस्था

दण्डको अवस्था सम्बन्धी विभिन्न प्रतिक्रियाको लागि ४ वटा विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकसँग अन्तर्वार्ता लिइएको थियो, निम्न तालिकामा उल्लेख गरिएको छ –

**तालिका ४.१**

**संस्थागत र सामुदायिक विद्यालयमा दण्डको अवस्था**

| क्र. सं. | विवरण | प्र.अ. (४) | शिक्षक (२४) | विद्यार्थी (२४) | अभिभावक (२४) | जम्मा (७६) |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय सधैं ढिलो आएमा, विद्यालयमा विध्वंसात्मक काम गरेमा, कक्षाकार्य र गृहकार्य कहिल्यै नगरेमा, कापी किताब र कलम नलिएर विद्यालय आएमा । | ४ | १४ | २४ | २४ | ७६ |
| २ | विषयवस्तुप्रति ध्यान नदिएमा, कक्षामा बढी हल्ला गरेमा, कक्षामा कम उपस्थित भएमा, प्रश्न सोध्दा नजानेमा, विद्यालयमा पढ्नमा कमजोर भएमा । | ० | १० | १० | ० | २० |
| ३ | शिक्षकहरुले भनेको नमानेमा, कक्षा नियन्त्रण गर्न, कक्षा अनुशासित तथा शान्त राख्न । | ० | ० | १९ | २४ | ४३ |

स्रोत : स्थलगत अध्ययन, २०६७

उपरोक्त तालिकाअनुसार प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकलाई एउटै तालिकामा राखेर हेर्दा क्रमशः यसरी विश्लेषण गरिन्छ :

विद्यालयमा विध्वांसात्मक कार्य गरेमा, विद्यालय सधैँ ढिलो आएमा, कक्षाकार्य तथा गृहकार्य कहिल्यै नगरेमा र कापी किताब नै नलिएर विद्यालयमा आएमा प्रधानाध्यापकले दण्ड दिने गरेको कुरा ४ वटै विद्यालयका सम्पूर्ण प्रधानाध्यापक १४ जना शिक्षक, २४ जना विद्यार्थी र सबै अभिभावकको प्रतिक्रिया पाइयो । त्यसैगरी विषयवस्तुमा ध्यान नदिएमा, कक्षामा बढी हल्ला गरेमा, कक्षामा कम उपस्थित भएमा, शिक्षकले प्रश्न सोध्दा नजानेमा, पढ्नमा कमजोर भएमा दण्ड दिने गरेको प्रतिक्रिया सबै विद्यालयका १० जना शिक्षक र १० जना विद्यार्थीको भनाइ थियो भने यसमा प्रधानाध्यापक र अभिभावकको कुनै प्रतिक्रिया पाइएन । फेरि शिक्षकहरुले भनेको नमानेमा, कक्षा नियन्त्रण तथा अनुशासित र शान्त राख्न दण्ड दिने गरेको १९ जना विद्यार्थी र सम्पूर्ण अभिभावकबाट प्रतिक्रिया पाइयो भने यसमा प्रधानाध्यापक र शिक्षकको कुनै पनि प्रतिक्रिया पाइएन ।

माथिको तालिकालाई स्पष्ट रुपमा व्याख्या गर्ने हो भने कुनै पनि विद्यालय संस्थागत होस् वा सामुदायिक होस्, विद्यालयमा विध्वंसात्मक कार्य गर्ने, विद्यालय ढिलो आउने, कक्षाकार्य र गृहकार्य नगर्ने, कक्षामा बढी होहल्ला गर्ने, कापी, कलम, किताब नलिएर विद्यालय आउने, कक्षामा कम उपस्थित हुने, विषयवस्तुप्रति चासो नराख्ने, विद्यालयमा नराम्रो काम गर्ने, शिक्षकले भनेको नमान्ने र प्रश्न सोध्दा नजान्ने जस्ता विद्यार्थीहरुलाई दण्ड दिने गरिएको प्रतिक्रिया धेरै प्रधानाध्यापक र शिक्षकबाट आए पनि शिक्षकले भनेको नमानेमा, कक्षा नियन्त्रण, शान्त र अनुशासित राख्न दण्ड पाउने गरेको प्रतिक्रिया विद्यार्थीहरु र अभिभावकबाट पाइयो । यसबाट के भन्न सकिन्छ भने खाली नराम्रो काम गर्नेलाई दण्ड दिनुभन्दा उसलाई हरेक क्रियाकलापबाट सम्झाउने प्रयास गर्नु र विद्यार्थीहरुलाई नियन्त्रणमुखी नभई स्वतन्त्र रुपमा शिक्षण सिकाइ गर्न दिनु पर्दछ ।

माथि तालिकामा शिक्षकले जे कुरा उल्लेख गरेको भए पनि पुरस्कारको अवस्था सम्बन्धी प्रत्यक्ष तथा अप्रत्यक्ष गरिएको शिक्षकको कक्षा शिक्षण अवलोकनबाट यस्तो देखियो ।सामुदायिक विद्यालयको कक्षा अवलोकनको क्रममा विज्ञान विषयको कक्षा थियो । त्यहाँ सौर्यमण्डल, वायुमण्डल लगायत पृथ्वीको सतहहरुको अध्ययन पढ्नु पढाउनु थियो, त्यसबेला शिक्षकले किताबमा जे लेखिएको थियो त्यही पढे । विद्यार्थीहरुलाई बुझ्न गाह्रो भएको थियो भनेर संस्थागत विद्यालयकै कक्षा ८ मा विज्ञान विषय पढाउने शिक्षकले विषयवस्तुमै प्रवेश नगरी ४५ मिनेट ५/७ वटा बाह्य बुँदाहरु लेखाएर गए । त्यहाँ विद्यार्थीहरु अलमलमा परे ताकि विषयवस्तुमा प्रवेश नै गरिएन । विद्यार्थीले कक्षामा प्रश्न गर्दा अनेक शब्दहरु बोलेर गाली गरेको, लट्ठीले हिर्काएको, नाम उपनामका साथ शारीरिक तथा मानसिक दण्ड दिएको पाइयो ।

फेरि सामुदायिक विद्यालयमा बसाइ व्यवस्थाको कारणबाट पनि दण्डित भएको शिक्षकको स्पष्ट आवाज नबुझ्दा पनि बीचमा प्रश्न सोध्दा दण्डित हुने गरेको पाइयो भने

संस्थागत विद्यालयमा विद्यार्थी संख्या कम थिए तर डेस्कबेन्च बढी थिए । ठूलो कोठामा विद्यार्थीहरु कम हुँदा शिक्षकले पढाएको आवाज ठूलो र गुन्जायमान थियो । यस्तो अवस्थामा विद्यार्थीहरुलाई अप्ठ्यारो परेको देखिन्थ्यो भने जाडोको मौसममा झ्यालढोकाको पल्ला थिएनन्, हावाहुरी चलेको थियो, विद्यार्थीहरु जाडोले काँपिरहेको अवस्था थियो । यस्तो किन भनी प्रश्न गर्दा ३ जना शिक्षकको प्रतिक्रिया यस्तो रहेको थियो :–

> *"विद्यार्थीहरु चकचक गर्छन्, हल्ला गर्छन्, फटाहा छन्, भनेको मान्दैनन्, त्यसकारण उनीहरुलाई प्राकृतिक दण्ड दिएको हो, शारीरिक दण्ड दिने हो भने प्रतिकार गरिहाल्छन्" ।*

यस्ता शारीरिक, मानसिक दण्ड दिने गरेको तर पुरस्कृत गर्ने गरेको पाइएन । तर गृहकार्य तथा कक्षाकार्य नियमित नगर्ने भनेको नमान्नेलाई मात्र सामान्य दण्ड दिए पनि चोटपटक लाग्नेगरी शारीरिक दण्ड र हतोत्साही हुनेगरी मानसिक दण्ड दिनु हुँदैन । यस्ता शारीरिक तथा मानसिक दण्ड वास्तवमा विद्यार्थीको हितविपरीत छन् । यी सम्पूर्ण पक्षलाई न केलाएर कक्षाकोठामा विद्यालयले पुरस्कारभन्दा दण्डलाई बढी अँगालेको कारण विद्यालयहरु यातना घर जस्तै वा जेलसरह देखिन्छन् ।

विशेषगरी दण्ड पाएका विद्यार्थीहरुको घटना अध्ययन गर्दा यस्तो प्रतिक्रिया थियो । विद्यालयमा विद्यार्थीहरुलाई गालामा झापट दिने, गाली गर्ने, जनावरको उपमा नाम राख्ने, अनेक शब्दहरु बोलेर नाम राख्ने, साथीहरुको अगाडि लज्जित बनाउने, कक्षाबाट बाहिर निकालिदिने, रष्टिगेट गर्ने, धम्की दिने गरेको प्रतिक्रिया पाइयो । किन ? भन्ने प्रश्नमा कक्षाकोठामा भित्र पस्न ढिला भएमा, गृहकार्य नगरेमा, कक्षाकोठामा चकचक गरेमा, होहल्ला गरेमा, आफूहरु दण्डित भएको प्रतिक्रिया थियो जसमा शारीरिक दण्डको तुलनामा मानसिक दण्ड बढी दिने गरेको प्रतिक्रिया थियो भने पुरस्कार चाहिँ अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुँदा तथा कक्षामा पढाइमा उत्कृष्ट भएमा मात्र पाइने गरेको प्रतिक्रिया थियो ? कस्तो प्रकारको भन्ने प्रश्नमा भौतिक पुरस्कार जसमा कापी, कलम, पेन्सिल, सामान्य ज्ञान, विद्यालय पोशाक, झोला, मेडल लगायत प्रमाणपत्र दिने गरेको प्रतिक्रिया पाइयो ।

माथिको घटना अध्ययनबाट दण्डसम्बन्धी अवस्था आँकलन गर्दा वास्तवमा शारीरिक र मानसिक दण्डबाटै विद्यार्थीहरु त्रसित छन् तर पुरस्कार सामान्य र परम्परागत नीति नियममा परम्परागत पुरस्कार दिने गरेकोले वास्तवमा विद्यार्थीहरु त्यति खुशी, हौसलामुखी, उत्साहित नभएको भन्ने थाहा हुन्छ । दण्ड दिनुभन्दा केही फरक ढंगले पुरस्कार दिएमा विद्यार्थीमा जोस, जाँगर, मेहनत र उत्प्रेरणा बढेर आउँदछ भन्ने कुरा स्पष्ट देखिन्छ ।

### ४.१.२ विद्यालयमा पुरस्कारको अवस्था

**तालिका ४.२**

**विद्यालयमा पुरस्कारको अवस्थाबारे प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया**

| क्र. सं. | विवरण | प्र.अ. (४) | शिक्षक (२४) | विद्यार्थी (२४) | अभिभावक (२४) | जम्मा |
|---|---|---|---|---|---|---|
| २ | पढाइमा उत्कृष्ट (प्रथम, द्वितीय, तृतीय) भएमा, अतिरिक्त क्रियाकलापमा उत्कृष्ट (प्रथम, द्वितीय, तृतीय) भएमा | ४ | २४ | २४ | २४ | ७६ |
| २ | सधैँ कक्षाकार्य र गृहकार्य गरेमा, शिक्षकले भनेको मानेमा, कक्षामा अनुशासित भएमा,सधैँ ठीक समयमा विद्यालय आएमा, प्रश्न सोधेको जानेमा | २ | १२ | १२ | ० | २६ |
| ३ | सफा सुग्घर भएमा, कक्षामा अनुशासित भएमा, | २ | १२ | १२ | ० | २६ |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिकामा पुरस्कारको अवस्थाबारे प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया यस्तो रहेको छ :

पढाइमा उत्कृष्ट (कक्षामा प्रथम, द्वितीय, तृतीय) र अतिरिक्त क्रियाकलापमा (प्रथम, द्वितीय, तृतीय) भएमा ४ वटा विद्यालयका सम्पूर्ण प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकको प्रतिक्रिया पाइयो भने सधैँ गृहकार्य र कक्षाकार्य गरेमा, शिक्षकले भनेको मानेमा, कक्षामा अनुशासित भएमा, ठीक समयमा विद्यालय आएमा, प्रश्न सोधेको जानेमा, पुरस्कार पनि दिने प्रतिक्रिया २ वटा संस्थागत विद्यालयहरुका २ जना प्रधानाध्यापक, १२ जना शिक्षक र १२ जना विद्यार्थीबाट पाइयो भने सफा सुग्घर र अनुशासित भएमा पुरस्कार दिने प्रतिक्रिया सामुदायिक विद्यालयका २ जना प्रधानाध्यापक, १२ जना शिक्षक र १२ जना विद्यार्थीको प्रतिक्रिया पाइयो ।

माथिको तालिका ४.२ बाट वा विद्यालयमा पुरस्कारको अवस्थाबाट के व्याख्या गर्न सकिन्छ भने खासगरी संस्थागत होस् वा सामुदायिक जुन विद्यालय भए पनि विद्यार्थीले आफ्नो पढाइमा उत्कृष्ट भएमा र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएमा मात्र पुरस्कार पाउने गरेको प्रतिक्रिया सबै सरोकारवालाबाट पाइयो । यसबाट के भन्न सकिन्छ भने खाली उत्कृष्ट विद्यार्थीहरुलाई मात्र पुरस्कृत गर्ने र अन्य कमजोर विद्यार्थीहरुलाई पुरस्कृत नगर्ने हो भने कमजोर विद्यार्थीको शिक्षण सिकाइमा सुधार ल्याउन सकिँदैन तथा सामुदायिक विद्यालय र संस्थागत विद्यालय दुवैमा पुरस्कार दिने व्यवस्था हुनु राम्रो मानिन्छ ।

### ४.१.३ विद्यालयमा दण्डको प्रकार

विद्यालयमा शारीरिक दण्डबारे प्र.अ., शिक्षक तथा विद्यार्थीको प्रतिक्रिया निम्न तालिकामा देखाइएको छ :–

**तालिका ४.३**

**विद्यालयमा शारीरिक दण्डबारे प्र.अ., शिक्षक तथा विद्यार्थीको प्रतिक्रिया**

| क्र. सं. | विवरण | प्र.अ. (४) | शिक्षक (२४) | विद्यार्थी (२४) | जम्मा (५२) |
|---|---|---|---|---|---|
| १ | कान समातेर २० देखि १०० पटकसम्म उठबस गर्न लगाउने, उभ्याएर घन्टौं राख्ने, मुर्गा, जोक्कर बनाउने, | ४ | १६ | १४ | ३४ |
| २ | चोटपटक लाग्नेगरी लट्ठी, डस्टरले हिर्काउने, कान तान्ने, आँखीभौं उखेल्ने, रौं तान्ने, दुई औंलाको बीचमा पेन्सिल राखेर दाब्ने, हातले गालामा पिट्ने चिमोट्ने, एक अर्काको टाउको ठोकाउने र साथीलाई पिट्न लगाउने । | २ | ८ | १० | २० |

स्रोत : स्थलगत अध्ययन, २०६७

तालिका ४.३ बाट के विश्लेषण गरिन्छ भने विद्यालय दण्डको प्रकारमा कान समातेर २० देखि १०० पटकसम्म उठबस गर्न लगाउने, उभ्याएर घण्टौं राख्ने र मुर्गा जोक्कर जस्ता शारीरिक दण्डहरु दिइन्छ भन्ने ४ जना प्रधानाध्यापक, १६ जना शिक्षक र १४ जना विद्यार्थीहरुको प्रतिक्रिया पाइयो भने चोटपटक लाग्ने गरी लट्ठी, डस्टरले हिर्काउने, कान तान्ने, आँखीभौं उखेल्ने, रौं तान्ने, हातले गालामा पिट्ने, चिमोट्ने, एक अर्काको टाउको ठोकाउने र

साथीलाई पिट्न लगाउने भन्ने २ जना प्रधानाध्यापक, ८ जना शिक्षक र १० जना विद्यार्थीको सामुदायिक विद्यालयका शिक्षक र दुवै विद्यालयका विद्यार्थीहरुको प्रतिक्रिया पाइयो । उता संस्थागत विद्यालयले क्र.सं. १ का प्रतिक्रियामा बढी जोड दिएको पाइयो ।

तालिका ४.३ लाई व्याख्या गर्दा विशेषगरी प्रधानाध्यापक र शिक्षकले विद्यार्थीलाई २० देखि १०० पटकसम्म कान समातेर उठबस गर्न लगाउने, उभ्याएर घण्टौं राख्ने, मुर्गा, जोक्कर बनाउने, जस्ता शारीरिक दण्ड दिन गरेको प्रतिक्रिया धेरैबाट आएको छ भने चोटपटक लाग्नेगरी पिट्ने, साथीलाई पिट्न लगाउने, टाउको ठोकाउने जस्ता प्रतिक्रियाहरु विशेषगरी सामुदायिक विद्यालयमा भएको पाइन्छ । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा शारीरिक दण्ड बढी दिने गरेको पाइयो । यसबाट के भन्न सकिन्छ भने विद्यार्थीहरुलाई चोटपटक लाग्ने किसिमको दण्ड नदिएर आत्मानुभूति हुने किसिमका दण्डहरु वा नराम्रो काम सुधार गर्ने किसिमको सकारात्मक दण्ड दिनु पर्दछ । फेरि संस्थागत विद्यालयले शारीरिक दण्डका प्रकारहरु सुधार गर्नु पर्दछ ।

विद्यालयमा मानसिक दण्ड सम्बन्धी प्रधानाध्यापक, शिक्षक, विद्यार्थीको प्रतिक्रिया निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.४**

**विद्यालयमा मानसिक दण्ड सम्बन्धी प्रधानाध्यापक, शिक्षक, विद्यार्थीको प्रतिक्रिया**

| क्र. सं. | विवरण | प्र.अ. (४) | शिक्षक (२४) | विद्यार्थी (२४) | जम्मा (५२) |
|---|---|---|---|---|---|
| १ | गाली गर्ने, झपार्ने, धम्क्याउने, कडा निर्देशन दिने, रेष्टिगेट गर्ने, कक्षाबाट निकालेर घर पठाइदिने, तल्लो कक्षामा राखिदिने, साथीको सामुन्ने कक्षामा लज्जित गराउने । | ४ | २४ | २४ | ५२ |
| २ | होच्याएर बोलाउने, निरुत्साहित गर्ने, साले गधा कुकुर, बाँदर भनी भन्ने, अन्धो, काले, फुच्चे, गोरे भनी जनावरको उपमा नाम राख्ने, | २ | १३ | १४ | २९ |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका ४.४ मा मानसिक दण्डबारे कडा निर्देशन दिने, गाली गर्ने, झपार्ने, कक्षाबाट निकालेर घर पठाइदिने र रेष्टिगेट गर्ने जस्ता मानसिक दण्ड दिइन्छ भन्ने सम्पूर्ण विद्यालयका ४ जना प्रधानाध्याक, २४ जना शिक्षक र २४ जना विद्यार्थीको प्रतिक्रिया पाइयो भने होच्याएर बोलाउने, मूर्ख, बदमानस, साले गधा, जोक्कर भन्ने, कुकुर, बाँदर भन्ने, तल्लो

कक्षामा राखिदिने, अन्धो फुच्चे, काले समेत भन्ने गरेको भनी नाम राख्ने जस्ता मानसिक दण्ड दिइन्छ भन्ने प्रतिक्रिया २ जना प्रधानाध्यापक, १३ जना शिक्षक र १४ जना विद्यार्थीको प्रतिक्रिया पाइयो ।

माथिको तालिका ४.४ को व्याख्या गर्दा खासगरी विद्यालयमा मानसिक दण्डको नाममा विद्यार्थीलाई अनुशासनमा राख्न, गाली गर्ने, झपार्ने, धम्क्याउने, कडा निर्देशन दिने र विद्यार्थीलाई कक्षाबाट निकालेर घर पठाइदिने, रेष्टिगेट गर्ने, तल्लो कक्षामा राखिदिने, बदमास, साले गधा भन्ने, जनावरको उपमा नाम राख्ने, लज्जित गराउने गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने यस्तो मानसिक दण्डको कारण विद्यार्थीहरुमा हौसलामुखी वा सुधारोन्मुख प्रगति नभएर विद्यार्थीमा निरुत्साहित, लज्जित भावनातिर उन्मुख भई उनीहरुको अध्यापन कार्यमा समेत बाधा पर्दछ । तर शारीरिक दण्डको तुलनामा मानसिक दण्डले बढी विद्यार्थीमा असर पर्ने हुँदा यी दुवै दण्ड विद्यार्थीको लागि राम्रो होइन भन्ने कुरा स्पष्ट हुन्छ । सामुदायिक विद्यालयमा कडा मानसिक दण्ड दिने र संस्थागत विद्यालयमा बढी शारीरिक दण्ड र सामान्य मानसिक दण्ड दिने भएकोले दुवै विद्यालयमा फरक देखिन्छ । यसरी दिइने दण्डले विद्यार्थीमा आत्मबल कमजोर पारेर विद्यार्थीको प्रगति हुँदैन ।

### ४.१.४ पुरस्कारको प्रकार

पुरस्कारको प्रकारबारे प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया निम्न तालिकामा देखाइएको छ :–

**तालिका ४.५**

**पुरस्कारको प्रकारबारे प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया**

| क्र. सं. | विवरण | प्र.अ. (४) | शिक्षक (२४) | विद्यार्थी (२४) | अभिभावक (२४) | जम्मा (७६) |
|---|---|---|---|---|---|---|
| १ | कापी, कलम, पेन्सिल, झोला, विद्यालय पोशाक, किताब, सामान्यज्ञान, प्रमाणपत्र, मेडल, मिठाइ | ४ | २४ | २४ | २४ | ७६ |
| २ | स्यावास, धन्यवाद, राम्रो, धेरै राम्रो, अति राम्रो, शरीरमा हात राखी धाप मार्ने, अझै प्रयास गर, | २ | १८ | २० | ० | ४० |
| ३ | माया, ममता, मिठो स्वरले बोलाउने, कक्षामा प्रशंसा गर्ने, परीक्षामा अंक थप गरिदिने । | ० | ६ | ४ | ० | १० |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका ४.५ बाट नै के स्पष्ट देखिन्छ भने विद्यालयमा विद्यार्थीलाई आर्थिक पुरस्कार दिने गरेको पाइएन तर भौतिक पुरस्कार भने कापी, कलम, पेन्सिल, विद्यालय पोशाक, झोला, मेडल र प्रमाणपत्र विद्यालयले दिने गरेको, सम्पूर्ण विद्यालयका ४ जना प्रधानाध्यापक, २४ जना शिक्षक, २४ जना विद्यार्थी र २४ जना अभिभावकको प्रतिक्रिया पाइयो । तर उत्प्रेरणात्मक, शाब्दिक, सम्वलनहरु भने संस्थागत विद्यालयका सम्पूर्ण शिक्षकले शब्दमै प्रकट गरेर स्यावास, धन्यवाद, राम्रो, धेरै राम्रो, अति राम्रो, अझ प्रयास गर भन्ने, विद्यार्थीको शरीरमा हातराखी धाप मार्ने, मीठो स्वरले बोलाउने, कक्षामा प्रशंसा गरी विद्यार्थीहरुलाई हौसला प्रदान गरिन्छ भन्ने २ जना संस्थागत विद्यालयका प्रधानाध्यापक, १८ जना शिक्षक र २० जना विद्यार्थीको प्रतिक्रिया पाइयो भने यस सम्बन्धी अभिभावकको कुनै प्रतिक्रिया पाइएन । माया, ममता, मिठो स्वरले बोलाउने, कक्षामा प्रशंसा गर्ने, परीक्षामा अंक थप गरिदिने भन्ने प्रतिक्रियामा संस्थागत विद्यालयका ६ जना शिक्षक, ४ जना विद्यार्थीको प्रतिक्रिया पाइयो भने यसमा कुनै पनि अभिभावकको प्रतिक्रिया पाइएन ।

यसरी व्याख्या गर्दा आर्थिक पुरस्कार दुवै खाले विद्यालयमा नदिने तर शाब्दिक रुपमा उत्प्रेरणात्मक हौसलामुखी शब्दहरु भने संस्थागत विद्यालयका शिक्षकले प्रयोग गर्ने गरे पनि

सामुदायिक विद्यालयका शिक्षकहरुले हौसलामुखी शब्दहरु प्रयोग गर्ने गरेको प्रतिक्रिया पाइएको छैन । त्यसकारण सामुदायिक विद्यालयका शिक्षकहरुले पनि यसको प्रयोग गर्नु पर्दछ र कमजोर विद्यार्थीहरुलाई हौसला दिँदा उसले प्रयास गरी प्रगतितिर उन्मुख गर्दछ, त्यसैले यसको प्रयोग गर्नु राम्रो हो ।

### ४.१.५ विद्यालयमा दण्डको व्यवस्था

विद्यालयमा दण्ड र पुरस्कार दिने व्यवस्थाबारे सबै विद्यालयका प्र.अ., शिक्षक र विद्यार्थीको प्रतिक्रिया निम्न तालिकामा देखाइएको छ :–

**तालिका ४.६**

**दण्ड र पुरस्कार दिने व्यवस्थाबारे विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया**

| क्र. सं. | विवरण | प्र.अ. (४) | शिक्षक (२४) | विद्यार्थी (२४) | अभिभावक (२४) | जम्मा (७६) |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा विद्यार्थीले गल्ती नदोहोऱ्याउन कागज गराउने, अफिसमा प्र.अ. को जिम्मा लगाउने, विद्यालयबाट रेष्टिगेट गर्ने, कक्षामा पैसा तिराउने, विद्यार्थीलाई ३ देखि ५ पटकसम्म सम्झाउने, अभिभावकलाई बोलाएर जानकारी गराउने, शारीरिक दण्ड | ४ | २४ | २४ | २४ | ७६ |
| २ | विद्यार्थी अनुशासित भएमा, उत्कृष्ट नतिजा ल्याएमा, कक्षाकार्य र गृहकार्य सधैँ गरेमा, अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएमा, | ४ | २४ | २४ | २४ | ७६ |
| ३ | सधैँ सफासुग्घर भएमा, विद्यालयको नीति नियम पालना गरेमा, विद्यालयमा समयमा आएमा, प्रार्थना राम्रो गरेमा, कक्षामा साथीहरुसँग छलफल गरेमा । | २ | ९ | १२ | ० | २५ |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथिको तालिका ४.६ मा विद्यालयमा दण्ड र पुरस्कार दिने व्यवस्था के कस्तो छ ? भनी प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको समष्टिगत प्रतिक्रिया, अफिसमा बोलाएर प्रधानाध्यापकको जिम्मा शिक्षकहरुले लगाउने, विद्यार्थीलाई ३ देखि ५ पटकसम्म अफिसमा सम्झाउने, अभिभावकलाई बोलाएर जानकारी गराउने, विद्यार्थीलाई गल्ती नदोहोऱ्याउन कागज गर्ने गराउने र रेष्टिगेट गर्ने व्यवस्था छ भनी ४ वटै विद्यालयका ४ जना प्रधानाध्यापक, २४ जना शिक्षक, २४ जना विद्यार्थी र २४ जना अभिभावकको प्रतिक्रिया पाइयो ।

सबै विद्यालयमा पढाइमा उत्कृष्ट नतिजा प्राप्त गर्ने, कक्षाकार्य र गृहकार्य सधैँ गर्ने, र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीहरुलाई पुरस्कार दिने व्यवस्था भन्ने संस्थागत सबै विद्यालयका ४ जना प्रधानाध्यापक, २४ जना शिक्षक, २४ जना विद्यार्थी, २४ जना अभिभावकको प्रतिक्रिया पाइयो भने अर्को कुरा सधैँ सफासुग्घर भएमा, विद्यालयको नीति नियम पालना गरेमा, विद्यालयमा समयमा आएमा, प्रार्थना राम्रो गरेमा, कक्षामा साथीहरुसँग छलफल गरेमा, पुरस्कार दिने व्यवस्था भन्ने सामुदायिक विद्यालयका २ जना प्रधानाध्यापक, ९ जना शिक्षक, १२ जना विद्यार्थीको प्रतिक्रिया थियो भने अभिभावकको कुनै प्रतिक्रिया थिएन । उता संस्थागत विद्यालयमा शिक्षकहरुले उत्प्रेरणात्मक शब्दले आफूहरु पुरस्कृत गर्ने प्रतिक्रिया दिए ।

माथिको तालिकाबाट के व्याख्या गर्न सकिन्छ भने दण्डको व्यवस्था सम्बन्धी प्रधानाध्यापकले अफिसमा बोलाएर सम्झाउने विद्यार्थीलाई (३ देखि ५) पटकसम्म सम्झाउने, अभिभावकलाई बोलाएर जानकारी गराउने, रेष्टिगेट गर्ने, गल्ती नदोहोरिने गरी कागज गराउने व्यवस्था छ तर यसबाट के स्पष्ट हुन्छ भने संस्थागत विद्यालयमा यो नियम लागू भए पनि कम गरेको पाइन्छ किनकि विद्यार्थी अन्य विद्यालयमा जाने डरले यो व्यवस्था लागू गरेको पाइँदैन भनी स्पष्ट हुन्छ । त्यसमा पनि दीपज्योति विद्याश्रम मा.वि. भन्दा ग्रिनपिस मा.वि. नीतिनियम र व्यवस्था लागू गर्न पछि हटेको कुरा प्रधानाध्यापक र शिक्षकहरुबाट मौखिकरुपमा भनेका थिए ।

### ४.१.६ दण्ड र पुरस्कार दिने कारणहरु

"तपाईंले किन, कुन कारणले दण्ड पुरस्कार दिने गर्नु भएको छ ?" भन्ने प्रतिक्रियामा प्रधानाध्यापक र शिक्षक प्रतिक्रिया यस्तो छ – विद्यार्थीको बानी सुधार गर्ने, विद्यार्थीलाई पढाइप्रति रुचि तथा उत्प्रेरणा जगाउन, कक्षाकार्य र गृहकार्य नियमित गराउन, विद्यार्थीहरुलाई कक्षामा छलफल गर्ने बानीको विकास गर्न दण्ड दिने गरेको प्रतिक्रिया पाइयो भने विद्यार्थीले आफूहरुलाई शिक्षकले विषयवस्तुप्रति राम्रो तयारी नगरेर आउँदा हल्ला गर्छन् भनी अनुशासनमा राख्न, शिक्षक र विद्यार्थीको सम्बन्धलाई टाढा बनाउन, कक्षा नियन्त्रित र शान्त बनाउन शिक्षकहरुले दण्ड दिने गरेको प्रतिक्रिया थियो । फेरि पुरस्कारको सवालमा कुन अवस्था किन दिनुहुन्छ भन्ने प्रश्नमा उत्कृष्ट नतिजा र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएमा मात्र पुरस्कार

दिइन्छ अन्यथा दिइँदैन भन्ने प्रधानाध्यापकको प्रतिक्रिया थियो भने चारवटै विद्यालयका शिक्षकहरुको एउटै प्रतिक्रिया यस्तो थियो :–

> *"पुरस्कार भन्ने चिज विद्यालयले दिने हो । शिक्षक त खाली पढाउने र नजानेको विषयवस्तु सिकाउने हो । यदि आफ्नो तलवबाट पुरस्कार बाँड्दै जाने हो भने घरमा छोराछोरी, घरपरिवार भोकै हुने गर्छन् । त्यसकारण पुरस्कार दिन सकिँदैन । यदि पुरस्कार दिएर शिक्षण गर्ने हो भने त्यसको व्यवस्था विद्यालयले गरिदिनु पर्दछ नत्र यसको प्रयोग व्यक्तिगत रुपमा हामी गर्न सक्दैनौं ।"*

माथिको प्रतिक्रियाबाट के व्याख्या गर्न सकिन्छ भने खासगरी विद्यार्थीहरुलाई बानी सुधार्ने, अनुशासित राख्ने, कक्षा नियन्त्रित गर्ने, शान्त बनाउने नाममा दण्ड दिनु हुँदैन बरु उनीहरु कुमालेको काँचो माटो जस्तै भएकोले जसरी हुन्छ राम्रोसँग सम्झाउने, बुझाउने र सिकाउने गर्नु पर्दछ । दण्डको तुलनामा पुरस्कारको कम प्रयोग गर्दा विद्यालय तथा यस्तो शिक्षकको आफ्नो इज्जत र प्रतिष्ठामा आँच आउने किसिमको काम गर्नु हो । यदि पुरस्कार दिन नसके पनि हौसला दिँदा विद्यार्थीहरुमा जोस, जाँगर आउँदछ ।

## ४.२ विद्यालयमा दण्ड र पुरस्कारले शिक्षण सिकाइमा पारेको (सकारात्मक तथा नकारात्मक) प्रभाव

निम्न माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरु कुन कुन अवस्था, के कसरी र किन दण्डित र पुरस्कृत हुन्छन् ? भन्ने कुरा यस अघि उल्लेख गरिसकिएको छ । विद्यार्थीहरु जे–जसरी दण्डित र पुरस्कृत भए पनि यसको प्रभावलाई नकार्न मिल्दैन । शारीरिक रुपमा दिएको दण्डले पारेको प्रभावलाई त सबैले थाहा पाउन तथा बुझ्न सक्दछन् तर मनोवैज्ञानिक रुपमा दिइने दण्डले कति प्रभाव वा असर पुऱ्याउँदछ ? भन्ने कुरा बुझ्न निकै गाह्रो छ । जसको मूल्याङ्कन गर्न पनि सहज छैन । विद्यार्थीहरुलाई मानसिक दण्ड दिँदा पर्ने प्रभावका बारेमा ज्ञान नभए पनि वा अन्जानमा कति शिक्षकहरुद्वारा यसको प्रयोग बढी गरिएको पाइन्छ ।

विद्यालयमा दिइने दण्डले विद्यार्थीहरुको शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक विकासमा पार्ने प्रभावले उनीहरुको समग्र व्यक्तित्वलाई नै प्रभाव पार्दछ । त्यसैगरी विद्यालयमा दिइने पुरस्कारले विद्यार्थीहरुमा के प्रभाव पाऱ्यो ? कस्तो परिवर्तन ल्यायो र पुरस्कारबाट विद्यार्थीहरुलाई हौसला प्रदान गर्दा हुन जाने प्रभावले समग्र उनीहरुको जीवनको संघारमा नै प्रभाव पार्ने हुँदा दण्डको तुलनामा पुरस्कारको प्रयोग गर्नु आजको आवश्यकता पनि हो ।

छनोटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकसँग दण्ड र पुरस्कार दिँदा विद्यार्थीहरुमा के कस्तो प्रभाव पर्दछ ? भनी राखिएको विभिन्न जिज्ञासाको जवाफलाई केलाएर हेर्दा निम्न रुपमा उल्लेख गर्न सकिन्छ :

### ४.२.१ दण्डको सिकाइमा सकारात्मक प्रभाव

विद्यार्थीहरुलाई दण्ड दिँदा उनीहरुको सिकाइ तथा पढाइमा के कस्तो सकारात्मक प्रभाव परेको देख्नुभएको छ भन्ने प्रश्नको जिज्ञासामा प्रधानाध्यापकहरुको जवाफ यस्तो थियो – सुधारात्मक तथा सचेतात्मकपूर्वक दिएको दण्डले विद्यार्थीहरुको पठनपाठन कार्यमा ध्यान गएको र बानी व्यवहार सुधार भएर सकारात्मक सहयोग पुग्ने गरेको, विद्यार्थीहरु सजाय पाइन्छ भन्ने डरले बदमासी नगर्ने, अनुशासित हुने, समयमै विद्यालय आउने र अनावश्यक हल्ला नगर्ने जस्ता सकारात्मक प्रभाव पर्ने गरेको कुरा व्यक्त गरेका थिए ।

यसैगरी शिक्षकहरुले आफूहरुसँग कहिल्यै पनि गृहकार्य नगर्ने, विद्यार्थीहरुले गृहकार्य गरेको, कक्षामा अनावश्यक हल्ला नगरी बस्ने, अनुशासित भएको, पढाइप्रति ध्यान गएको जस्ता सकारात्मक पक्षलाई औंल्याएका थिए । यसै सन्दर्भमा श्री ज्ञानज्योति उच्च माध्यमिक विद्यालय र श्री ग्रिनपिस माध्यमिक विद्यालयका १/१ जना शिक्षकहरुले ढुक्कसँग यस्तो भनाइ थियो :–

> *जे जति गरे पनि दण्ड बिना कक्षा नियन्त्रण गर्न र अनुशासनमा राख्न सकिँदैन, विद्यार्थीहरु नटेरेर हल्ला गरी बस्दछन्, पढाइमा ध्यान दिँदैनन् । त्यस्तो अवस्थामा दण्ड नदिएर कसरी सुध्रन्छन् त ? हामी विद्यार्थी भएको अवस्थामा लट्ठीले गोरु चुटेजस्तै गरी शिक्षकले चुट्थे र अनुशासन कायम थियो तर आजका यी विद्यार्थीहरुमा अनुशासन नै छैन त्यसकारण दण्ड दिनु पर्दछ ।"*

यसैगरी विद्यार्थीहरु पनि आफूहरुले दण्ड पाएपछि केही पढ्न मन लागे पनि साथीको साम् हीनताबोध हुने, पढ्ने विषयवस्तुप्रति अन्तर्आत्मादेखि रुचि नबढ्ने, त्रासपूर्ण वातावरणमा पढेको जस्तो हुने, गृहकार्य तथा कक्षाकार्य गर्न डरको कारण केही मन जाने कुरा व्यक्त गरेका थिए ।

फेरि अभिभावकहरुले दण्डबाट केही सकारात्मक प्रभाव परेको प्रतिक्रिया दिएका छन् जसमा छोराछोरीले दण्ड पाउने डरले घरमा पढ्ने, गृहकार्य गर्ने, समयमै पोसाक लगाएर विद्यालय जाने, घरमा झैँझगडा गर्दा "विद्यालयमा गएर सरलाई भनिदिन्छु" भनेपछि झैँझगडा नगर्ने गरे पनि दण्ड दिँदा शिक्षकहरुले विचारगरी सुधारात्मक किसिमले दिनु पर्दछ ।

यसरी माथिको हरेक प्रतिक्रिया केलाएर हेर्दा विद्यार्थीहरुलाई सचेतात्मक र सुधारात्मक तरिकाले दिएको दण्डले विद्यार्थीहरुको पढाइमा सहयोग पुग्ने तथा नराम्रा बानी व्यवहारमा सुधार आउने जस्ता सकारात्मक प्रभाव परेको देखिन्छ भने शारीरिक रुपमा प्रधानाध्यापक र शिक्षकहरुले निरंकुशता लाद्न र आफ्नो गल्ती ढाकछोप गर्न दिएको दण्डले विद्यार्थीहरुमा नकारात्मक प्रभाव पार्दछ भन्ने कुरा पुष्टि हुन्छ ।

### **४.२.२ पुरस्कारको सिकाइमा सकारात्मक प्रभाव**

पुरस्कारले विद्यार्थीहरुको सिकाइमा के कस्तो सकारात्मक प्रभाव परेको छ भन्ने जिज्ञासामा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकको समष्टिगत प्रतिक्रिया एउटै थियो जसमा पुरस्कारबाट विद्यार्थीहरुमा पठनपाठन कार्यमा ध्यान गएको, उत्प्रेरित र उत्साहित हुने गरेको, अनुशासित भएको, समयमा पोशाक लगाएर विद्यालय नियमित आउने गरेको, अतिरिक्त क्रियाकलापमा भाग लिन रुचाउने, कक्षाकार्य र गृहकार्य सधैं गर्ने र देखाउने गरेको, घरमा अधिकांश समयमा पढ्ने बाँकी समयमा अतिरिक्त क्रियाकलाप गर्ने गरेको, विषयवस्तुमा मेहनतसाथ कोशिस गर्ने, शिक्षकसँग राम्रो सम्बन्ध भएको, निर्धक्क रुपमा नडराएर बोल्ने, हरेक कुरामा चासो राख्ने गरेको सकारात्मक र सुधारोन्मुख हौसलामुखी प्रभाव परेको प्रतिक्रिया पाइयो ।

पुरस्कार पाउने विद्यार्थीहरु नियमित पोशाकमा सधैं आउने गरेको पाइयो । पुरस्कार पाउने विद्यार्थीको अनिवार्य विषयको नतिजा ९० प्रतिशत भन्दा बढी अंक ल्याउने र अन्यमा ७५ प्रतिशत भन्दा बढी अंक ल्याएर उत्कृष्ट नतिजा ल्याउने गरेको प्रधानाध्यापक र शिक्षकसाग विद्यार्थी अफिसमा कामले मात्र आउने गरेको पाइयो । पुरस्कार पाउने विद्यार्थीसँग सम्बन्ध सुमधुर र राम्रो सम्बन्ध रहेको, पुरस्कार पाउने विद्यार्थीको अभिभावक, शिक्षक र प्रधानाध्यापकसँगको सम्बन्ध राम्रो र सुमधुर रहेको पाइयो । पुरस्कारले विद्यार्थीमा उत्साहित बनाउने, स्वयम्लाई पढ्नुपर्छ भन्ने भावनाको विकास हुने, अतिरिक्त क्रियाकलापमा सक्रिय गराउने, अझै अध्ययनशील भएर अझै राम्रो पुरस्कार प्राप्त गर्न पाए हुन्थ्यो भन्ने हौसला जागेर आउने, आफ्नो भविष्यको बाटो आफैले बनाउनु पर्दछ, प्रगतितिर उन्मुख हुनुपर्दछ भन्ने जस्ता सोचहरु बढ्ने प्रतिक्रिया पाइयो । यसै सन्दर्भमा दीपज्योति विद्याश्रम मा.वि. कक्षा ६ सेक्सन ए को विद्यार्थी श्री दिपकप्रकाश ज्योतिको भनाइ यस्तो थियो :–

> *“जब म कक्षामा उत्कृष्ट, वादविवादमा उत्कृष्ट र भए त्यसबेला विद्यालयले मलाई शिल्ड, मेडल, कापी, कलम, पेन्सिल उपलब्ध गरायो । त्यसबेला मेरो मनमा कुरा उब्जिन्थ्यो यदि मैले एउटा कक्षामा र वादविवादमा उत्कृष्ट हुँदा यस्तो पुरस्कारबाट सम्मानित भए भने म भोलि एस.एल.सी. र कलेजको पढाइमा, उत्कृष्ट हुँदा तथा जिल्ला र राष्ट्रिय स्तर वादविवादमा*

*उत्कृष्ट हुँदा के होला ? भन्ने प्रश्न उठ्छ र हालमा सधैँ प्रथम हुन्छ तर पुरस्कारको नाममा नगद पुरस्कार दिने हो भने बाहिरी खर्च हुने, पढाइको सिलसिलामा खर्च नहुने र विद्यार्थीमा विकृति आउने भएकोले भौतिक पुरस्कार दिनु हुँदैन ।"*

यसबाट के स्पष्ट हुन्छ भने वास्तवमा दण्डको तुलनामा पुरस्कारलाई बढी प्रयोग गर्दा विद्यार्थीमा दण्डबाट पर्ने सकारात्मक प्रभावभन्दा पुरस्कारबाट पर्ने सकारात्मक प्रभाव राम्रो भएकोले सम्पूर्ण सहभागीबाट एउटै प्रतिक्रिया आएको पाइन्छ । यसले सम्पूर्ण विद्यालय परिवारलाई नै हरेक क्षेत्रमा फाइदा पुऱ्याउँदछ ।

### ४.२.३ दण्डको सिकाइमा नकारात्मक प्रभाव

विद्यालयका प्रधानाध्यापकहरुसँग बालबालिकाहरुलाई दण्ड दिँदा पढाइ तथा सिकाइमा कस्तो नकारात्मक प्रभाव पर्दछ ? भनी सोधिएको प्रश्नमा जिज्ञासा यस्तो थियो – दण्ड आफैमा नराम्रो कार्य भएकोले यसका धेरै नकारात्मक प्रभाव रहेका छन् । विद्यार्थीहरु दण्ड दिने शिक्षकसँग सधैँ डराउने, नजानेको कुरा सोध्न नसक्ने, दण्ड दिने शिक्षकको आदर नगर्ने, विद्यालयमा कम उपस्थित हुने तथा बिचैमा विद्यालयबाट भाग्ने गर्दछन् । त्यसैगरी विद्यार्थी र शिक्षकबीच सुमधुर सम्बन्ध नहुने हुन्छ भने शारीरिक दण्डले विद्यार्थीहरुमा पीडाबोध, हीनताबोध भई शिक्षक तथा पढाइप्रति नराम्रो धारणा बन्ने जस्ता प्रभावहरु परेका प्रतिक्रिया दिएका छन् ।

यसैगरी शिक्षकहरुले भने दण्ड पाएका विद्यार्थीहरु कक्षामा निष्क्रिय तथा चुपचाप टोलाएर बस्ने, नजानेका कुरा नसोध्ने, पढाइप्रति उत्साहित नहुने, सृजनात्मक पक्षको विकास नहुने, चोटपटक लाग्दा नराम्रो भावनाको सोचाइ आउने, पढाएको कुरा बुझ्न नसक्ने, उपलब्धि स्तर घट्दै गएको, नकारात्मक प्रभाव परेको कुरा प्रतिक्रिया दिएका थिए । त्यसै सम्बन्धमा ज्ञानज्योति उच्च मा.वि. र नेपाल राष्ट्रिय मा.वि. का १/१ जना शिक्षकहरुको भनाइ यस्तो थियो :–

*"साना विद्यार्थीहरुलाई दण्ड दिँदा सिकाएको बुझ्दैनन् किनकि उनीहरुको दिमागमा डर सिर्जना हुन्छ भने ठूला कक्षाका विद्यार्थीहरुलाई दण्ड दिँदा उल्टो प्रतिकार गर्छन् कि भन्ने आफूलाई डर हुन्छ जसले गर्दा विद्यालयको वातावरण नै बिग्रन्छ तापनि दण्ड त दिनै पर्दछ । यसरी दिएको दण्डबाट उनीहरुलाई नकारात्मक प्रभाव परे पनि हामीलाई सकारात्मक प्रभाव परेको जस्तो लाग्दछ ।"*

यसैगरी विद्यार्थीका अनुसार दण्ड दिँदा आफूमा निरुत्साहित, हतोत्साही भावनाको सिर्जना, पढाइप्रति रुचि नलाग्ने, दण्ड दिने शिक्षकप्रति डर नलागेर उल्टो प्रतिकार गरौं भन्ने भावनाको सिर्जना हुने, दण्ड दिने शिक्षकले पढाएको नबुझ्ने र उक्त विषयमा कमजोर नतिजा आउने, आत्मग्लानी हुने प्रतिक्रिया थियो । यसै सन्दर्भमा श्री ज्ञानज्योति उच्च माध्यमिक विद्यालयको कक्षा ८ सेक्सन बी को विद्यार्थी र नेपाल राष्ट्रिय माध्यमिक विद्यालय निबुवा खड्कवार कक्षा ८ को विद्यार्थीको भनाइ यस्तो रहेको छ :–

> *"जब शिक्षकले पिट्दछन् त्यतिखेर डरको हौसला नबढेर उल्टो प्रतिकार गर्ने हौसला जागेर आउँदछ र कहिलेकाहीँ सोच्दछु । एस.एल.सी. दिएपछि उक्त शिक्षकलाई पिट्नुपर्दछ भन्ने भावना जाग्दछ, शिक्षकजति ठूलो म पनि छु, त्यसकारण दण्डबाट होइन साथीको सामु आफूलाई सम्झाइ, बुझाइ गर्दा बरु सकारात्मक सोच आउँदछ नत्र प्रधानाध्यापक र दण्ड दिने शिक्षकसँग अन्यथा नकारात्मक सोच पैदा हुन्छ र प्रतिकार गरिन्छ ।"*

अभिभावकसँग दण्डको नकारात्मक प्रभावसम्बन्धी जिज्ञासा राख्दा विद्यार्थीहरुले शिक्षकलाई आदर नगर्ने, विद्यालयमा दिएको दण्डको बदलाको भावना लिने, विद्यालय जान नमान्ने, बीचैमा विद्यालयबाट भाग्ने, पढाइप्रति चिन्तित नहुने जस्ता प्रभाव परेको उल्लेख गरेका छन् ।

खासगरी अत्यधिक रुपमा दण्ड पाउने र अत्यधिक रुपमा पुरस्कार पाउने विद्यार्थीको रेकर्ड हेर्दा यस्तो छ :– विद्यार्थीहरुको रेकर्ड अध्ययन गर्दा दण्ड पाउने विद्यार्थी विद्यालयमा कम आउने, कुनै आउँदै नआउने, आए पनि बीचैमा कक्षा छोडी भाग्ने, विद्यालयमा कम उपस्थिति देखियो । दण्ड पाउने विद्यार्थीको नतिजा हेर्दा अनिवार्य विषयहरुमा अनुत्तीर्ण भएको, उत्तीर्ण भएका केही विषयहरुमा पनि उत्तीर्ण अंक मात्र ल्याएको, दण्ड पाउने विद्यार्थी अनुशासनहीन, शिक्षकहरुसँग मुखमुखै लाग्ने, साथीहरुलाई विना कारण कुटपिट गर्ने, शिक्षकले दिनमा एकपटक अफिसमा ल्याएर प्रधानाध्यापकको जिम्मा लगाउने र प्रधानाध्यापकले दण्ड दिने गरेको पाइयो भने दण्ड पाउने विद्यार्थी, शिक्षक, प्रधानाध्यापकको सम्बन्धमा कमी देखियो । दण्ड पाउने विद्यार्थीको अभिभावक, शिक्षक र प्रधानाध्यापकसँग खासै राम्रो सम्बन्ध नरहेको तर कुनै कुनै अभिभावक भने दण्ड दिएकोमा शिक्षक र प्रधानाध्यापकहरु खुशी भई सम्बन्ध राम्रो हुने गरेको पाइयो ।

विद्यार्थीमा गरिएको घटना अध्ययनबाट के कस्तो सकारात्मक र नकारात्मक प्रभाव पारेको छ भनी केलाएर हेर्दा विद्यार्थीहरुमा दण्डले दिमागमा सधैंभरी पिटाइ मात्र सोच्ने, पढाइमा चाहना नहुने, मैले के गल्ती गरे जस्तो लाग्ने, किन दण्ड दिए होलान् भन्ने कौतुहलता

बढ्ने, प्रतिकार गर्न आत्मबल बढेर आउने, सकारात्मक सोच नहुने, नियमित दण्डको कारण पढाइप्रति सोच नहुने जस्ता नकारात्मक प्रभाव परेको प्रतिक्रिया पाइयो ।

माथिका कुराहरुलाई केलाएर हेर्दा दण्डबाट विद्यार्थीहरुलाई सकारात्मक प्रभावभन्दा नकारात्मक प्रभाव बढी पर्ने र शिक्षकसँग प्रतिकारमा उत्रिएपछि शिक्षकको समेत इज्जतमा दाग लाग्ने हुँदा दण्डको प्रयोग कम गरी पुरस्कारको प्रयोग बढी गर्ने कुरामा सबैको एकमत देखिन्छ । त्यसकारण शिक्षकहरुले विद्यार्थीहरुलाई दण्ड दिँदै नदिने यदि दिनुपरेमा कम भन्दा कम दण्ड दिएर शिक्षण गर्नु र दण्डको सट्टा पुरस्कारमा विशेष जोड दिनु पर्दछ । यदि पुरस्कार नदिए पनि उत्प्रेरणा हुने शब्दबाट उत्साहित बनाउनु उपयुक्त हुन्छ ।

### ४.२.४ पुरस्कारको सिकाइमा नकारात्मक प्रभाव

विद्यालयमा पुरस्कारले नकारात्मक प्रभाव पारेको छ कि छैन भन्ने जिज्ञासामा प्रधानाध्यापक र शिक्षकले खासै नपरेका प्रतिक्रिया थियो तर पनि पछि पुरस्कार पाएको कुनै विद्यार्थीले भने साथीलाई हेपेर बोल्ने गरेको, साथीसँग घमण्ड गर्ने, मात चढेको र व्यवहारमा परिवर्तन आएको, शिक्षकसँग टाढा हुँदै गएको, सधैं जान्ने हुँ भन्ने सोचाइ भएको प्रतिक्रिया थियो ।

माथिबाट के स्पष्ट हुन्छ भने विद्यालयमा विद्यार्थीको लागि पुरस्कार नै सबै पक्षको मुख्य कुरा हो भन्ने नभए पनि दण्डको तुलनामा पुरस्कारको नकारात्मक पक्ष कमी देखिन्छ । त्यसकारण पुरस्कार नै प्रयोग गर्ने राम्रो हो भन्ने कुरा स्पष्ट छ ।

## ४.३ दण्ड र पुरस्कार सम्बन्धी सरोकारवालाहरुको धारणा

दण्ड आफैमा अनुचित कार्य हो भने पुरस्कार उचित कार्य हो । यसले विद्यार्थीहरुमा पार्ने प्रभाव वा असर तथा निम्त्याउने प्रभाव बारेमा यस अगाडि नै चर्चा गरिसकिएको छ । यसमा यहाँ के दण्ड र पुरस्कारको आवश्यकता छ त ? भनी सोधिएका हरेक प्रश्नको जवाफमा सरोकारवालाहरु (प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावक) को धारणा समेटिएको छ ।

### ४.३.१ प्रधानाध्यापकको धारणा/प्रतिक्रिया

विद्यालयमा दण्ड र पुरस्कार दिने चलन परम्परागत रुपमै चलिआएको छ । जुन एक प्रकारको नराम्रो नियम हो भने एक प्रकारले राम्रो नियम हो । यसमा दण्डलाई निरुत्साहित र पुरस्कारलाई उत्साहित गर्नु पर्दछ । केही मात्रामा दण्डको आवश्यकता भए पनि शारीरिक तथा मानसिक रुपमा असर पुग्नेगरी दण्ड दिनु हुँदैन । बरु त्यसको सट्टा पुरस्कारले असर नपारी राम्रो प्रभाव पार्ने हुनाले पुरस्कारमुखी वातावरणमा, बालमनोविज्ञान बुझेर शिक्षण गर्नु पर्दछ । विद्यार्थीहरुलाई उत्साहित गर्नु रमाइलोसँग कक्षामा हौसलामुखी वातावरणको सृजना गर्नु

पर्दछ । जसले गर्दा विद्यार्थीहरुमा सिक्ने, पढ्ने कुरामा रुचि राख्दछन् । यदि शिक्षकले विद्यार्थीहरुलाई उत्साहित र हौसलामुखी गरी आवश्यक सल्लाह र सुझाव निर्देशन दिएर शिक्षण गर्न सकेमा दण्डको आवश्यकता हटाई पुरस्कार नभए पनि सम्वलनका माध्यमले शिक्षण गर्नुपर्ने भन्ने प्रतिक्रिया प्रधानाध्यापकले व्यक्त गरेका थिए ।

### ४.३.२ शिक्षकको धारणा/प्रतिक्रिया

शिक्षकको अनुसार विद्यालयमा दण्डलाई निरुत्साहित गरी सम्वलन र पुरस्कारलाई उत्साहित गर्नुपर्दछ तर यसका लागि हरेक शिक्षकहरु सचेत हुनुपर्दछ । एक शिक्षकले दण्ड दिने तर अन्यले नदिएर सम्वलन दिएमा विद्यार्थीहरुले नटेर्ने, हल्ला गर्ने हुन्छ । जसको कारण शिक्षण गर्न गाह्रो हुन्छ । त्यसैले विद्यार्थीहरुलाई दिइने दण्ड नियन्त्रण गरी पुरस्कार वा सम्वलन फैलाउनु सम्पूर्ण शिक्षकहरुको बराबरी भूमिका हुनुपर्दछ । शिक्षकले शिक्षण गर्दा दण्डको भन्दा पुरस्कार अवलम्बन गर्न सकिन्छ तर यसका लागि विद्यालय प्रशासनले सहयोग गर्नु पर्दछ । विद्यालय प्रशासनले पुरस्कारको व्यवस्था गर्न, शैक्षिक सामग्री तथा शैक्षिक वातावरणको सिर्जना गर्नुपर्दछ । विद्यार्थीहरुको भावनामा असर पुऱ्याउने तथा शारीरिक र मानसिक रुपमा असर पुऱ्याउने किसिमको दण्डको आवश्यकता हुँदैन तर पुरस्कार र उत्प्रेरणात्मक धारणाबाट विद्यार्थीहरुको सर्वाङ्गीण पक्षको विकास हुन्छ भन्ने थाहा भए पनि पुरस्कारको प्रयोग गर्न गाह्रो र खर्चिलो हुन्छ भन्ने धारणा राखेका थिए ।

### ४.३.३ विद्यार्थीको धारणा/प्रतिक्रिया

विद्यार्थीहरुले आफूलाई दण्ड दिँदा ज्यादै रिस उठ्ने, पढ्न मन नलाग्ने र साथीहरुले जिस्क्याउने गर्दछ, कहिलेकाहीँ विनाकारण पनि कुटाइ पाइने, आफूलाई कुट्ने शिक्षक मन नपर्ने हुँदा हौसला प्रदान गर्ने शिक्षकले पढाएको विषयमा बढी बुझिने र शिक्षक पनि मन पर्ने र उनीहरुको विषयमा राम्रो अङ्क ल्याइन्छ भनेका थिए । र ज्ञानज्योति उच्च माध्यमिक विद्यालय र नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका १/१ जना विद्यार्थीहरुको भनाइ यस्तो थियो :–

> *“म ठूलो भएपछि वा एस.एल.सी. पास भएपछि सरलाई कुट्नेछु र अहिले दिएको दण्डको सट्टामा पछि फर्नेछु । तत्काल दिएपछि विद्यालयबाट रेष्टिगेट गरेर कारवाही गर्दछन् । त्यसकारण यो रिस पछि पक्कै पोखिन्छ ।”*

यसबाट के स्पष्ट हुन्छ भने दण्डको प्रयोग गर्ने शिक्षकलाई विद्यार्थीहरुले नरुचाउने र पुरस्कार दिने शिक्षकलाई विद्यार्थीहरुले बढी रुचाउने गर्दछन् । त्यसकारण दण्ड होइन हौसला र पुरस्कार दिनु राम्रो हो भन्ने कुरा सबै सरोकारवालाको भएकोले हौसला र पुरस्कारबाट मात्र

शिक्षण गर्नु पर्दछ । यदि दण्ड दिनुपरे सुधारात्मक तथा सचेतात्मक तरिकाबाट असर नहुने गरी दिँदा त्यसले विद्यार्थीहरुमा खासै असर पार्दैन भन्ने कुरा स्पष्ट हुन्छ ।

### ४.३.४ अभिभावकको धारणा

अभिभावकको प्रतिक्रिया लिँदा केही अभिभावकहरुले विद्यार्थीहरुलाई सुधार्न, नराम्रो बानी हटाउन दण्डको प्रयोग गर्नुपर्दछ । दण्ड नदिँदा विद्यार्थीहरुले घरमा भनेको गर्छन्/गर्दछन् तर दण्ड दिने भन्दैमा घाउ लाग्नेगरी दण्ड दिनु हुँदैन । पुरस्कारमुखी तथा बालमनोवैज्ञानिक वातावरणबाट हौसलामुखी वातावरणमा शिक्षण गरी सिकाउनु पर्दछ । विद्यार्थीहरु सबैले जानेका हुँदैनन्, चन्चले हुन्छन्, हल्ला गर्छन् । त्यसो गर्दा उनीहरुलाई स्यावास, धन्यवाद, राम्रो, अति राम्रो जस्ता शब्दहरुबाट शिक्षण गर्नु पर्दछ, विद्यार्थीहरुको सुनौलो भविष्यतर्फ जोड दिने गर्दछ भन्ने धारणा व्यक्त गरेका छन् ।

माथिको विचार तथा प्रतिक्रिया अनुसार प्रधानाध्यापकहरुले शिक्षकमा कौशलता तथा सक्षमता भएमा दण्ड नदिएर हौसलाबाट पनि शिक्षण गर्न सक्ने बताएका छन् भने शिक्षकले सबै शिक्षकहरुको सामूहिक प्रयास तथा उचित वातावरण भएमा विद्यार्थीहरुलाई दण्ड बिना शिक्षण गर्न सकिने कुरा बताए । त्यसैगरी विद्यार्थीहरुले आफ्नो मनोभावना बुझेर दण्डमुखी नभई हौसलामुखी वातावरणबाट शिक्षण गर्ने कुरा बताए । अभिभावकहरुले पनि विद्यार्थीहरुलाई दण्ड होइन सम्झाइ बुझाइ गरी शिक्षण गर्नु उपयुक्त र विद्यार्थीहरुको भविष्य सुनौलो हुन्छ ।

समग्रमा सरोकारवाला सबैले दण्डलाई नकार्न नसके पनि यसको प्रयोग गर्दा सुधारात्मक तथा सचेतात्मक शैलीलाई अँगालेर दण्डको प्रयोग गर्नुपर्ने किनकि बिना दण्ड विद्यार्थीहरुलाई नियन्त्रण र अनुशासित तथा सक्रिय बनाउन सकिँदैन । पुरस्कारको सम्बन्धमा भने सबैको धारणा एउटै छ जसमा बालमनोवैज्ञानिक तथा वातावरणमुखी वातावरणमा हौसलामुखी तरिकाबाट गर्नुपर्ने र दण्डको भन्दा विशेषतः पुरस्कारलाई विद्यालयमा बढी प्रयोग गरी कमजोर विद्यार्थीहरु समेतलाई पुरस्कृत तथा हौसलामुखी प्रक्रियाबाट शिक्षण गर्ने प्रतिक्रिया स्पष्ट छ ।

# परिच्छेद – पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

यो अध्ययन बाँके जिल्लाको नगरउन्मुख कोहलपुर गा.वि.स. वडा नं. ४ भित्र "निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था" अध्ययनका लागि २ किसिमका (संस्थागत र सामुदायिक) गरी ४ वटा विद्यालयहरु छनोट गरिएको थियो । यी विद्यालयहरुबाट छनोटमा परेका प्रधानाध्यापकहरु, शिक्षक, विद्यार्थीहरु र अभिभावकहरुलाई गहन रुपमा अन्तर्वार्ता प्रश्नावली भर्न लगाइएको थियो भने विशेष रुपमा दण्ड र पुरस्कार पाउने विद्यार्थीहरको घटना अध्ययन, उनीहरुको विद्यालयमा राखिएको रेकर्डहरु पनि अध्ययन गर्नुका साथै शिक्षकहरुको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कक्षा शिक्षण अवलोकनका गरी प्राप्त सूचना, विचार, प्रतिक्रिया तथा जिज्ञासाहरुको गहन रुपमा अध्ययन गरी विश्लेषण तथा व्याख्या पश्चात् यस अध्ययनमा निम्नलिखित प्राप्तिहरु रहेका छन्, जसलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ :–

### दण्ड र पुरस्कार अवस्था सम्बन्धी प्राप्ति

विद्यालयमा विध्वंसात्मक कार्य गरेमा, विद्यालय सधैँ ढिलो आएमा, गृहकार्य र कक्षाकार्य कहिल्यै नगर्ने, कापी, किताब, कलम नलिई विद्यालय आएमा दण्ड दिने गरेको अवस्था प्रधानाध्यापक र शिक्षकबाट पाइयो भने शिक्षकले भनेको नमानेमा र कक्षा नियन्त्रण, अनुशासित र शान्त राख्न मात्र आफूहरुलाई दिने गरेको विद्यार्थीको प्रतिक्रिया पाइयो ।

विद्यालयमा पढाइमा उत्कृष्ट भएमा, अतिरिक्त क्रियाकलापमा उत्कृष्ट (प्रथम, द्वितीय र तृतीय) भएमा मात्र विद्यार्थीहरुलाई पुरस्कार दिने गरेको प्रतिक्रिया सबै सरोकारवालाहरुबाट पाइयो । प्रत्यक्ष तथा अप्रत्यक्ष कक्षा शिक्षण अवलोकनबाट शारीरिक होस्, मानसिक दुवै खालका दण्डका भागीदार भएको पाइयो । शारीरिक रुपमा गालामा झापड दिने, लट्ठीले पिट्ने, चिमोट्ने, रौँ उखेल्ने र मानसिक रुपमा जनावरको उपमा अनेक शब्द बोलेर नाम राख्ने, गालीगलौच गर्ने, साथीहरुको सामु कक्षामा लज्जित बनाउने, कक्षाकोठाबाट बाहिर निकाली दिने, रेष्टीगेट गर्ने समेत धम्की दिने जस्ता प्रतिक्रिया घटना अध्ययनबाट पाइयो भने पुरस्कारको नाममा परम्परागत शैलीको पठनपाठनको उत्कृष्ट र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भए मात्र पुरस्कार दिने गरेको पाइयो ।

शिक्षकले शारीरिक दण्डमा २० देखि १०० पटकसम्म कान समातेर उठबस गर्न लगाउने, कक्षाकोठा भित्र मुर्गा, जोकर बनाउने, साथीलाई पिट्न लगाउने, लट्ठी डस्टरले पिट्ने,

आँखीभौँ उखेलिदिने जस्ता अमानवीय शारीरिक दण्ड दिने गरेको पाइयो भने मानसिक दण्डमा प्रधानाध्यापकले कडा निर्देशन दिने, कक्षाबाट बाहिर निकालेर घर पठाइदिने, शिक्षकहरुले मूर्ख बदमास, साले गधा बाँदर भनी जनावरको उपमा नाम राख्ने, तल्लो कक्षामा लिएर राखिदिने, अन्धो, काले, फुच्चे गोरे भनी शारीरिक स्वरुपको आधारमा नाम राख्ने, होच्याएर बोल्ने, हप्काउने, गाली गर्ने जस्ता आत्मग्लानी हुने शब्दहरु बोलेर मानसिक दण्ड दिने गरेको पाइयो ।

शारीरिक र मानसिक दण्डको सामुमा विद्यालयमा आर्थिक पुरस्कार नदिएर भौतिक पुरस्कारहरु कापी, कलम, पेन्सिल, विद्यालय पोशाक, झोला, सामान्य ज्ञान, मेडल, प्रमाणपत्र सबै विद्यालयमा दिने गरेको पाइयो भने संस्थागत विद्यालयमा उत्प्रेरणात्मक शब्दहरु स्यावास, धन्यवाद, राम्रो, अतिराम्रो, अझै प्रयास गर भन्ने जस्ता शब्दहरुबाट उत्साहित गराउने गरेको पाइयो ।

सबै विद्यालयहरुमा विद्यार्थीहरुले नराम्रो काम गरेपछि अफिसमा प्रधानाध्यापकको जिम्मा लगाउने, विद्यार्थीहरुलाई ३ देखि ५ पटकसम्म सम्झाउने, अभिभावकलाई विद्यालयमा बोलाएर जानकारी गराउने विद्यालयमा गल्ती नदोहोऱ्याउने कागज गराउन र रेष्टिगेट समेत गर्ने गरेको पाइयो । त्यसैगरी ४ वटै विद्यालयमा पढाइमा उत्कृष्ट नतिजा ल्याउने, अतिरिक्त क्रियाकलापमा उत्कृष्ट भएमा पुरस्कार दिने व्यवस्था रहेको पाइयो । संस्थागत विद्यालयमा कक्षाकार्य तथा गृहकार्य सधैँ गरेमा पुरस्कार दिने व्यवस्था र सामुदायिक विद्यालयमा सधैँ सफा सुग्घर हुने गरेमा पुरस्कार दिने व्यवस्था पाइयो ।

विद्यालयमा विद्यार्थीहरुको बानी व्यवहार सुधार गर्न पढाइप्रति रुचि उत्प्रेरणा जगाउन, कक्षाकार्य, गृहकार्य नियमित गराउन, कक्षामा छलफल गर्ने बानीको विकास गराउन, कक्षाकोठा अनुशासित र शान्त राख्न, शिक्षकहरुले आफ्नो कमजोरी ढाकछोप गरिराख्न बिनाकारण दण्ड विद्यार्थीहरुले पाउने गरेको प्रतिक्रिया पाइयो भने पुरस्कारको सवालमा विद्यालय प्रशासनले पढाइमा उत्कृष्ट नतिजा ल्याउने र अतिरिक्त क्रियाकलापमा उत्कृष्ट नतिजा ल्याउने बाहेक अरु विद्यार्थीलाई पुरस्कार दिने गरेको पाइएन ।

**दण्ड र पुरस्कारबाट विद्यार्थीमा पाएको प्रभावसम्बन्धी प्राप्ति**

सुधारात्मक तथा सचेततात्मक रुपबाट दिएको दण्डले विद्यार्थीहरुको पठनपाठन कार्यमा ध्यान गएको, वानीव्यवहार सुधार भएको, बदमासी नगर्ने, अनुशासित हुने, विद्यालय समयमा आउने, कहिल्यै गृहकार्य नगर्ने विद्यार्थीहरुले गृहकार्य गर्ने गरेको, कक्षामा अनावश्यक हल्ला नगर्ने जस्ता सकारात्मक प्रभाव विद्यार्थीमा परेको पाइयो ।

विद्यार्थीहरुमा पठनपाठन कार्यमा ध्यान गएको,उत्साहित तथा उत्प्रेरित भएको, अनुशासित हुने गरेको, समयमा पोशाकसहित सधैँ विद्यालय आउने गरेको, कक्षाकार्य, गृहकार्य सधैँ गर्ने गरेको, अतिरिक्त क्रियाकलापमा भाग लिन रुचाउने, विषयवस्तुमा मेहनत गर्ने, शिक्षकसँग राम्रो सम्बन्ध भएको, निर्धक्कसँग बोल्ने, कुरा गर्ने जस्ता सकारात्मक प्रभाव पुरस्कारबाट विद्यार्थीमा परेको पाइयो । पुरस्कारले कुनै न कुनै विद्यार्थीहरुमा मात चढेर साथीहरुलाई हेप्ने, गाली गर्ने, घमण्डी बनाएको, आफै जान्ने हुँ भन्ने जस्ता नकारात्मक प्रभाव रहे पनि दण्डको तुलनामा पुरस्कारबाट नकारात्मक प्रभाव कमी परेको पाइयो ।

विद्यार्थीहरु दण्ड दिने शिक्षकसँग सधैँ डराउने, नजानेको कुरा सोध्न नसक्ने, शिक्षकप्रति आदर नगर्ने, बिचैमा कक्षा छोडेर विद्यालयबाट भाग्ने, कसैले विद्यालय नै छोडिदिने, पढाइ र शिक्षकप्रति नराम्रो धारणा भएको, पीडाबोध, हीनताबोध भएको, सृजनात्मक पक्षमा कमी लगायत दण्ड दिने शिक्षकप्रति प्रतिकार गर्ने आँट समेत आउने गरेकोले शारीरिक होस् वा मानसिक दण्डले विद्यार्थीहरुमा नकारात्मक प्रभाव परेको पाइयो । दण्ड पाउने विद्यार्थीको पढाइको स्तर खस्किएको, ६ वटा अनिवार्य विषयहरुमा फेल भएको, अन्य उत्तीर्ण भएका विषयहरुमा पनि ठिक उत्तीर्ण अङ्क मात्र ल्याएको, हाजिरी कम भएको वा बिचैमा कक्षा छोडेर भाग्ने, कसैले विद्यालय नै छोडेर गएको, हरेक दिन विद्यालयमा ल्याएर सम्झाउने गरेको, अतिरिक्त क्रियाकलापमा भाग नलिएको, प्रधानाध्यापक, शिक्षक तथा अन्य विद्यार्थीहरुसँग सम्बन्ध राम्रो नभएको, अनुशासनहीन भएको, विद्यालयको रेकर्ड अध्ययनमा पाइयो । विद्यार्थीलाई गोरु चुटेजस्तै गरी चुटेकोले दिमागमा हीनताबोध हुने, के गल्ती गरे ठूलो गल्ती होइन किन दण्डित भए भन्ने, आत्मबल बढेर प्रतिकारमा उत्रने जस्तो मनमा हुने, कौतुहलता जाग्ने, सकारात्मक सोच नहुने जस्ता नकारात्मक प्रभावहरु घटना अध्ययनबाट पाइयो ।

पुरस्कार प्राप्त गर्ने विद्यार्थी पढाइमा उत्कृष्ट भएको, अनिवार्य विषयमा ९० प्रतिशत भन्दा बढी र अन्य विषयमा ७५ प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने गरेको, सधैँ हाजिरी भएको, अतिरिक्त क्रियाकलापमा भाग लिने, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीसँग राम्रो सम्बन्ध भएको, अनुशासनमुखी, शान्त स्वभावको निर्धकता भएको, रेकर्ड अध्ययनबाट पाइयो । पुरस्कारबाट विद्यार्थीहरुमा उत्साहित बनाउने, स्वयमलाई पढ्नु पर्दछ भन्ने भावनाको विकास हुने,

हौसलामुखी भएर अझै राम्रो कोसिस गर्ने राम्रो पुरस्कार प्राप्त गर्न पाए साथीहरु सामु गौरवान्वित हुनेजस्ता सकारात्मक प्रभावहरु घटना अध्ययनबाट पाइयो ।

**दण्ड र पुरस्कार सम्बन्धी सरोकारवालाको धारणासम्बन्धी प्राप्ति**

सरोकारवालाहरुको धारणा समग्रमा कुनै पनि प्रकारको दण्ड प्रयोग गर्न नहुने प्रयोग गर्नै पर्ने भए सचेततात्मक तथा सुधारात्मक दण्डको प्रयोग गर्नुपर्ने, दण्डलाई निरुत्साहित गरी हौसलामुखी, बालमैत्री वातावरणमा, विद्यार्थीको मनोविज्ञानलाई ध्यान दिएर पुरस्कारमुखी वातावरण तयार गरी विद्यालयमा शिक्षण गर्नु पर्ने धारणा पाइयो ।

दण्ड दिनु उचित नभएकोले बालबालिकाको सर्वाङ्गीण पक्षको विकासमा यसले असर पुऱ्याउने हुँदा यसको आवश्यकतामा कमी महसुस गरी यसको सट्टा विद्यार्थीहरुलाई सम्झाइ, बुझाइ, सिकाइ, पुरस्कार, स्यावासी, राम्रो, अतिराम्रो, प्रयास गर, राम्रो हुन्छ भनी प्रजातान्त्रिक पद्धतिअनुरुप शिक्षण गर्नुपर्ने धारणाहरु सम्बन्धित सरोकारवालाहरुको रहेको पाइयो भने दण्डलाई त्याग गर्ने होइन, सुधार गरेर मात्र प्रयोगमा ल्याउने भन्ने प्रतिक्रिया/धारणा पाइयो ।

## ५.२ निष्कर्ष

विद्यार्थीहरुको सर्वाङ्गीण पक्षको विकास गर्ने र विद्यार्थीहरुको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउने जस्ता उद्देश्यअनुरुप सञ्चालन भएको हाम्रो शिक्षा व्यवस्था वा प्रणाली भए पनि कार्यान्वयनको पक्षमा भने खुकुलो भएको छ । शिक्षामा प्रजातान्त्रिक मूल्य मान्यता अनुरुप शिक्षा प्रदान गर्ने भनिए पनि नेपालमा सामुदायिक र संस्थागत विद्यालय गरी दुईखाले शिक्षा रही आएको छ । यस्ता दुवै विद्यालयमा हालसम्म पनि परम्परागत शैलीमा पठनपाठन कार्य सञ्चालन हुँदै आएको पाइन्छ । शिक्षकहरुमा उचित किसिमको योग्यता, दक्षता, तालिमको अभाव, बालमनोविज्ञान तथा बालमैत्री वातावरणको अभाव, शिक्षाशास्त्र सङ्कायबाट उत्तीर्ण गरेका शिक्षकहरुको अभावले हरेक विद्यालयमा सिकाइ वातावरण सौहार्द्रपूर्ण तथा उत्साहजनक हुन सकेको छैन । प्रधानाध्यापकहरुले निरंकुश नीतिनियमको व्यवस्था गरी शिक्षकहरुलाई कडा निर्देशन दिने गरेको, शिक्षकहरुले पनि परम्परागत तथा निरंकुश शैलीमा शिक्षण कार्य गर्ने गरेको पाइन्छ । उनीहरुले विद्यालयमा विद्यार्थीहरुलाई कुनै न कुनै रुपमा शारीरिक तथा मानसिक दण्ड दिने गरेको तर पुरस्कृत र हौसला दिन विद्यालयको मुख ताक्नु परेको अवस्था देखिन्छ ।

विद्यालयमा प्रधानाध्यापकले सबैलाई दण्ड दिनुभन्दा विध्वंसात्मक कार्य गर्नेलाई वा विद्यालयमा नराम्रो कार्य गर्ने विद्यार्थीहरुलाई दण्ड दिने गरे पनि कक्षाकार्य, गृहकार्य नगर्ने कहिल्यै नगर्ने, बानी व्यवहार खराब भएका, झोला नै नल्याएर विद्यालय आउने विद्यार्थीहरु

विशेषतः दण्डित हुने गरेको पाइन्छ भने पढाइमा उत्कृष्ट गर्ने तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीहरु मात्र पुरस्कृत हुने गरेको पाइन्छ । तर संस्थागत विद्यालयमा भने गृहकार्य कक्षाकार्य सधैँ गर्ने र अनुशासित विद्यार्थीलाई समेत पुरस्कृत गर्ने गरेको पाइन्छ ।

विद्यार्थीहरुलाई अनुशासित बनाउन उनीहरुमा रहेका बानी व्यवहार सुधार गर्न, पढाइमा अध्ययनशील बनाउन, कक्षा नियन्त्रित र शान्त गराउनको लागि विभिन्न अवस्थामा शारीरिक दण्डहरु २० देखि १०० पटकसम्म कान समातेर उठबस गराउने, कक्षाकोठा भित्र मुर्गा, जोकर बनाउने, लठ्ठी र डस्टरले हिर्काउने, कानतान्ने, रौँ उखेल्ने, साथीलाई पिट् लगाउने जस्ता कार्य गर्ने गरेको पाइन्छ भने मानसिक दण्डमा प्रधानाध्यापकले कडा निर्देशन दिने, कक्षाबाट बाहिर निकालेर घर पठाइदिने, मूर्ख, बदमास, साले गधा, कुकुर, बाँदर भनी जनावरको उपमा नाम राख्ने, गाली गर्ने, धम्की दिने, काले, अन्धो, फुच्चे, गोरे जस्ता नाम राखेर विद्यार्थीको मनोभावनामा गिरावट आउने शब्दहरु बढी प्रयोग गरेको पाइन्छ । शिक्षकले आफ्नो कमजोरी ढाकछोप गर्न, कक्षाकोठा अनुशासित तथा शान्त बनाउन विद्यार्थीलाई बिनाकारण दण्ड दिने तर पुरस्कार दिँदै नदिने गरेको पाइन्छ । विद्यालयमा विद्यार्थीहरुले भाषा नबुझेको कारण, भौतिक संरचनाको अभावको कारण, दक्ष तालिम प्राप्त शिक्षक नियुक्तिको कमी, बालमनोविज्ञान तथा बालमैत्री वातावरणको कमी, आइ.एड., वि.एड., एम.एड. अध्ययन गरेको शिक्षकको नियुक्तिको कमीको कारण प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा विद्यार्थीहरु दण्डित भइरहेको पाइन्छ । जसमा पनि विशेषगरी संस्थागत विद्यालयमा यसको कार्यान्वयन फितलो छ भने सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा बढी दण्डको प्रयोग गर्ने गरेको, कक्षा शिक्षण अवलोकनबाट पाइन्छ ।

त्यसैगरी उत्कृष्टलाई मात्र भौतिक पुरस्कार, कापी, कलम, पेन्सिल, झोला, ड्रेस, प्रमाणपत्र, मेडल दिने गरेको पाइन्छ । जसमा संस्थागतमा स्यावास, धन्यवाद, राम्रो, अतिराम्रो शब्दबाट उत्प्रेरित गर्ने गरेको पाइन्छ भने सामुदायिक विद्यालयमा सधैँ सफा सुग्घर भएमा मात्र पुरस्कृत गर्ने गरेको पाइन्छ ।

विद्यालयमा विद्यार्थीहरुले नराम्रो काम गरेपछि अफिसमा लिएर प्रधानाध्यापकको जिम्मा लगाउने, विद्यार्थीहरुलाई ३ देखि ५ पटकसम्म सम्झाउने, अभिभावकलाई बोलाएर जानकारी गराउने, गल्ती नदोहोऱ्याउन कागज गराउने, रेष्टिगेट समेत गर्ने व्यवस्था पाइन्छ । तर सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा नीतिनियमको व्यवस्था भए पनि कार्यान्वयन पक्षमा कमजोर पाइन्छ । पुरस्कार दिने व्यवस्था दुवैमा एउटै भए पनि संस्थागत विद्यालयमा गृहकार्य र कक्षाकार्य नियमित गर्ने र अनुशासित विद्यार्थीहरु समेतलाई पुरस्कृत गरे पनि सामुदायिक विद्यालयमा अनुशासित तथा सफा सुग्घर हुने विद्यार्थीलाई पुरस्कृत गर्ने गरेको पाइन्छ ।

विद्यालयमा विद्यार्थीहरु समयभित्र कक्षाकोठा भित्र नआएमा, कक्षाकार्य, गृहकार्य नगरेमा कक्षाकोठाबाट निकालिएमा, चकचक गरी झैँझगडा गरेमा शिक्षकले पढाएको समयमा बीचमा प्रश्न सोधेमा शारीरिक र मानसिक दण्डको प्रयोग बढी गर्ने हुँदा विद्यार्थीमा हीनताबोध, शिक्षकप्रति प्रतिशोधको भावना, आत्मग्लानी र बेइज्जत भई चिन्तत हुने कुरा घटना अध्ययनमा पाइन्छ भने प्रतिशोधको भावना भने संस्थागत विद्यालयका विद्यार्थीहरुभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुमा हुने गरेको पाइन्छ ।

विद्यालयहरुमा प्रधानाध्यापक र शिक्षकहरुद्वारा विद्यार्थीहरुलाई अनुशासित बनाउन, पठनपाठनमा अध्ययनशील बनाउन, कक्षा शान्त तथा नियन्त्रित गराउन, बदमासी गर्ने बानीमा सुधार ल्याउन, गृहकार्य कक्षाकार्य गर्ने बानीको विकास गर्नका लागि विभिन्न अवस्थामा शारीरिक तथा मानसिक दण्ड दिएको कारण विद्यार्थीहरुमा न्यून मात्रामा सकारात्मक प्रभाव परी बढी मात्रामा नकारात्मक प्रभाव परेको पाइन्छ । विद्यार्थीहरुलाई दण्ड दिँदा विद्यालय जान नमान्ने, बिचैमा कक्षा छोड्ने, विद्यालय जानै छोड्ने, उपस्थितिमा कमी आउने, पढाइप्रति रुचि नजाने, प्रतिशोध उत्पन्न भई शिक्षक, विद्यार्थी र अभिभावकबीच सम्बन्ध नराम्रो प्रभाव परी अभिभावक र विद्यालय बीच सहकार्यमा कमी आउने गरेको पाइन्छ । जसको कारण नकारात्मक प्रभाव बढी परेर विद्यार्थीमा जोसजाँगर, उत्साह, उत्कृष्टता, निर्धकता, मेहनत गर्ने बानीमा सुधार नभएको पाइन्छ भने यसको तुलनामा पुरस्कारबाट नकारात्मक प्रभाव न्यून मात्रामा परेको पाइन्छ ।

विद्यालयमा दण्ड दिनु अनुचित कार्य भए पनि सुधारात्मक र सचेतात्मक तवरबाट दण्ड दिनु पर्ने तर विद्यार्थीको सर्वाङ्गीण पक्षको विकासमा असर पर्नेगरी दण्ड दिन नहुने दण्डको सट्टा विद्यार्थीहरुलाई सम्झाइ बुझाइ स्यावासी राम्रो, अतिराम्रो, अझै प्रयास गर भने जस्ता प्रजातान्त्रिक पद्धतिअनुरुप पुरस्कारको माध्यमबाट शिक्षण गर्नुपर्ने धारणाहरु सम्बन्धित सरोकारवालाहरुको पाइन्छ तर समग्रमा दण्डलाई प्रयोग नगर्ने भन्दा पनि दण्डलाई सुधार गरेर प्रयोग गर्ने कुरा स्पष्ट पाइन्छ ।

निष्कर्षमा दण्ड र पुरस्कारको बारेमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक सबैले दण्ड अनुचित कार्य र पुरस्कार उचित कार्य भएको कुरामा सहमत छन् । विद्यार्थीहरुको भविष्य उज्यालो बनाउने, विद्यालयहरुमा विद्यार्थीको सर्वाङ्गीण पक्षको नराम्रो असर पुऱ्याउने खालका क्रियाकलाप कुनै पनि हालतमा गर्न नहुने कुरा बताएका छन् । विद्यार्थीहरुलाई दण्डको सट्टा सम्झाइ बुझाइ, सिकाइ, हौसला प्रदान गरी, पुरस्कारको माध्यमबाट सिकाइ, सञ्चालन गर्नुपर्ने सुझावहरु सबै पक्षबाट आएको पाइन्छ । त्यसैले दण्डलाई निरुत्साहित र पुरस्कारलाई प्रोत्साहित गर्न सबैले आ–आफ्नो पक्षबाट पहल गरी महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## ५.३ सुझाव

निम्न माध्यमिक विद्यालयमा दण्ड र पुरस्कारको अवस्था अध्ययन गर्ने क्रममा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावकका धारणा र प्रत्यक्ष अप्रत्यक्ष कक्षा शिक्षण अवलोकन, दण्ड र पुरस्कार पाएका विद्यार्थीहरुको घटना अध्ययन, यी विद्यार्थीहरुको विद्यालय रेकर्ड अध्ययनबाट प्राप्त सूचना र जानकारीहरुको विश्लेषण तथा व्याख्यापछि प्राप्तिका आधारमा दण्डलाई न्यूनीकरण र पुरस्कारलाई प्रयोगमा बढी गर्ने भन्ने मनसायले विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक तथा सम्बन्धित सरोकारवालाहरुलाई निम्न सुझावहरु प्रस्तुत गरिन्छ :

- दण्डले गर्दा विद्यार्थीहरुको सर्वाङ्गीण पक्षमा कमजोर महसुस भई सुधारात्मक भन्दा गिरावट आएर प्रधानाध्यापक र शिक्षकहरुप्रति नकारात्मक धारणाको प्रतिशोधको भावना विकास भएकोले त्यसलाई त्याग गरी पुरस्कृत र बालमनोभावना बुझेर मात्र शिक्षण गर्नुपर्ने ।

- विध्वंसात्मक कार्य गर्ने, विद्यालयमा नराम्रो कार्य गर्ने, विद्यार्थीहरुलाई पनि दण्डको माध्यमले सुधार गर्नेभन्दा उनीहरुलाई सम्झाइबुझाइ गरेर सुधारात्मक बाटोमा लाग्न उत्प्रेरित गर्ने ।

- विद्यालय पढाइमा र अतिरिक्त क्रियाकलापमा मात्र उत्कृष्ट हुनेलाई मात्र पुरस्कार दिनुभन्दा गृहकार्य, कक्षाकार्य गर्ने, इमान्दार, अनुशासित विद्यार्थीहरुलाई पुरस्कृत गरी अन्य कमजोर विद्यार्थीहरुमा चेतना जगाउने गरी पुरस्कारमा जोड दिए पनि प्रत्यक्ष रुपमा त्यस्तो विद्यार्थीहरुलाई कक्षाकोठामा अगाडि उभ्याएर प्रशंसा गर्ने र अरु विद्यार्थीहरुलाई उत्साहित पार्ने ।

- विद्यार्थीलाई कान समातेर २० देखि १०० पटकसम्म उठबस गराउने, जोकर, मुर्गा बनाउने जस्ता अमानवीय शारीरिक दण्ड र हरेक शब्दबोल्ने, कडा नियम बनाएर हतोत्साहित बनाउनुभन्दा विद्यालयमा सबै पक्ष मिलेर छलफल र सहकार्यमा नीति नियम बनाउनु पर्ने ।

- भौतिक पुरस्कारमा परिवर्तन गरी विद्यार्थीहरुले प्रत्यक्ष लाभ लिने पुरस्कारहरु लागू गर्नुपर्ने र भौतिक पुरस्कारमा विद्यार्थीलाई कोर्षको पाठ्यपुस्तक,

विद्यालयको ड्रेस लगायत के पुरस्कार विद्यालयले दिनुपर्ने र शिक्षकहरुलाई कक्षा शिक्षणको क्रममा पुरस्कारमुखी वातावरणबाट शिक्षण गर्न प्रधानाध्यापकले निर्देशन दिनुपर्ने ।

- शिक्षकहरुले विद्यार्थीलाई नराम्रो काम गरेपछि कक्षाकोठामा विद्यार्थीलाई सम्झाइ, बुझाइ आफ्नो कर्तव्य पालना गर्नु पर्ने तर अफिसमा लिएर प्रधानाध्यापक समक्ष बुझाउन नहुने, त्यसो गर्दा शिक्षकहरुको कमजोरी देखिने हुँदा आफैले समस्याको समाधान शिक्षकले गर्नुपर्ने ।

- अतिरिक्त क्रियाकलाप र पढाइमा उत्कृष्ट हुने बाहेक सफासुग्घर, अनुशासित, मेहनती, गरीब, दलित, कमजोर विद्यार्थीहरुलाई हौसलास्वरुप पुरस्कारको व्यवस्था सबै विद्यालयहरुमा गर्नुपर्ने ।

- विद्यार्थीहरुलाई सिकाइप्रति आकर्षित गर्न विद्यालयमा रमाइलो बालमैत्रीपूर्ण वातावरणमा र हौसलामुखी वातावरण तयार गरी शिक्षकले शिक्षण गर्नु पर्ने ।

- शिक्षकहरुले हरेक विद्यार्थीहरुका समस्यालाई नियालेर कमजोर विद्यार्थीहरुको घटना अध्ययन गरी के कारणले विद्यार्थी कमजोर भयो ? किन यस्तो गरेको होला भन्ने कुरा पत्ता लगाई बिना दण्ड समस्याको निराकरण गरी उक्त विद्यार्थीलाई पुरस्कृत गर्नुपर्ने ।

- विद्यालय तथा कक्षाकोठामा विद्यार्थीहरुलाई निरंकुशताको प्रयोग नगरी स्वतन्त्रतापूर्वक आफ्ना जिज्ञासाहरु राख्न सक्ने, नजानेको सहजै सोध्न सक्ने अनुभूति शिक्षकहरुले विद्यार्थीहरुलाई गराउनु पर्ने ।

- विद्यालयमा विद्यार्थीहरुमा गरिने दण्डलाई निरुत्साहित गरी पुरस्कारलाई प्रोत्साहित गर्न शिक्षकहरुलाई उचित तालिम, बालमनोविज्ञानको ज्ञान दिने व्यवस्था विद्यालय व्यवस्थापन समितिले गर्नुपर्ने ।

- शिक्षक नियुक्ति गर्दा सबै व्यक्तिबीच प्रतिस्पर्धा गर्नुभन्दा आइ.एड., बि.एड., एम.एड. तह उत्तीर्ण जनशक्तिबीच मात्र प्रतिस्पर्धा गराएर नियुक्ति गर्नुपर्ने तर

संस्थागत विद्यालयजस्तो अयोग्य नातेदारलाई मात्र शिक्षक नियुक्ति गर्ने भएको हुँदा शिक्षक नियुक्ति सम्ब्न्धमा जिल्ला शिक्षा कार्यालय र विद्यालय व्यवस्थापन समितिले अनुगमन गर्नुपर्ने ।

- विद्यार्थीहरुलाई दिएको दण्ड प्रति अभिभावकको गुनासो भएकोले विद्यालयले समुदायसँगको सम्बन्धमा सुधार गर्न प्रधानाध्यापक र शिक्षक बीच सहकार्य हुनुपर्ने ।

- शिक्षा प्रणालीमै भएको कमीकमजोरीको कारण विद्यार्थीहरु विभिन्न रुपमा अप्रत्यक्ष दण्डित भइरहेकोले यसप्रति शिक्षाविद् पाठ्यक्रमविद् तथा मनोवैज्ञानिकको सहकार्यमा पाठ्यक्रम तयार गरी सुधार गर्नुपर्ने ।

- विद्यालयमा प्रधानाध्यापकले शिक्षकले गरिरहेको शिक्षण, विद्यार्थीहरुलाई गर्नुपर्ने व्यवहारको अनुगमन गर्नुपर्ने र प्रधानाध्यापक वा विद्यालयले बनाएका नीति नियम र व्यवस्थाप्रति जिल्ला शिक्षा कार्यालयले समय–समयमा अनुगमन गर्नु पर्ने ।

- विद्यार्थीहरुलाई सिकाइ क्रियाकलापमा बढीभन्दा बढी हौसला, प्रोत्साहन गर्न धन्यवाद, स्यावास, पुरस्कार तथा प्रशंसामा वृद्धि गर्न सामुदायिक विद्यालयले जोड दिनु पर्ने ।

- दण्डबाट विद्यार्थीहरुमा नकारात्मक प्रभाव बढी परेको र सकारात्मक प्रभाव कम परेकोले दण्डका वैकल्पिक उपायहरु जस्तै प्रजातान्त्रिक वातावरण र अनुशासन तथा राम्रो व्यवहार शिक्षकहरुले अँगाल्नु पर्ने ।

- पुरस्कारबाट विद्यार्थीहरुमा सकारात्मक प्रभाव बढी परेकोले यसलाई हाल कार्यान्वयन गरिएको भन्दा बढी शीर्षकमा जोड दिनुपर्ने तर पुरस्कारबाट नकारात्मक प्रभाव परेको विद्यार्थीहरुलाई समयमै सचेत गराउनु पर्ने ।

- शारीरिक तथा मानसिक दण्डबाट विद्यार्थीहरुमा गम्भीर प्रभाव पुऱ्याउने खालका दण्ड दिने प्रधानाध्यापक तथा शिक्षकलाई विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा अधिकारीले विभागीय कारवाही गर्न सक्ने व्यवस्था

हुनुपर्ने र पुरस्कारबाट पर्ने राम्रो प्रभावलाई केलाएर कार्यान्वयन गर्ने विद्यालयमा सम्पूर्ण कर्मचारीलाई जिल्ला शिक्षा कार्यालयले सम्मान गर्नुपर्ने ।

- आफ्ना छोराछोरीले पाउने दण्डको र त्यसले पार्ने प्रभावहरुका बारेमा अभिभावकहरु समयमै सचेत हुनुपर्ने र आफ्ना छोराछोरीले प्राप्त गर्ने पुरस्कारलाई बढावा दिन अभिभावकहरुले विद्यालय र उसको आम्दानीको स्रोतमा सहयोग गरी कार्यान्वयनमा समय समयमा घच्घच्याउनु पर्ने ।

- विद्यालयमा विद्यार्थीहरुलाई दिइने शारीरिक दण्डलाई प्रतिबन्ध लगाई पुरस्कारलाई कार्यान्वयन गर्ने व्यवस्था राज्यले गर्नुपर्ने ।

# सन्दर्भसामग्री


अधिकारी, विष्णुप्रसाद (२०६६), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौँ : आशिक्ष बुक्स हाउस ।

अयडी, रतन (२०६६ फागुन), “पत्रकारिता छोडेर शिक्षक भन्ने जम्काभेट” *अन्तर्वार्ता, शिक्षक मासिक,* पाटनढोका, ललितपुर, पृ. ६४ ।

आचार्य, चित्रकुमार (२०६६), *दण्डहीनता,* स्मारिका, सानोठिमी, भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

आचार्य, नन्दकुमार (२०६६), “हाम्रो विद्यालयको शिक्षण सिकाइमा दण्ड र पुरस्कारको अवस्था कस्तो छ ?” *पाठ्यक्रम तथा मूल्याङ्कन सम्प्रेषण,* काठमाडौँ : त्रि.वि. ।

जि.वि.स. (२०६७/६८), एकीकृत वार्षिक जिल्ला विकास योजना, रुकुम : जिल्ला विकास योजना ।

के.सी., टंक (२०६५), *दण्डको सिद्धान्त,* बागबजार, काठमाडौँ : नायक सुब्बा दिग्दर्शन गुडविल पब्लिकेशन, पृ. १६४–१६६ ।

खनाल, पेशल (२०६४), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : स्टुडेन्ट्स बुक एण्ड पब्लिशर्स ।

घिमिरे, पुण्यप्रसाद (२०६६), *अभिभावक तथा शिक्षकबाट बालबालिका किन दण्डित हुन्छन् ?* लेख स्मारिका, सानोठिमी, भक्तपुर : जनक शिक्षा सामग्री केन्द्र ।

घिमिरे, पुण्यप्रसाद (२०६७), “शिक्षणमा उत्प्रेरणाको उपयोग”, *शिक्षक शिक्षा स्मारिका* पत्रिकामा प्रकाशित लेख, सानोठिमी, भक्तपुर : नेपाल सरकार शैक्षिक जनशक्ति विकास केन्द्र ।

घिमिरे, रोहिनीप्रसाद (२०६७ साउन), "शिक्षकको जागीर, मनका कुरा", *शिक्षक मासिक* पत्रिकामा प्रकाशित लेख, पाटनढोका, ललितपुर, पृष्ठ १२ ।

घिसिङ्ग, रामसिंह (२०६६ माघ), "जो इमान्दार उही सम्मानित" मतअभिमत, *शिक्षक मासिक* पत्रिकामा प्रकाशित लेख, पाटनढोका, ललितपुर, पृ. २५ ।

जोशी, वाल्मीकिप्रसाद (२०६५), *प्रा.वि. तहमा शिक्षकको पेशागत दक्षता,* पाठ्यक्रम तथा मूल्याङ्कन विभागबाट स्वीकृत अप्रकाशीत शोधपत्र, शिक्षाशास्त्र संकाय, त्रि.वि. काठमाडौँ, कीर्तिपुर ।

नेपाल अन्तरिम संविधान (२०६६) ।

नेपाल, मोदनाथ (२०६६), सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइको तुलनात्मक अध्ययन, शैक्षिक योजना तथा व्यवस्थापन विभागबाट स्वीकृत ( अप्रकाशित शोधपत्र) शिक्षा शास्त्र संकाय त्रि.वि., काठमाडौँ, कीर्तिपुर ।

पराजुली, तीर्थराज (२०६६), "संवाद शिक्षक तालिम शिक्षकका संस्मरण" *शिक्षक मासिक,* पाटनढोका, ललितपुर, पृ. २५ ।

पौडेल, आनन्द (२०६६), "मित्रता जीवन्त अनुभवको पानाबाट नियाल्दा", *शिक्षा पत्रिका*मा प्रकाशित लेख, सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, पृ. ३१–३३ ।

बोहरा, शेरबहादुर (२०६५), *प्राथमिक विद्यालयको कक्षा शिक्षणम ादण्डको अवस्था,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र संकाय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, त्रि.वि. कीर्तिपुर ।

शैक्षिक जनशक्ति विकास केन्द्र र सेभ द चिल्ड्रेन (२०६४), *सजायरहित शिक्षण सिकाइ तरिका,* सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

शर्मा, गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमाडौँ : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र शर्मा निर्मला (२०६३), *शिक्षा मनोविज्ञान,* काठमाडौँ : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा ढकाल, रमेशहरि (२०६७ पौष), "म एक विशुद्ध शिक्षक", *शिक्षक मासिक*मा प्रकाशित लेख, पाटनढोका, ललितपुर, पृ. २०–२१ ।

शर्मा, रामनाथ र शर्मा, राजेन्द्रकुमार (१९९६), शिक्षा दर्शन, नयाँ दिल्ली: एटलान्टिक पब्लिशर्स एण्ड डिष्ट्रीव्युटर्स ।

शिक्षा विभाग (२०६३/०६४), शिक्षा विभागद्वारा गरिएको एक अध्ययन प्रतिवेदन, नेपाली रुपान्तरण, सानोठिमी, भक्तपुर : शिक्षा विभाग ।

सयपत्री, माधव (२०६७ असोज), *पैसा हैन, पुस्तक दिनु भन्ने मनका कुरा,* शिक्षक मासिक, पाटनढोका, ललितपुर, पृ. १२ ।

सुब्बा, रोशन (२०६६ असार ११), *बालबालिकाको सजाय,* लेख कान्तिपुर दैनिकमा प्रकाशित लेख, २०६६, असार ११ ।

सिविन नेपाल (२००९), *विद्यालयमा बालबालिकाहरुलाई दिएको दण्ड सम्बन्धी घटना संग्रहित फाइल,* काठमाडौँ, सोल्टीमोड ।

जिल्ला विकास समिति रुकुम र सेभ द चिल्ड्रेन (२०६६), *रुकुमका विद्यालयहरुमा बालसुलभता र रजायको अवस्था विश्लेषण,* जिल्ला विकास समिति, रुकुम र सिविन नेपाल, पृ. १५–१८ ।

रेडियो ९० एफ.एम. (२०६७, फागुन १७), नेपाल दर्पण, साँझ ८ बजे प्रसारित समाचार ।

Best, J.W. and Kahan, J.V. (1995). *Research in Educaiton,* New Delhi : Prentice Hall of India Pvt. Ltd.

Bhandari, Neha (2006). *Working Against and degrading/Humiliating Punishment,* Sundhara, Kathmandu : Save the Children.

CERID (1999). *A Study on Dropout in Primary Education.* Kathmandu : CERID, A Research Report.

Chauhan, S.S. (1996). *Advance Educational Psychology.* New Delhi : Vikash Prakashan House.

Dandekar, W.N. (1997). *Psychological Foundation of Education*. Madras, India : MacMillan India Limited.

Dececco, J.P., crawford, William R. (1977). *The Psychology of Learning and Instruction.* New Delhi : Prentice Hall of India.

Gupta, Rambabu (1997). *Educational Psychology,* New Delhi : New Publishing House.

Mazar, James E. (1989). *Learning and Behaviour.* New Delhi : Prentice Hall of India Pvt. Ltd.

Woolfolk, Anita (2006). *Educaitonal Psychology (9th ed.).* Dorling Kindersley India, New Delhi : Punchsheel, Park.